सर्वाधिक बिक्री हुने

# साप्ताहिक

सबैको लागि सम्पूर्ण पत्रिका

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.




● वर्ष १६ ● अंक ३१ ● काठमाडौं, शुक्रबार, पुस ९, २०६७ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, Dec 24, 2010 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १२/-





**सर्वेक्षणमा**

**हास्यकलाकार**
दीपाश्री निरौला,
कुञ्जना घिमिरे,
मोडल बिनिता बराल,
सलिना खड्का,

**गायिका**
आगन्तुक खरेल,
दुर्गा पोखरेल,
नलिना चित्रकार,
अञ्जना गुरुङ,

**नायिका**
नेहा निरौला, जिया केसी,

**भिजे**
सबि कार्की,

**आरजे**
कला सुब्बा,

**कोरियोग्राफर**
जयन सुब्बा मानन्धर

## महिलाको आँखामा जे छ !

# पहिलो नजरमा पुरुषको के हेर्छन् युवतीहरू ?

● कृष्ण भट्टराई ●

सुन्दर वस्तु सबैलाई मन पर्छ । आँखाले प्रायः सुन्दर वस्तु नै खोज्छन् । गायिका आनी छोइङ डोल्माको लोकप्रिय गीत 'फूलको आँखामा फूलै संसार...' ले पनि दृष्टिकै वर्णन गर्छ । हेर्ने दृष्टिकोण फरक हुनसक्छ, तर हेर्नुपर्ने वस्तु एउटै भयो भने मानिसको पहिलो नजर केमा पर्ला ? आधुनिक समाजका नेपाली महिलाहरूको आँखामा के होला ? विवाहित तथा अविवाहित महिलाहरू पुरुषमा सबैभन्दा पहिले के हेर्न चाहन्छन् ? साप्ताहिकले करिब दुई दर्जन सेलिब्रेटी तथा केही छात्रामाझ पुरुषको कुन कुरा सबैभन्दा बढी हेर्छन् भनेर एउटा संक्षिप्त सर्वेक्षण गरेको थियो ।

सर्वेक्षणका क्रममा एक युवती पहिलो नजरमा पुरुषमा के हेर्न चाहन्छिन् ? भन्ने जिज्ञासा राखिएको थियो, जसको जवाफमा विविधता पाइएको छ । सहभागी सबै युवतीको जवाफ एकै ठाउँमा भेला पर्दा यस्तो निष्कर्ष निस्कियो- 'क्युट, फन्नी, गुड लुकिङ, स्मार्ट, खुसी दिन सक्ने, आत्मविश्वासी, पैसा भएको, राम्रो बडी ल्याङ्वेज तथा स्टाइलिस ।'

सर्वेक्षणले केही आश्चर्यजनक परिणाम पनि देखायो । सबै वर्गका महिला समेटिएको यो सर्वेक्षणमा झन्डै ८० प्रतिशत महिलाले पुरुषको व्यक्तित्वलाई सबैभन्दा बढी हेर्ने वस्तुका रूपमा लिएका छन् ।

'झट्ट हेर्ने भनेकै पुरुषको समग्र व्यक्तित्व नै हो, दीपाश्री निरौला भन्छिन्- 'बोल्दै नबोली पुरुषको बानी-बेहोरा कस्तो छ भन्ने कुरा थाहा पाइँदैन । मेरो मात्र होइन, प्रायः सबैको पहिलो नजर पुरुषको व्यक्तित्वमै जान्छ । म त सबैभन्दा पहिले अर्थात् झट्ट हेर्दा पुरुषको आउटलुक राम्रो हुनुपर्छ भन्छु ।' दीपाश्रीका अनुसार पुरुष बाहिरबाट हाइफाइ भएर मात्र हुँदैन, भित्री आवरण पनि राम्रो हुनुपर्छ । नारीलाई इज्जत गर्छ कि गर्दैन, माया गर्ने स्वभावको छ कि छैन र मनको धनी छ कि छैन ? किनभने मलाई सफा मन भएका पुरुष मन पर्छन् ।

बिनिता बरालको धारणा केही पृथक् छ । उनको पनि पहिलो नजर त पुरुषको व्यक्तित्वमा नै छ, तर उनी पुरुषको महिलाप्रति हेर्ने दृष्टिकोण कस्तो छ भन्ने कुरामा पनि उत्तिकै ध्यान दिन्छिन् । 'पुरुषको पहिरनले पनि ऊ कस्तो परिवारको हो, कस्तो पेसामा छ भन्ने कुरा अनुमान गर्न सकिन्छ, बरालको तर्क छ- 'एउटी युवतीले पुरुषको आकर्षक व्यक्तित्वमा मात्र भर पर्नु हुँदैन, उसको पारिवारिक

बाँकी पृष्ठ ७ मा



## ● क्यासेट ●





### प्रेमपत्र

विधा : पप/आधुनिक
गायन : महेश गुरुङ, रीमा गुरुङ होडा
संगीत : अनुपदीप गुरुङ, किरण तुलाधर
गीत : लक्ष्मीप्रसाद जोशी, शैलेन चेम्जोङ, अशोक चेम्जोङ, टीका चाम्लिङ, कुमार इश्वो तथा सुमन पोखरेल ।
गीत संख्या : दस
उत्पादक : लिमिटेड अडिसन




### मैना

विधा : पप/आधुनिक
गायन : मेघ लामा
गीत/संगीत : सुसन लामा, राहुल प्रधान, मेघ लामा, भरत सिटौला, जेम्स प्रधान, भूपेन्द्र खड्का, नरेश भट्टराई, रमेश अधिकारी, भूपेन्द्र निराजन
गीत संख्या : आठ
उत्पादक : रिबेल क्रिएसन




### मोमेन्ट्स

विधा : पप
गायन : महेश थुलुङ राई
गीत/संगीत : भुवन थुलुङ तथा महेश थुलुङ राई
गीत संख्या : सात
उत्पादक : भाइब्स क्रिएसन

## ● रंगमञ्च ●

### सुइना कर्णालीका

पुरानो बानेश्वरस्थित गुरुकुलको रिमाल नाटकघरमा खस भाषाको नाटक 'सुइना कर्णालीका' (सपना कर्णालीको) मञ्चन भैरहेको छ । सुमन मल्लको लेखन तथा सुनिल पोखरेलको निर्देशन रहेको यो नाटकमा कर्णाली क्षेत्रको गाथा संग्रहित गरिएको छ । नेताहरू हेलिकप्टर चढेर कर्णाली पुग्छन् र त्यहाँको सौन्दर्यको बखान गर्छन्, तर उनीहरूले कहिल्यै कर्णालीवासीको दुःखमा मल्हम लगाएनन् । नाटकको केन्द्रीय पात्र पुन्नबहादुर विश्वकर्माले कर्णालीको उज्ज्वल भविष्यको सपना देख्छ । नातिनीको हात समाएर भारी बोक्दै कुनै पसलको आँगनमा बास बस्न पुगेका पुन्नबहादुर भोकै सुत्न बाध्य हुन्छ । सपनामा उसले कर्णाली क्षेत्रमा विकसित, सम्पन्न र सुखी जिन्दगी देख्छ । उसको सपनामा कर्णाली संघीय भैसकेको हुन्छ । मुख्यमन्त्रीदेखि राज्यमन्त्रीसम्म सबै कर्णालीको विकासमा कटिबद्ध भएर लागिरहेका हुन्छन् । कर्णाली क्षेत्र विकास भैरहेको हुन्छ । सात वटा एयरपोर्ट, सयौं हवाईजहाज, विश्वविद्यालय, मेट्रो रेल, जडिबुटीका उद्योग, सार्क मुलुक मात्र होइन, अमेरिकादेखि काम गर्न आएका मजदुर, विदेशमा उत्पादनहरूको निर्यात जस्ता पुन्नबहादुरको अकल्पनीय सपनामा त्यतिखेर हाँसो उठ्छ, जब देशका प्रधानमन्त्रीले कर्णालीको केन्द्र सरकारसँग ऋण अनुदान माग्छन् । त्यति मात्र होइन, नाटकमा नेता र मन्त्रीहरूको विसंगतीहरू पनि औल्याइएको छ ।

नन्दबहादुर खत्री, गगनबहादुर बुढा, सुमन मल्ल राजेशप्रसाद खत्री, कविराज भाम, आशिषकुमार मल्ल, माया खड्का, रामबहादुर रावल, पूर्णहादुर भाम, राज्यलक्ष्मी मल्ल, सम्भव सुनार, मोहनसिं नेपाली, धनबहादुर बिटालु, अरमान केसी, तारादेवी मल्ल, लक्ष्मण रोकाया, कमल नेपाली, इरानी सुन्दरी भाम, भीमप्रसाद सजुवाल, सूर्यमणि हमाल, रूपबहादुर, हरिचन्द्र रावत, कल्पना बूढा आदि कलाकारले अभिनय गरेको यो नाटक पुसको २५ गतेसम्म मञ्चन हुनेछ ।

## ● सहरमा सिनेमा ●

**तीस मार खाँ** : क्युएफएक्स सेन्ट्रल सिनेमा, सिभिल मल/गोपीकृष्ण, चाबहिल/ जयनेपाल, हात्तीसार/विग सिनेमा, सिटिसेन्टर

**भगवान सबैको** : विश्वज्योति, जमल/गंगा, बालाजु/गोपीकृष्ण, चाबहिल/ गुण, ग्वार्को/बाराही, भक्तपुर

**कसलाई दिउँ यो जोवन** : गोपीकृष्ण, चाबहिल/गुण, ग्वार्को/बाराही, भक्तपुर

**धर्मा** : कुमारी, कमल पोखरी/गुण, ग्वार्को/बाराही, भक्तपुर/गोपीकृष्ण, चाबहिल

**खुसी** : गोपीकृष्ण, चाबहिल/पुष्पाञ्जली, जडिबुटी/गुण, ग्वार्को

**नार्निया** : क्युएफएक्स सेन्ट्रल सिनेमा, सिभिल मल/कुमारी, कमलपोखरी

## ● लाइभ ●

### क्रिसमस इन द सिटी

**आयोजक** : क्लब प्लाटिनम
**विशेषता** : क्रिसमस इभ डान्स पार्टी
**आकर्षण** : डिजे राजु, डिजे विकास, डिजे पुनित आदि ।
**स्थान** : क्लब प्लाटिनम, होटल याक एन्ड यति
**मिति** : पुस ९ गते, शुक्रबार, **समय** : साँझ ७ बजेदेखि ।
**टिकट दर** : रु. ७०० र ११०० कम्प्लिमेन्ट्री ड्रिङ्कसका साथ ।

### क्रिसमस इभ मेनिया २०१०

**आयोजक** : पार्टी एक्सप्रेस
**विशेषता** : क्रिसमस इभ मनाउने
**आकर्षण** : डिजे कुल, डिजे राजेक्स, डिजे सोभित, डिजे भितालको डिजेइङ्का साथ बि-बोइङ, कोरियोग्राफर प्रशान्त ताम्राकारको फेसन सो ।
**स्थान:** द एभरेष्ट होटल, नयाँ बानेश्वर,
**मिति** : पुस ९ गते, शुक्रबार
**समय** : साँझ ७ बजेदेखि ।

## ● ग्यालरी ●

### पिस २०१०

विभिन्न कविहरूको कवितामा विभिन्न कलाकारहरूले कोरेका चित्रहरूको प्रदर्शनी हिजो बिहीबारदेखि बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा सञ्चालन भैरहेको छ । 'पिस २०१०' शीर्षकको कविता र चित्रकलाको यो प्रदर्शनीको आयोजना नर्वेजियन राजदूतावासले गरेको हो । प्रदर्शनी पुस २० गतेसम्म चल्नेछ ।

### विन्टर आर्ट कलेक्शन

जापानी कलाकारहरू युकी शिरइ तथा माकोटो केजेयामाका साथ स्वदेशका कलाकारहरू शशी शाह, वीरेन्द्रप्रताप सिंह अनि महिला कलाकार समूह 'वागन'का रागिनी उपाध्याय ग्रेला, एरिना ताम्राकार, प्रमिला बज्राचार्य, सुनिता राणा, संगी श्रेष्ठ, विधाता केसी र चन्द्रा श्रेष्ठको संयुक्त चित्रकला प्रदर्शनी 'विन्टर आर्ट कलेक्शन' ललितपुरको झम्सीखेलस्थित काठमाडौं कन्टेम्पररी आर्टस् सेन्टरमा सञ्चालन भैरहेको छ । गत आइतबार प्रारम्भ भएको प्रदर्शनी आज शुक्रबारसम्म चल्नेछ ।

### ग्रुप एचिङ प्रिन्ट प्रदर्शनी

कलाकारहरू रुक्मणि, मञ्जु स्याउला, सन्तोष सिंदेल तथा टीकादत्त दाहालले एचिङ आर्टको प्रदर्शनी थालेका छन् । प्रदर्शनी ललितपुरको कुम्भेश्वर मन्दिर जाने बाटोमा अवस्थित कोबहाल टोलको नेवा छे आर्ट ग्यालरीमा राखिएको हो । जिंक प्लेटमा विशेष प्रविधिबाट चित्रकला बनाइने एचिङ कलालाई ललितकला क्याम्पसले चित्रकलाको अध्ययनमा अनिवार्य राखिएको छ । प्रदर्शनी पुस २१ गतेसम्म जारी रहनेछ ।

## ● पुस्तक ●

### भोजपुरीमा गीता

आदिकवि भानुभक्त आचार्य रचित रामायणलाई केही वर्षअघि भोजपुरी भाषामा अनुवाद गरिसकेका नेपाली, हिन्दी र भोजपुरी भाषाका लेखक मुकुन्द आचार्यले श्रीमद्भागवद्गीता पनि भोजपुरी भाषामा अनुवाद गरेका छन् । उक्त कृतिको मूल्य १ सय रुपैयाँ छ । कृतिको प्रकाशन वीरगन्ज आदर्शनगर निवासी भोजपुरी भाषा तथा साहित्यप्रेमी ओमप्रकाश जैसवालले गरेका हुन् । भोजपुरी साहित्यमा चिरस्थायी ग्रन्थ दिने उद्देश्यले आफूले भोजपुरीमा रामायण र गीताको अनुवाद गरेको लेखक आचार्यले बताए । नेपालको तेस्रो बढी बोलिने भाषा भए पनि भोजपुरी साहित्यमा ग्रन्थहरूको अभाव रहेको र त्यसमा पनि धार्मिक ग्रन्थहरू न्यून रहेकाले आफूले भोजपुरी भाषाभाषीको सेवाका लागि यो कृतिको अनुवाद गरेको आचार्यले बताएका छन् ।


## ● सहरको स्वाद ●



### थाइ सलाद

थाइल्यान्डका परिकार नेपाली जिब्रोमा पनि बसी सकेको छ । जावलाखेलको जिप्रका नजिकै रहेको भिल्ला रन्देभु रेष्टुराँको मेनुमा रहेको पौष्टिक एवं जैविक परिकार थाइ सलाद उक्त रेष्टुराँमा आउने ग्राहकहरूले निकै रुचाउने सञ्चालक रमेश बताउँछन् । उसिनेको कुखुराको मासु, प्याज, बन्दा, काउली, सिमी आदि तरकारीको समिश्रणमा थाइ मसला हालेर तयार पारिन्छ । त्यत्तिकै खान वा विभिन्न पेय पदार्थ पिउँदै यसलाई स्न्याक्सका रूपमा पनि प्रयोग गर्न सकिन्छ ।

**मूल्य : रु. १८० । (प्रति प्लेट)**



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



## यो साताको पञ्चाङ्ग

पुस १० गते : ईसाई धर्मावलम्बीहरूको क्रिसमस पर्व, १५ गते : तमु ल्होसार

### मेष

मनमा बढ्ने उत्साहले काममा सफलता मिल्नेछ । धन आर्जन गर्ने अवसर जुट्नेछ भने पहिलो भेटमै सहयोगको प्रस्ताव आउनेछ । व्यवसायमा सफलता हात पर्नेछ । प्रेम गर्ने अवसर मिल्नेछ, तैपनि काममा अवरोध आउने र चिन्ता बढ्ने योग छ । समयमा निर्णय नहुँदा हात परेको काम फुत्कन सक्छ ।

### मिथुन

बोलीको प्रभाव बढ्नुका साथै काममा सफलता मिल्नेछ । व्यवसायमा गरेको लगानी फलदायी रहनेछ । अरूको विश्वास सजिलै जित्न सकिनेछ भने ठूला व्यक्तिले भरोसा गर्नेछन् । मित्रहरूको काममा समय बित्नेछ भने आफ्नै काममा अवरोध आउनेछ । अध्ययनमा बाधा खडा हुनेछ भने परिवारको आलोचनाको सामना गर्नुपर्ला ।

### सिंह

खर्चको गति तीव्र हुनुका साथै विवादको सामना गर्नुपर्ला । भोजभतेरको सम्भावना भएकाले खानपानमा विचार प्युाउनुपर्नेछ । पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । आफन्तको सहयोग मिल्ने भए पनि सफलताका लागि आफैले प्रयास गर्नुपर्ला । राजनीतिमा पनि सफलता पाइनेछ । रिसमा धैर्यता अपनाउनुहोला ।

### तुला

व्यवसायमा सुधार आउनेछ । यात्रा गर्ने अवसर जुट्नेछ भने पहिलो भेटमै अरूको विश्वास जित्न सकिनेछ । सामाजिक क्षेत्रमा गरेका प्रयास फलदायी हुने भए पनि सातभरि नै गोपनियता अपनाउनुहोला । खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ । कुरा काट्नेहरू सक्रिय हुनेछन् । अरूको काम धेरै गर्नुपर्ला, तर जस पाइने सम्भावना कमै छ ।

### धनु

व्यवसाय फलदायी देखिँदैन । विनाकारणको यात्राले आर्थिक भार बढ्नेछ । सामाजिक कार्यमा समस्या आउने भए पनि काममा सजिलै सफलता पाइनेछ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन् भने धन आर्जन गर्ने अवसर जुट्नेछ ।

### कुम्भ

काममा सफलता पाइनेछ भने धन आर्जन गर्ने अवसर जुट्नेछ । आफन्तको रहयोग मिल्नेछ । नयाँमित्रको आगमन हुनेछ । आम्दानीको नयाँ स्रोत पनि फेला पर्नेछ । कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन् । मंगलबारदेखि नैराश्यता, उदासीनता एवं चिन्ता बढ्नेछ । विश्वास गरेकाहरूले धोका दिनेछन् भने लेनदेनमा विवाद बढ्नेछ ।

### वृष

पराक्रम बढ्नेछ भने धन आर्जन गर्ने अवसर जुट्नेछ । व्यवसायमा सफलता नमिले पनि भाग्य बलियो भएकाले कामको जस पाइनेछ । सामाजिक अन्तरक्रियाले अघि बढ्ने अवसर प्रदान गर्न सक्छ भने गलत सोचाइले काममा अवरोध सिर्जना गर्नेछ । प्रतिस्पर्धीहरूले संकट सिर्जना गर्नेछन्, त्यसैले विचार प्युाएर काम गर्नुहोला ।

### कर्कट

काममा सुधार आउनेछ भने सामाजिक कार्यमा वर्चस्व बढ्नेछ । भाग्यले साथ दिनेछ । लाभदायक यात्रा हुने तथा भेटघाटमा प्रसन्नता बढ्ने देखिन्छ । अध्ययनमा सफलता मिल्नेछ भने धन आर्जन हुने योग छ । बिहीबार घरेलु समस्याले सताउनेछ, किनभने विश्वास गरेकाहरूले धोका दिन सक्छन् । शरीरमा चोट पटक लाग्न सक्छ ।

### कन्या

अरूको मन जित्न सकिने तथा नयाँ काम पाइने योग छ । व्यवसायमा हात पर्ने सफलता कायमै रहनेछ । आफन्तको सहयोग मिल्नेछैन । आइतबारदेखि विवाद बढ्ने तथा धन नाश हुने योग छ । अवरोध आउने भएकाले महत्वपूर्ण काममा अघि नबढ्नुहोला । अध्ययनमा सफलता पाउने क्रम यथावत् रहनेछ ।

### वृश्चिक

सामाजिक क्षेत्रमा उच्च सम्मान पाइने तथा पराक्रम बढ्ने योग छ । अध्ययनमा प्राप्त हुने सफलता यथावत् रहनेछ । अरूको मन जित्न सकिनेछ । कुरा काट्नेहरू सक्रिय हुनेछन्, त्यसैले व्यवसायमा समस्या सिर्जना हुन सक्छ । पति-पत्नीबीच विवाद उत्पन्न हुन सक्छ । खानपानमा विचार प्युाउनुपर्ला । अरूको गल्तीले समस्या खडा गर्न सक्छ ।

### मकर

व्यावसायिक यात्राको अवसर जुट्नेछ । पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ । आफन्तहरूको सहयोग मिल्नेछ । स्वास्थ्य गडबड हुन सक्छ भने धन खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ । अरूलाई सजिलै विश्वास दिलाउन सकिनेछैन । निर्णयको अभावमा तपाईंको काममा अरूले नै अधिकार जमाउनेछन् ।

### मीन

भेटघाटमा मन प्रसन्न हुनेछ र अरूलाई विश्वास दिलाउन सकिनेछ । मानसम्मान पनि पाउनुहोला । ठूला व्यक्तिले तपाईंको परामर्श लिनेछन् । सामाजिक क्षत्रमा उच्च-सम्मान पनि पाउनुहोला । आफन्तहरूको सहयोग पनि मिल्नेछ । लेनदेनमा विवादको सामना गर्नुपर्ला । समयमा निर्णय नहुँदा हात परेको काम समेत फुत्कन सक्छ ।

# सौन्दर्य प्रतियोगिताका लागि हात्ती सजाइँदै

**प्रवीण दत्त**

**चितवन-** फेसन शो होस् वा कुनै ब्युटी कन्टेस्ट। यी सबै प्रतियोगितामा प्रतियोगीहरूले र्‍याम्पमा हिँडेको हामी सबैले देखेका छौं तर जनावर पनि र्‍याम्पमा हिँड्न सक्छन् भन्ने कल्पना पनि गर्नुभएको छैन होला। तपाईंको त्यस्तो कल्पना छ भने त्यो गलत पनि हुन सक्छ, किनभने पर्सि (आइतबार) चितवनको पर्यटकीय नगरी सौराहामा सुरु हुन लागेको अन्तर्राष्ट्रिय हात्ती महोत्सवमा यस वर्ष हात्तीहरू र्‍याम्पमा ओर्लने भएका छन्। उनीहरूबीच सौन्दर्य प्रतियोगिता नै हुने भएको छ। सधैं पर्यटक बोकेर जंगल सफारीमा व्यस्त रहने यी हात्तीहरू अहिले र्‍याम्पमा हिँड्न तालिम तथा अभ्यासमा व्यस्त छन्।



विगत ६ वर्षदेखि क्रिसमस तथा अंग्रेजी नयाँ वर्षको अवसर पारेर सौराहामा पर्यटन प्रबर्द्धन गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय हात्ती दौड प्रतियोगितामा हुँदै आएको छ। यद्यपि यसपटक महोत्सवमा हात्तीहरूबीच हुन लागेको सौन्दर्य प्रतियोगिता भने पहिलो हो। सौराहा दुर्लभ वन्यजन्तु तथा जंगल सफारीले गर्दा विश्वमै परिचित छ। यहाँको मुख्य आकर्षण दुर्लभ एकसिंगे गैंडा रहे पनि पर्यटकले निकै रुचाएको कार्यक्रम हात्तीमा चढेर जंगल घुम्नु हो। यसपटक अजंगको शरीर भएको भीमकाय हात्तीबीच हुन लागेको सौन्दर्य प्रतियोगिता भने धेरैको लागि नौलो हुनेछ। यो सौन्दर्य प्रतियोगितामा सबै उमेर समूहका हात्ती सहभागी हुनेछन्।

हात्ती सौन्दर्य प्रतियोगिताका लागि अहिले माहुतेहरू बेफुर्सदिला छन्। उनीहरू आफू कार्यरत हात्तीलाई कसरी उपाधि दिलाउन सकिन्छ भन्ने कुरामा केन्द्रित छन्। माहुतेहरूले हात्तीलाई अहिले दिनहुँ तेलले मालिस गर्दै चिटिक्क पार्ने गरेका छन् भने दिनहुँ हात्तीको स्याहार-सुसार गर्दैमा उनीहरूको दिन बित्ने गरेको छ। आयोजक क्षेत्रीय होटल संघ सौराहाका अनुसार यसपटक हुन लागेको यो सौन्दर्य प्रतियोगिता यो महोत्सवको प्रमुख आकर्षण बन्नेछ। प्रतियोगितामा ६ वटा हात्ती सहभागी हुने क्षेत्रीय होटल संघका अध्यक्ष शंकर सैंजुले बताए।

प्रतियोगितामा हात्तीले कपडा पनि लगाउने छन्। हात्तीलाई टाउको र पेटमा कपडा लगाई सहभागी गराइने कुरा बताउँदै महोत्सव संयोजक नारायण भट्टराईले भने- हात्तीलाई बौद्धिक स्तर तथा शृंगारका आधारमा पुरस्कृत गरिनेछ। आदिवासी थारू समुदायको बाहुल्यता रहेको यो पर्यटकीय नगरीमा अधिकांश माहुते थारू छन्। उनीहरूले हात्तीको शरीरमा तेल, चक तथा रंगीचंगी आकृति बनाई सजाउने काम थालिसकेका छन्। प्रतियोगिता सौराहाकै बाघमारा सामुदायिक वनको चौरमा आयोजना गरिने छ। यसका साथमा अन्तर्राष्ट्रिय हात्ती दौड प्रतियोगिता, टाँगा दौड, गाड दौड, डुंगा दौड आदि सम्पन्न गरिनु हात्तीको दिनचर्याका बारेमा पनि सहभागीहरूलाई जानकारी गराइनेछ। तीन दिनसम्म चल्ने प्रतियोगिताको दोस्रो दिन हात्तीहरूबीचको सौन्दर्य प्रतियोगिता हुनेछ।

के तपाई Math, Science/ Test नदिई S.L.C. तथा १ वर्षमा +2 पास गर्न चाहानु हुन्छ ?
यदि चाहनु हुन्छ भने *NIOS Board* मा Oct. 2011 को लागि Admission खुल्यो !
- *5 Subjects* पढे पुग्ने। *Class 10* मा *Math, Science* तथा *Test* दिनु नपर्ने। नेपाल तथा *world wide equivalent* नेपालीबाट पनि *Exam* दिन पाईने।
- *SLC* पास गरेको १ वर्ष *Gap* भए सिधै +2 पढ्न पाईने।
- 6/6 महिनामा *Exam* दिन पाईने।


*Milu Shrestha*
*78% in Mgt.(+2)*
*92 in Business*

WISDOM EDUCATION FOUNDATION
PH. 4238086
Bagbazar (एसिया पब्लिकेशनको अगाडि)






● सम्पादकीय ●

# संकटमा जैविक विविधता

हाम्रो पृथ्वीमा पछिल्लो समयमा देखा परेको वातावरणीय असन्तुलनका दुष्प्रभावहरू बिस्तारै प्रभावकारी रूपमा देखा पर्न थालेका छन् । पृथ्वीमा जीवनका जे-जस्ता रंग छन् ती धमिलिँदै गएको तर्फ वैज्ञानिकहरूले निकै पहिलेदेखि नै चेतावनी दिँदै आएका हुन् । मानिसहरूको असीमित आवश्यकता पूरा गर्ने नाममा भएका प्राकृतिक स्रोत र संसाधनहरूको अनियन्त्रित दोहनका कारण हाम्रो पृथ्वीबाट आधाभन्दा बढी वनस्पति र एकतिहाइभन्दा बढी जीवजन्तु लोप भैसकेका छन् । अहिले पृथ्वीमा जति पनि जीवनको अस्तित्व छ तीमध्ये पनि आधाभन्दा बढी लोप हुने अवस्थामा छन् । पृथ्वीको परिस्थितिलाई सन्तुलनमा राख्न सबैखाले जीवजन्तु र वनस्पतिहरूको उपस्थितिलाई वैज्ञानिकहरू अनिवार्य मान्छन् । पृथ्वीका सबै जीवित वस्तुहरू एक-अर्काको जीवनसँग गाँसिएको कुरालाई मनन् गर्ने हो भने हामी जे-जस्ता परिस्थितिमा निर्भर छौं, त्यसका आधारहरू निरन्तर कमजोर हुँदै गएका छन् । पृथ्वीको यस्तै अवस्थालाई मनन् गर्दै संयुक्त राष्ट्र संघले हरेक वर्षको डिसेम्वर २९ लाई जैविक विविधता दिवसका रूपमा मनाउँदै आएको छ ।

आगामी बुधबार संसारभर आफू बाँच्नका लागि अरूलाई पनि बचाऊँ भन्ने नाराका साथ मनाइन लागेको जैविक विविधता दिवस नेपालमा पनि विभिन्न कार्यक्रमका साथ मनाइँदैछ । सानो क्षेत्रफलमा अटाएको देश भए पनि जैविक विविधताका दृष्टिकोणले नेपाललाई संसारकै सर्वाधिक सम्पन्न मुलुकक मानिन्छ । तराईको उखरमाउलो गर्मीदेखि हिमालको चिसोसम्म नेपालमा अनेक किसिमका जीवजन्तु र वनस्पतिलगायत जलचरहरूको उपस्थिति छ । हामीले जानेर वा नजानेर हिजोसम्म हामीमाझ रहेका कतिपय वन्यजन्तु, जलचर र वनस्पतिहरू अहिले लोप भैसकेका छन् । त्यतिबेला हामीले ती लोप भैसकेका जीवजन्तु र वनस्पतिका बारेमा चासो नराख्दा अहिले त्यसको दुष्प्रभाव देखापर्न थालेको छ । एकअर्कासँग अन्योन्याश्रित सम्बन्ध रहेका कतिपय जीवजन्तु लोक हुँदा त्यसको प्रभाव अर्को जीवजन्तुमा पर्नु स्वाभाविक हो । पृथ्वीमा अहिले बाँकी रहेका कतिपय जीवनका स्रोतलाई हामीले इमान्दारीका साथ संरक्षण नगर्ने हो भने भविष्यमा यो पृथ्वी पनि सौर्यमण्डलका अन्य ग्रह जस्तै जीवनरहित हुन सक्नेतर्फ वैज्ञानिकहरूको चेतावनी आइसकेको छ । त्यसैले के धनी, के गरिब सबै मुलुकले आ-आफ्नो आर्थिक स्वार्थ त्यागेर 'वसुधैव कुटुम्बम' अर्थात् यो पृथ्वी सबैका लागि हो भन्ने पूर्वीय दर्शनको आधारलाई बल पुर्‍याउन जुट्न सक्नुपर्छ । यसका लागि धनी राष्ट्रले आफ्नो स्वार्थलाई त्यागेर पृथ्वीमा शेष रहेका जीवजन्तु र वनस्पतिको संरक्षणका लागि ठोस काम गर्नुपर्छ, अन्यथा हामी मानिस हुनुको, सबैभन्दा बुद्धिमान प्राणि हुनुको कुनै अर्थ रहनेछैन ।

समयमै संविधान साप्ताहिक/पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालको आह्वान ।

## सुविधा : विद्यार्थीमा विकृति

'रेजिनाले कलेजमा स्कुटर लिएर आउँछे, जुन 'ड्याडी' ले उसको 'बर्थडे' मा ल्याइदिनुभएको हो । म भने सधैं त्यही माइक्रोमा धाउने ? मलाई पनि एउटा स्कुटर किनिदिनुपर्‍यो ।' एक जना बहिनी आफ्नो बुबासँग गुनासो पोख्दै थिइन्, तर उनका बुबा यस्ता नचाहिने सुविधामा भन्दा पढाइमा बढी ध्यान दिनुपर्ने र बरु पाठ्यपुस्तकहरू जुन भन्यो त्यो किनिदिने कुरा बताइरहेका थिए ।

वास्तवमा अहिले उपलब्ध अत्यधिक सुविधालाई विद्यार्थीले सकारात्मक भन्दा पनि बढी नकारात्मक रूपमा प्रयोग गरेको पाइन्छ । सुविधालाई राम्रो उपयोगमा ल्याउने हो भने यसैबाट थुप्रै फाइदा उठाउन सकिन्छ । विद्यार्थीहरू नचाहिने सुविधा उपयोग गर्दै कलेजमा 'बाइक' लाने गरेको पनि हामीलाई अवगत नै छ । अर्कातर्फ अहिले कतिपयले कलेजमै चुरोट तथा गाँजा सेवन गरेको पनि देख्न सकिन्छ । केही समयअघिकै कुरा, प्रहरीले छापा मारेर ३ सय ५० विद्यार्थीलाई बंक पार्टीमा पक्राउ गर्‍यो । यस्तो कार्यमा शिक्षकहरूको समेत संलग्नता पाइयो । यो सबै सुविधाको दुरुपयोग हो ।

उता दुर्गमका विद्यार्थीहरू भने इच्छा हुँदाहुँदै पनि उच्च शिक्षा प्राप्त गर्नबाट वञ्चित छन् । यसको मूल कारण आर्थिक अभाव हो । सरकारी क्याम्पसमा पढे पनि के गर्ने, भर्ना शुल्क, पुस्तक, कापी, कलमलाई पैसा, परीक्षा शुल्क र अरू विभिन्न कुरामा धेरै पैसा चाहिन्छ । हातमा मोटो रकम नहुने विद्यार्थीहरूका लागि गरिबी अभिशाप बन्न पुगेको छ ।



● चिठीपत्र ●

अर्कातर्फ शिक्षाका लागि कलेजको मासिक शुल्क तिर्नसमेत नसक्ने स्थितिका गाउँले विद्यार्थीले अन्य रवाफमा हात हाल्ने त कुरै भएन । वास्तवमा विद्यार्थी जहाँका हुन्, सुविधाको प्रयोग गर्न त मन लाग्छ नै । दुर्गमका विद्यार्थीहरू सकारात्मक तथा आफूलाई आवश्यक पर्ने सुविधाको प्रयोगबाट पनि वञ्चित छन्, आफूलाई आवश्यक पर्ने पुस्तक, कापी, कलम किन्नमा पनि कन्जुस्याइँ गर्न बाध्य छन् ।

काठमाडौँका कतिपय विद्यार्थीहरू सानोतिनो कुरालाई पनि ठूलो बनाएर झगडा पनि गर्ने गरेका छन्, यस्ता झगडामा सानादेखि ठूला हतियारको पनि प्रयोग हुने गरेको देख्न सकिन्छ । झगडाको कारण पनि ठूलो चाहिँदैन । तिललाई पहाड बनाएर झगडा गर्न तम्सन्छन् सहरका विद्यार्थीहरू ।

अर्कातर्फ कतिपय कलेजका कक्षामा शिक्षकले पढाउँदा हो-हल्ला गर्ने, शिक्षकलाई नटेर्ने, कक्षामा मोबाइल चलाउने आदि घटना पनि पाइन्छ । छाडा विद्यार्थीहरूले आफूले पनि नपढ्ने अरूलाई पनि पढ्न नदिने गरेको पाइन्छ । कोइलीले आफ्नो गुँड पनि बनाउँदैन, अरूको गुँड पनि भत्काइदिन्छ भनेझैँ उनीहरू कक्षामा होहल्ला गरेर आफूले पनि पढ्दैनन्, अरुलाई पनि पढ्न दिँदैनन् ।

कलेजले मात्र नियन्त्रण गरेर विद्यार्थी नियन्त्रित हुन्छन् भन्न सकिँदैन । कलेजले पनि कति गरोस्, ट्वाइलेट-ट्वाइलेटमा गएर जाँच गर्ने कुरा पनि भएन, कलेज कम्पाउन्डबाहिर त जाँच गरिसाध्य पनि हुँदैन । विद्यार्थीहरू विशेषतः कलेजको ट्वाइलेटमा गएर चुरोट तान्छन् । शिक्षकहरूको काम भनेको राम्रो बाटो र खराब बाटो बताइदिने हो, थाहा भई-भई खराब बाटोमा जान्छन् भने त कसले नै के गर्न सक्छ र ?

यता काठमाडौँमा सुविधाको बढी उपयोग गर्दै विद्यार्थी कलेजलाई विकृत बनाउन लागेका छन् भने ग्रामीण भेगका विद्यार्थीहरू आफूलाई आवश्यक पर्ने गुणस्तरीय शिक्षा पाउनबाट पनि वञ्चित छन् । कतिपय ग्रामीण भेगमा कलेजको संख्या एकदमै न्यून छ भने कतै एउटा कलेज पनि छैन । एकातर्फ आर्थिक समस्या, अर्कातर्फ कलेजको कमी, पढेर आफ्नो भविष्यलाई उज्वल बनाउने विद्यार्थीहरूको सपना पूरा हुन सकेको छैन ।

यस विषयमा अबचाहिँ सरकारी तथा गैरसरकारी पक्षबाट पनि गहिरिएर सोच्नैपर्ने स्थिति आएको छ । त्यस्तै अनुशासनसम्बन्धी कडा नियम बनाई त्यसलाई कडाइका साथ लागू गर्नुपर्छ । त्यस्तै कलेजका विद्यार्थीहरूले पनि आफ्नो जिम्मेवारीलाई बहन गर्दै, आफ्ना आमाबाबुको लगानीलाई मध्यनजर गर्दै, बेकारको रवाफतर्फ नलागी देशको एक सच्चा एवं कर्मठ नागरिकका रूपमा स्थापित हुनु आवश्यक छ ।

**-सागर शर्मा**

● तीतो सत्य ●

● पैसा केही पनि होइन तर पनि यो सबै थोक हो ।

● बरु एक जना मात्र मित्र बनाऊ, तर असल व्यक्तिलाई मात्र मित्र बनाऊ ।

● तिम्रो सफलताको बाटोमा फूल बिच्छ्याउनेहरूभन्दा काँडा छर्ने बढी हुन्छन्, नडराऊ ।

● गरिब दिनदुःखी र अपांगहरूलाई सहयोग गर्नु सबैभन्दा ठूलो धर्म हो ।

● प्रेम नै सबैथोक हो । यसले संसार चलेको छ ।

**अशोक लामा**

● सज्जनहरू सुधार्नेतर्फ अभिप्रेरित हुन्छन् भने दुर्जनहरू विनाशतर्फ उन्मुख हुन्छन् ।

● जिन्दगीको यात्रामा दुःख नभोग्नेले सुखको अनुभूति गर्न सक्दैन ।

● पानी-पानी नै रहँदाको अवस्थामा मात्र शुद्ध हुन्छ, रंग मिसिएपछि अशुद्ध हुन पुग्छ ।

● मन मिल्दैन भने सम्बन्ध-विच्छेद अवश्य हुन्छ ।

● अरूलाई बिगार्ने सोचमा खपत गर्ने समय उन्नतितर्फ लगानी गरियो भने सबैको कल्याण हुन्छ ।

**अज्ञात बूढा**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

*-सम्पादक*

● सहर चर्चा ●



## लोकप्रिय सौन्दर्यकर्मी

झापामा २३ वर्षअघि जन्मिएका सञ्जय लिम्बू अहिले हङकङका लोकप्रिय सौन्दर्यकर्मी हुन । ब्लुबर्ड कलेजबाट १२ कक्षा पूरा गरेका सञ्जयका पिता दिलीप लिम्बू तथा आमा गंगा लिम्बूले छोराको इच्छामा सदैव साथ दिए । सानैदेखि केश सज्जा तथा मेकअप गर्न रुचाउने सञ्जयले कलेज जीवनमा एक राम्रो सौन्दर्यकर्मी हुने अठोट गरी सन २००६ मा सयाम ब्युटिसैलुनबाट सौन्दर्यसम्बन्धी तालिम लिए ।

तालिम लिएपछि उनी आफूलाई अझ निखार्न हङकङ हानिए, जहाँ आफूलाई निखार्दै गए । पाँच वर्षको कार्यकालमा उनले हजारौंलाई सुन्दर बनाइसकेका छन् । लिम्बू नेपालमा पनि राम्रो पार्लर भित्र्याउने मनसायमा छन् । सञ्जय भन्छन्- केही महिना तालिम लिएर पार्लर खोल्नु अरूको सौन्दर्यसँग खेलबाड गर्नु हो । पहिले भिजे तथा एंकर बन्न चाहने सञ्जयलाइ अहिले आफ्नो काम निकै रमाइलो लाग्छ ।

## रेखाको घोषणा

पोखराकी चर्चित मोडल हुन् रेखा पुरी । १५ वर्षको उमेरमै मिस टिन पोखरामा भाग लिएर मोडलिङ क्षेत्रमा प्रवेश गरेकी रेखाले त्यसयता दर्जनौं फेसन शोमा क्याटवाक गरिसकेकी छिन् । मिस टिन पोखराको टप फाइभसम्म पुगेर बेस्ट यूनिक शीर्षक उपाधि जितेकी रेखा अहिले राजधानीको मोडलिङमा स्थापित हुने प्रयास गर्दैछिन् । आगामी पुस १६ गते राजधानीमा सम्पन्न हुने क्विन नेपालमा पोखराको प्रतिनिधित्व गरिरहेकी ५ फिट ३ इन्च अग्ली रेखाले आधा दर्जन म्युजिक भिडियोमा मोडलिङ गरिसकेकी छिन् । थुप्रै बालमोडलिङ प्रतियोगिताको कोरियोग्राफी गरिसकेकी रेखाले एउटा भोजपुरी चलचित्रमा अभिनय पनि गरेकी छिन् । पोखरामै सञ्चालिन गोल्डेन आई टेलिभिजनकी भिडियो जक्कीले 'क्विन नेपाल २०१०' को उपाधि जितिन् भने पुरस्कारस्वरूप पाउने ५० हजार रुपैयाँ अनाथ बालबालिकाका लागि प्रदान गर्ने घोषणा गरेकी छिन् ।



● मोडल वाच ●

● मुखाले ●

शान्ति-प्रक्रिया निष्कर्षमा नपुग्दासम्म अनमिनको उपस्थिति आवश्यक छ ।

**डा. बाबुराम भट्टराई**

अनमिनको म्याद थप्न मिल्दैन ।

**ईश्वर पोखरेल**

सकभर माओवादीको नेतृत्वमा सरकार बनाउनुपर्छ ।

**नारायणकाजी श्रेष्ठ**

माओवादी र कांग्रेसले नेतृत्व लिनै सक्दैनन् ।

**झलनाथ खनाल**

झलनाथ खनाललाई माओवादी समर्थन छैन ।

**दिनानाथ शर्मा**

माओवादीले नमाने लोकतान्त्रिक शक्तिहरूको सरकार बन्छ ।

**प्रदीप ज्ञवाली**

कब्जा गरेका जग्गा फिर्ता गर्ने होइन, अझै कब्जा गर्नुपर्छ ।

**मोहन वैद्य**

अयोग्य लडाकु कहाँ के गर्दैछन्, सरकारलाई जानकारी छैन ।

**रकम चेम्जोङ**

माओवादीभित्र एक-अर्कालाई सिध्याउने होड चलेको छ ।

**नीरु दर्लामी**

न्यायाधीशहरूलाई स्वच्छन्द हुन स्वतन्त्रता दिइएको होइन ।

**बलराम केसी**
**न्यायाधीश, सर्वोच्च अदालत**

राजपरिवारलाई निःशस्त्र (हतियारविहीन) बनाउनुपर्छ ।

**सुजाता कोइराला**

# टप हुन पढिरहनु पर्दैन

सोलुखुम्बु जिल्लाको दुर्गम गाउँ पाङ्गुममा सात कक्षा पढ्दा-पढ्दै एउटा १५ वर्षे ठिटो काठमाडौं झरेको थियो। उसले थप औपचारिक शिक्षा ग्रहण गर्न पाएन। काठमाडौंमा आएको केही दिनमै पेट पाल्न शेर्पा सोसाइटी ट्रेकिङ एजेन्सीमा पर्यटक सहयोगीका रूपमा काम थालेको उक्त ठिटो अहिले देशको सबैभन्दा बढी विदेशी मुद्रा भित्र्याउने थामसेर्कु ट्रेकिङ एजेन्सीको प्रमुख भएको छ। पर्यटन मन्त्रालयको र्‍याङ्किङमा १६ वर्षदेखि नम्बर एक ट्रेकिङ एजेन्सीको पुरस्कार प्राप्त गरिरहेको उक्त एजेन्सीसँग अहिले यती एयरलाइन्स, गोकर्ण रिसोर्ट, यति माउन्टेन होम (हिमाली क्षेत्रमा चेन होटल) एवं यती होलिडे ट्राभल कम्पनीको प्रमुख सेयर छ। ४९ वर्षीय लामाको प्रगति हेर्दा पनि नेपालमा पर्यटनको भविष्य आँकलन गर्न सकिन्छ। पर्यटन वर्ष-२०११ को पूर्वसन्ध्यामा सोनामको जीवन र नेपालको पर्यटनलाई साप्ताहिकले नजिकबाट बुझ्ने प्रयास गरेको थियो।



सोनाम लामा, निर्देशक थामसेर्कु ट्रेकिङ एजेन्सी

**तपाईं यहाँसम्म आइपुग्नुको मुख्य कारण के हो ?**

नेपालको प्रकृति र संस्कृति नै मुख्य कारण हो। मैले त्यो विदेशीहरूलाई बेच्न सकें। मलाई विदेशीहरूले के मन पराउँछन् भन्ने कुरा थाहा भयो, त्यसलाई कसरी बेच्नुपर्छ भन्ने कुरा मैले थाहा पाएँ। प्रगतिको कारण यही नै हो।

**तपाईंले एसएलसी पनि पास गर्न सक्नुभएन, नपढे पनि यति ठूलो कला कसरी सिक्नुभयो ?**

प्रगति गर्न मानिसलाई पढ्न सक्नुपर्छ, किताब पढेर मात्र हुँदैन। अझ म त यो क्षेत्रमा १६ वर्षदेखि नम्बर वान पोजिसनमा छु। यसले टप हुन पढिरहनु पर्दैन भन्ने कुरा पनि स्थापित भएको छ। मान्छे जन्मँदै केही विशेष क्षमता लिएर आएको हुन्छ। त्यो क्षमता ठीक ठाउँमा प्रयोग भयो भने मानिस माथि जान्छ।

**तैपनि यति धेरै कम्पनीको व्यवस्थापन गर्नुपर्छ, केही डिग्रीको आवश्यकता महसुस गर्नुभएको छैन ?**

मसँग ४० जना मास्टर डिग्री गरेका साथी हुनुहुन्छ। म भिजन दिन्छु, भिजनअनुसारको व्यवस्थापन उहाँहरूले गर्नुहुन्छ। यदि यो संस्था सोनामको मात्र हो भन्ने स्टाफहरूलाई लाग्यो भने मैले जति सुकै पढे पनि संस्था माथि जान सक्दैन। यो संस्था सोनामको होइन, हामी सबैको हो भन्ने परेकैले हामीमाथि आएका हौं। टिम वर्क, स्पष्ट भिजन एवं जीवनमा केही गर्नुपर्छ भन्ने चाहनाले सबै कुरा ठीक भएको हो।

**आफैं कम्पनी खोल्नुपर्छ भन्ने सोच कसरी आयो ?**

शेर्पा त्यसै पनि हिमालको छोरो हो। मेरा दिदी तथा दाजु सबै यही क्षेत्रमा हुनुहुन्थ्यो। दिदीको ट्रेकिङ एजेन्सी ३५ वर्ष पुरानो भैसक्यो तर यो संस्था खोल्नु अघि मैले फ्रेन्च भाषाको प्रशिक्षण लिएँ। भाषाकै कारणले म फ्रान्स गए। त्यहाँ वर्षको नौ महिना काम गरे पनि सिजनमा म पर्यटक लिएर हिमाली क्षेत्रमा जान्थें। यही सिलसिलामा मैले थामसेर्कु हिमाल पनि चढें। यसरी धेरै वर्ष काम गर्दा विदेशीहरू के चाहन्छन्, नेपालमा कसरी प्रगति गर्न सकिन्छ भन्ने कुरा बुझें। अरू एजेन्सीहरू हावाका भरमा चलिरहेको पाएँ। त्यसपछि आत्मविश्वास पलायो। त्यति बेलासम्म केही पैसा कमाइसकेको थिएँ। त्यसैले कम्पनी खोलें।

**तपाईंको तथ्याङ्कअनुसार यो कम्पनीले १ हजार ५ सयलाई प्रत्यक्ष रोजगारी दिइरहको छ, स्थापना कालमा यहाँसम्म पुग्छु भन्ने लागेको थियो ?**

केही नयाँ गर्ने योजना मात्र थियो। त्यसबेला ४ जना फिल्ड कर्मचारी र ३ जना अफिस कर्मचारी गरी हामी ७ जना मात्र थियौं। यद्यपि हामीले यति गम्भीर रुपमा काम गर्‍यौं कि सन् ८८ मा खुलेको कम्पनी सन् ९२ मा तेस्रो स्थानमा पुग्यौं। सन् ९५ देखि आज पर्यन्त हामी नम्बर वानमा छौं। अहिले देशमा ६ सय ७५ भन्दा बढी ट्रेकिङ कम्पनी छन्। यस्तो होला भनेर त मैले सोचेकै थिइन्। मेरो विचारमा अरूभन्दा फरक, विदेशीले सोचे जस्तै सेवा दिन सक्नु र कर्मचारीले सोनामको होइन, आफ्नै काम मानेकैले यहाँसम्म आइपुगेको हो जस्तो लाग्छ।

**सबैले चाहन्छन्, कर्मचारीले कम्पनीलाई आफ्नै मानेर काम गरून्, तर सबै सफल हुँदैनन्, तपाईंका कर्मचारीले कम्पनीलाई आफ्नै मान्नुको कारण के हुन सक्छ ?**

म कसैको चित्त दुखाउँदिन। मेरो जीवनको शुत्र नै सबैको भलो गर्नु हो। यो कम्पनी सुरु गर्दा जो मसँग हुनुहुन्थ्यो, आज उहाँहरू पनि सँगै हुनुहुन्छ। अब त घरबार भयो, पैसा पनि भयो तर पनि उहाँहरूले कम्पनी छाड्नुभएको छैन। यसबाट पनि म अनमान लगाउन सक्छु सायद, म अरूको राम्रोका लागि काम गर्छु।

**कम्पनी माथि गयो, तर देशको पर्यटन उद्योगले तपाईंबाट के पायो ?**

मैले सबैभन्दा बढी विदेशी मुद्रा भित्राएर पुरस्कार पाएको कुरा त थाहा पाइहाल्नु भयो तर मैले गरेको मुख्य काम भनेको पर्यटनका लागि नयाँ रुटको विकास हो। जुनबेला स्वदेशकै मानिस डोल्पाबाट मुस्ताङसम्म हिँड्न डराउँथे, त्यो बेला मैले पर्यटक लिएर डोल्पा-मुस्ताङ ट्रेकिङ गराएर नयाँ रुट चलाएँ। आज हाम्रो कम्पनीकै कारण करिब ५ लाख व्यक्तिले अप्रत्यक्ष रोजगारी पाएका छन्। नयाँ कम्पनीलाई पर्यटन उद्योगलाई कसरी अघि बढाउनुपर्छ भन्ने थोरै भए पनि आइडिया भएको छ। मलाई यो ठूलो कुरा हो जस्तो लाग्छ।

पृष्ठ ६ मा जारी







# टप हुन पढिरहनु पर्दैन

पृष्ठ ५ बाट जारी

**अब यो कम्पनीलाई कहाँ पुऱ्याउने योजना छ ?**

सगरमाथाको टुप्पोको पनि अन्त्य हुन्छ । त्यस्तै हामी पनि टुप्पोमा बसेको धेरै भयो । यहाँभन्दा माथि कहाँ जानु ? यति हो, यो स्थानमा टिकिरहन संघर्ष गर्दै नयाँ-नयाँ योजना ल्याउनुपर्छ, विदेशीको मनमा बस्नुपर्छ । मेरो विचारमा अरू कम्पनीहरू पनि यसैगरी आउनुपर्छ अनि पो रमाइलो प्रतिस्पर्धा हुन्छ । म अरू कम्पनीहरू माथि आउन्, सबै मिलेर देशको पर्यटन उद्योगलाई राम्रो बनाऔं, त्यसले देशको समग्र विकास गर्छ भन्ने पक्षमा छु ।

**तर देशको राजनीति एवं पूर्वाधार त्यस अनुरुप छैन, होइन ?**

हो नी । हामीले सन् २०११ लाई पर्यटक वर्ष त घोषणा गऱ्यौं, तर घरमा झगडा भएका बेला पाहुना बोलाउँदा पाहुनालाई कस्तो असर पर्छ ? घर फोहोर छ, सुत्ने खाट र कपडा पुगेका छैन, भान्छामा खानेकुरा पुग्दैन, यस्तो बेला पाहुना बोलाउँदा उसले के सोच्छ ? हामी त कस्ता रहेछौं भने ढोका थुनेका छौं, अनि झ्यालबाट आऊ भनेर पर्यटक बोलाइरहेका छौं ।

**कुरा अलि बुझिएन, प्रस्ट पारौं न ?**

अहिले नै पर्यटकीय सिजनमा होटलमा सुत्ने ठाउँ पुगेको छैन । थप पर्यटक ल्याएर कसरी सेवा सुविधा दिने ? पूर्वाधारको विकास भएको छैन, हामीमा पर्यटकीय संस्कार छैन, अनि पर्यटक बोलाएर के देखाउने ? पहिले त हामी आफू सक्षम हुनुपऱ्यो । राम्रो नीति र पूर्वाधार बन्नुपऱ्यो । हामी १० लाख पर्यटक ल्याउने कुरा गरिरहेका छौं, भिजन भएका मानिस सरकारी निकायमा हुने हो भने हामी ५ करोड पर्यटक भित्र्याउन सक्छौं ।

**कसरी ?**

दुबईले नक्कली हिमाल बनाएर लाखौं पर्यटकलाई मनोरञ्जन प्रदान गरिरहेको छ । थाइल्यान्डले बेश्यागमन गराएर अर्बौं रुपैयाँ कमाएको छ । हामीसँग कृत्रिम केही बनाउनै पर्दैन, सबै कुरा प्राकृतिक छ । यति हो, काठमाडौंदेखि हिमालसम्म राम्रो पूर्वाधार बन्नुपऱ्यो । सबै कुरा प्राकृतिक हुनुपऱ्यो । यति हुने बित्तिकै लाखौं होइन, करोडौं पर्यटक भित्रन्छन् । आज त कस्तो छ भने एयरपोर्टमा उत्रने बित्तिकै विचरा पर्यटकलाई कतिखेर भागौं जस्तो बनाइदिन्छौं हामी । कर्मचारीहरूमा यति फोहोरी मानसिकता छ कि लुट्ने र कमाउने बाहेक अरू ध्यानै छैन । पर्यटक आउने स्थानमा रोगी मानसिकता भएका कर्मचारीहरूको ठाउँमा योङ, एनर्जेटिक युवालाई करारमा काम लगाउन सकिँदैन ? यो त मन्त्रीको एउटा निर्णयको कुरा न हो तर विचरा मन्त्रीलाई पनि कमाउनु परेको छ ।

**भनेपछि पर्यटन वर्ष २०११ को कुनै अर्थ छैन ?**

१० लाख पर्यटन भित्र्याउने योजना बनाउनु राम्रो कुरा हो तर त्यसअनुसार काम गर्ने शैली पनि परिवतर्नन गर्नुपर्छ । पर्यटन उद्योगलाई राम्रोसँग बुझेका थिङ्क ट्याङ्कहरूलाई योजना बनाउन दिनु पऱ्यो । मुस्ताङ, हिमाल जस्ता क्षेत्रमा लिइने शुल्क हटाउनु पऱ्यो अनि पो पर्यटक भित्रन्छन् । सरकार नै व्यापार गर्न बसेजस्तो देखेपछि पर्यटकहरूलाई कस्तो असर पर्छ ? मैले पर्यटन वर्ष घोषणा हुनुहुँदैन भनेको होइन, तर पर्यटन वर्ष घोषणा गर्दा पर्यटकहरूले साँच्चै नै सहज महसुस गरून् । उनीहरूले यहाँबाट राम्रो कुरा लिएर जाऊन् भन्ने हो जुन यो लद्दु प्रशासनबाट सम्भव छैन ।

**तपाईंलाई त्यसको जिम्मा दियो भने के गर्नुहुन्छ ?**

एकद्वार प्रणाली अपनाउँछु । अहिले पर्यटन क्षेत्र पर्यटन मन्त्रालय, अर्थ मन्त्रालय र गृह मन्त्रालयको जुहारीमा परेको छ । कोही पनि आफ्नो अधिकार छाड्न चाहँदैनन् । एउटा पर्यटक इमिग्रेसनको नाममा गृह मन्त्रालयको चक्करमा पर्छ । विभिन्न ठाउँमा लिइने चर्को शुल्कका कारण अर्थ मन्त्रालयको घानमा पर्छ । पर्यटन मन्त्रलय त उसको प्रमुख निकाय भैहाल्यो । यसलाई एउटै बास्केटमा हालेर पर्यटकलाई सजिलो बनाउनु नै पर्यटन वर्ष-२०११ सफल हुने पहिलो कारण हुन सक्छ । म लेखेर दिन्छु अहिलेको अवस्थामा एक लाख पर्यटक बढ्यो भने पनि ठूलो कुरा हो । १० लाखको गफ कसैले नदिए हुन्छ ।

**तपाईंले निरास हुने कुरा गर्नुभयो, नेपालको पर्यटनको भविष्य ठीक छैन त ?**

ठीक किन नहुनु ? नीति ठीक हुने बित्तिकै नेपालीले केही गर्नै पर्दैन । पर्यटकले नै हाम्रो जीवन युरापेलीको भन्दा सुन्दर बनाइदिन्छन् । हामी असाध्यै स्टान्डर्ड जीवन बाँच्न सक्छौं । कुन संस्थाले फाइदा लियो भनेर होइन, यो काम गर्दा देशलाई फाइदा हुन्छ कि हुँदैन भनेर निर्णय गर्ने हो भने हामी १० वर्षमा कहाँबाट कहाँ पुग्छौं ।

**नेपालमा झोले पर्यटकहरू आउने हुनाले पर्यटन उद्योगले सोचेजस्तो सफलता प्राप्त नगरेको भन्छन् नि ?**

हो, ६० प्रतिशत झोले पर्यटक आउँछन् तर पर्यटक संख्या बढ्ने बित्तिकै स्टान्डर्ड पर्यटकको संख्या पनि बढ्दै जान्छ । उनीहरू थोरै आए पनि हाम्रो जीवन कायापलट हुन सक्छ । अहिले पनि २ लाख व्यक्ति हिमालको दर्शन गर्न आउँछन् । त्यसमध्ये १ लाख पर्यटकले यति ठूलो पैसा खर्च गरिरहेका छन् कि यत्रो उद्योग चलिरहेको छ । त्यस्ता स्तरीय पर्यटक २-४ लाख आउने वित्तिकै हाम्रो जीवनस्तर आकासमा पुग्छ ।

**अश्विनी कोइराला**

## एघार दिने रमाइलो

भैरहवा- मंसिर २३ देखि पुस ४ गतेसम्म दिउँसो २ बजेदेखि साँझसम्म भैरहवाका नगरवासीको गन्तव्य स्थानीय सिद्धार्थ रंगशाला बन्न पुग्यो, तर क्रिकेट वा फुटबल खेल्न र हेर्न भने होइन । चिसो मौसममा दिउँसो पारिलो घाम ताप्दै स्याङ्जाको रसिलो सुन्तला फोक्याउँदै होस् वा सँगै जोडिएका एक दर्जन होटल तथा रेष्टुरेन्टमा विभिन्न स्वादिष्ट परिकारको स्वाद लिदै होस्, सबै मस्त थिए, दस-एघार दिनसम्म समय कटेको कसैलाई पत्तै भएन ।

स्वदेशी वस्तु तथा सेवाप्रति उपभोक्तालाई जागरूक बनाउन सिद्धार्थनगर उद्योग वाणिज्य संघले आयोजना गरेको 'लुम्बिनी पर्यटन महोत्सव, कृषि तथा राष्ट्रिय औद्योगिक व्यापार मेला-२०६७' ले स्थानीय तथा छिमेकी जिल्लाहरूलाई मात्र होइन, भारत र तेस्रो मुलुकका पर्यटकलाई समेत आकर्षित गरेको थियो ।

मेलामा अ-आफ्नै खालका विशेषता थिए । स्टलमा रहेका नवीनतम उत्पादन, सेवा तथा प्रविधिका सम्बन्धमा जानकारी लिने, आफूलाई आवश्यक परेको सामान खरिद गर्ने, स्वादिष्ट भोजनको स्वाद लिने, विभिन्न पिङमा मच्चिने र सांगीतिक कार्यक्रममा झुम्ने । किशोर-किशोरीलाई अ-आफ्ना प्रेमीसँग भेटेर अँगालोमा बाँधिँदै पिङ खेल्ने र मन परेको गितमा हात हल्लाउँदै नाँचेर मजा लिन पनि महोत्सव उपयोगी साबित भएको थियो ।

मेलाको मुख्य आकर्षण भने सांस्कृतिक कार्यक्रम नै बन्यो । महोत्सवको प्रारम्भदेखि नै लोकदोहोरी, आधुनिक, पप गीत तथा राष्ट्रिय स्तरका गायक तथा हास्यकलाकारको प्रस्तुतीले महोत्सवलाई तताएको थियो । बद्री पंगेनी, हेमन्त शर्मा, तिलक बम मल्ल, नरहरि प्रेमी, प्रमोद खरेल, शिव परियार, मिलन लामा, कोमल वली, मल्लिका कार्की, रेश्मा सुनुवार, मञ्जु महत, नलिना चित्रकार, इन्दिरा जोशी, रोज मोक्तान आदि ख्यातिप्राप्त गायक एवं हास्यकलाकार शिव शंकर रिजाल, सुरेन्द्र केसी 'मुलाको साग', देवी राम पराजुली 'भोकलाग्यो', 'पार्टीलाई सहयोग गरेको समानुपातिकमा परेको', पूर्ण थापा 'सुब्बा दाजु' आदिले पर्याप्त मनोरञ्जन प्रदान गरे ।

बद्री पंगेनीले ससुरालीमा....., हेमन्त शर्माले थाप न थाप मायालु....., प्रमोद खरेलले म बिना कसैकसैलाई..... गाँउदा उपस्थित दर्शकको भीडले मञ्च च्याप्दै गएर साँघुरो बन्दै गएको थियो । सुरक्षाकर्मीलाई भीड नियन्त्रण गर्न हम्मे-हम्मे परेको थियो ।

हेमन्त शर्मा स्थानिय नगरवासी भएका कारणले पनि दर्शकको बढी ताली पाएका थिए भने प्रमोद खरेलले किशोर किशोरीलाई लठ्याएका थिए । बद्री पंगेनीले 'अझै नि गणतन्त्र आ'को छैन है, जनताले भनेझैं भा'को छैन है....' गीत गाउँदा तालीको गड्गडाहट उर्लिएको थियो । स्व. लोकबहादुर क्षेत्रीको 'यो जोवन तिम्रै हो सानु थाप रुमाल पार पोको....' बद्री पंगेनीले गाउँदा ९७ वर्षकी स्थानीय वृद्धा मीनाकुमारी रानासमेत नाच्न स्टेजमा पुगेको दृश्यले सबैलाई नाँच्न हौस्याएको थियो । पंगेनीले, मिठास छर्दै दर्शकमध्ये कसैलाई ज्वाइँसाव त कसैलाई सासू, ससुरा, साली भनेर सम्बोधन गर्दै पेट मिचिमिची हँसाउँथे ।

महोत्सव आयोजक संस्थाका अध्यक्ष महेन्द्रकुमार श्रेष्ठलगायतका पदाधिकारीलाई विशेष गरी महिला कलाकारले नचाउँथे । संगीतमा दर्शक यसरी झुमेका थिए कि सँगै साथमा रहेको सन्तान हराउँदासम्म अभिभावकलाई पत्तो हुँदैनथ्यो । क्षण क्षणमा, माइकबाट बालक हराएको र फेला परेको सूचना बारम्बार बजिरहन्थ्यो । उता तेस्रोलिङ्गी कलाकारले पनि दर्शकको उत्तेजना बढाए । 'मुन्नी बदनाम हुई डार्लिङ तेरे लिए' तथा 'वाकावाका' गीतमा प्रस्तुत नृत्यको चर्चा अझै पनि भैरहवामा भैरहेको छ ।

**माधव ढुंगाना**


Language & Computer
English: Elementary, Intermediate & Advanced Courses
(Free books, cassettes, audio-visual/lab practice)
TOEFL/IELTS/SAT/GRE Pre.
(Free Books/ materials/ Lab & Online practice/ weekly tests)
Japanese/German/Chinese/French/Spanish classes
Computer: Basic/Advanced/Accounting/Graphic.. courses
Our Products: Language books/Cassettes/CDs/Video DVDs ....

Easy Way New Language Book Cassettes / CDs Basic to Advanced
Easy Learning Language Book Cassettes / CDs Basic to Advanced
Upto date Essays for TOEFL/IELTS 201 Essays Rs.188/-
Interactive Englsih & FACE to FACE Language Videos American & British Accents
Language books/audio cassettes/CD/Videos are available! -OLC's Publications, 4-247897
O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945, 4-247897
OLC Jamal-Branch, 4-244741
Web site: creativeoseas.com
email: olc_swoveet@wlink.com.np
(Institute run by P. Swoveet!) (हाम्रो नक्कल गरी हाम्रो जस्तै नाम राखी खोलिएका Institutes देखि सावधान!)



+2/SLC
६ महिनामै पास !
+2 मा ११ नपढि कक्षा १२ को मात्र परीक्षा दिए पुग्ने ।
➲Arts ➲Commerce ➲science
SLC मा Math/ Science नपढि ५ बिषय मात्र पढे पुग्ने । (कक्षा ८ को मार्कसिट नभए पनि हुने ।)
भर्ना शुल्क विशेष छुट सहित, भर्ना भईरहेको छ । छिटो गर्नुहोस् ।
विशेषताहरु : +2, PCL तथा 'A'Level फेल भएपनि सिधै १२ को परीक्षा दिन पाईने । कक्षा ८,९ र Test मा फेल भएपनि Test नदिई सिधै SLC दिन पाईने । TU, KU तथा विश्वभरी मान्यता प्राप्त । जागीरे तथा गृहिणीले घरैमा पढेर परीक्षा दिन सकिने । नेपाली तथा अंग्रेजी माध्ययम वाट परीक्षा दिन पाईने । होस्टेलको राम्रो व्यवस्था भएको ।
प्राईभेट/रेगुलर Test/SLC – 067
परीक्षाको विषेश तयारी कक्षाहरू पनि सञ्चालन भईरहेका छन् ।
साथै All Language, Computer & Tuition Classes.
Free!!! Course Book & Edu. Materails
चावहिल — जेन्युईन एकेडेमी ☎4462184 9841575318 Opp. to SONY Show Room
सोह्रखुट्टे — पिस भिजन ओपन स्कूल ☎4389300 016913286 (ओरालो मोडैमा)
लाजिम्पाट — कोसेट ओपन स्कूल ☎2160736 9841264514 (प्रहरि विट संगै)



६ महिना मै +2
तथा Math/Science/Test नदिईकनै S.L.C. पास !! (Nios Delhi Board)
Arts Commerce Science
अन्तिम भर्ना !!
+2, 'A'Level तथा PCL फेल भएता पनि ६ महिना पढेर एक वर्ष मै +2 पास गर्न सकिने, ११ को नपढी सिधै १२ को मात्रै पढेर Exam दिन पाईने, कक्षा ८, ९ Test फेल भएता पनि Test नै नदिईकन SLC दिन पाईने, कुनै ५ विषय मात्र पास गरे पुग्ने, पास गर्न सजिलो, TU, KU तथा विश्व भरी मान्यता प्राप्त, जागीरे तथा गृहणीले घरमै पढेर पनि परीक्षा दिन सकिने, नेपाली तथा अंग्रेजीमा परीक्षा दिन पाईने ।
बाहिर बाट आएकाहरुलाई होस्टेलको व्यवस्था ।
प्राईभेट Test/SLC-2067
( आठै बिषयका नियमित कोचिङ्ग कक्षाहरु )
रेगुलर/एक्जाम्टेड (Tuition, Coaching Classes)
उपत्यका बाहिरबाट (SLC दिनेहरुलाई विशेष तयारी कक्षा)
SLC Preparation Class (Maths, Opt. Maths, Science, English etc.)
Free internet facility for NIOS Students
२ वर्ष मै BA, BBS पास
अंग्रेजी Japanese, फ्रेन्च, जर्मन, Spanish कोरियन, हिब्रु, भाषाहरु साथै Tution for SLC, +2, CBSE, 'A' Level, BA, BBS, BBA, TOEFL, IELTS & All Computer Courses.
डिप्लोम्याटिक एकेडेमी
कुमारीपाटी: 5549139, 9851021665
लगनखेल: 5531437
diplomatic_education@asia.com
ओरियन एकेडेमी
सामाखुशीपुल: 4388400, 9851021071
चावहिल: 4460091, 9851085823
नयाँ बानेश्वर (थापागाउँ जाने बाटो): 4484634
orion_academy2003@yahoo.com



LATEST LASERS
FOR ANY SCARS
ACNE/CHICKEN POX
BURN MARKS
ACCIDENT/STITCH
SKIN RESURFACING
and many more .........
TOUCH BEAUTY LASER CLINIC
Tel : 4469302, 4469305 Old Baneshwor
Customer Service : 9841549320



WINTER CAMP FOR KIDS!
Full of fun, excitement, extra-curricular activites like :
Dance, Music, Art and Craft, Indoor and Outdoor games, Yoga, Martrial Art and Many More......
Starting 1st Jan to 15th Jan
Hurry up!!! Limited Seats available. Register Today.
9841242180, 9841733511 5540456



९ महिना मै +2/SLC
➲ कक्षा ७,८,९,१० फेल भएपनि Math/Science/Test नदिई ५ बिषय मात्र पढेर ९ महिनामै S.L.C. पास गर्न चाहानुहुन्छ ?
➲ +2/A Level फेल भएपनि ५ बषय मात्र पढेर +2 पास गर्न चाहानुहुन्छ ?
➲ विश्वभर मान्यता प्राप्त-गृहिणी/जागिरे/व्यावसायीले घरैमा बसी पढ्न सकिने ।
➲ पास गन सकिने ।
बिगत १० वर्ष देखि संचालित
पाथ फाईन्डर ग्लोबल एजुकेशन
पुतलिसडक (रिपोटर्स क्लबको अगाडि)
2005077, 9841787602
www.pathfinder.edu.np



## महिलाको आँखामा जे छ !

# पहिलो नजरमा पुरुषको के हेर्छन् युवतीहरू ?

**के युवतीहरू पहिलो नजरमै सबै कुरा हेर्न भ्याउँछन् ? सर्वेक्षणमा सहभागी हुने सेलिब्रेटी तथा छात्राहरूका लागि पाँचवटा सम्भावित जवाफ पनि तयार पारिएको थियो । तपाईं पुरुषमा सबैभन्दा पहिले के हेर्नुहुन्छ भन्ने जिज्ञासाको सम्भावित छवटा जवाफमा पहिलो जवाफ पुरुषको व्यक्तित्व तथा शारीरिक बनावट, दोस्रो अनुहार (वर्णसहित), तेस्रो पहिरन, चौथो सवारी साधन, पाँचौं पारिवारिक पृष्ठभूमि तथा छैटौं पुरुषको महिलाप्रतिको व्यवहारलाई राखिएको थियो ।**

**पृष्ठ १ बाट जारी**

पृष्ठभूमि पनि हेर्नु उत्तिकै अनिवार्य छ ।'

जिया केसीको पहिलो नजर भने पुरुषको व्यक्तित्वमा त जान्छ नै, 'तर म उसको ड्रेसअपमा पनि म उत्तिकै ध्यान दिन्छु,' जिया भन्छिन्- 'पहिरनले नै पुरुषको व्यक्तित्व झल्काउने हुँदा उसले कस्तो पहिरन लगाएको छ, त्यसैअनुसार उसको बानीबेहोरा, पारिवारिक पृष्ठभूमि थाहा पाउन सजिलो हुन्छ ।'

सबी कार्की यो कुरामा अलि पृथक् छिन् । 'पहिलो नजरमा कुनै पनि पुरुष कस्तो छ भन्न गाह्रो छ,' सबी भन्छिन्– 'झट्ट हेर्ने त अनुहार नै हो, तर अनुहारले मात्र ऊ कस्तो प्रकारको मानिस हो, निर्क्योल गर्न सकिँदैन ।'

जयन सुब्बा मानन्धर भने आकर्षक अनुहार भएको पुरुषको व्यक्तित्व पनि आकर्षक हुने धारणा व्यक्त गर्छिन् । 'व्यक्तित्वचाहिं आकर्षक छ तर अनुहार हेर्नै नहुने छ भने त्यो व्यक्तित्वको कुनै अर्थ हुँदैन, जयनको तर्क छ- 'चकलेटी पुरुषमा सबैको नजर जान्छ भन्ने पनि होइन । तर कुनै पनि युवतीले पुरुषको अनुहारलाई नै बढी प्राथमिकता दिन्छन् जस्तो लाग्छ ।'

आगन्तुक खरेलको पहिलो नजर पुरुषको ड्रेसअपमा पर्छ । 'राम्रो ड्रेसअप गरेको पुरुषको व्यक्तित्व नै अलग हुन्छ,' आगन्तुक भन्छिन्- 'त्यसैले म पहिले उसको ड्रेसअप हेर्छु अनि मात्र व्यक्तित्व । अनुहारचाहिं तेस्रो स्थानमा पर्छ । चौथो र पाँचौं स्थानमा उसको पारिवारिक पृष्ठभूमि तथा सवारी साधन पनि पर्छ ।'

सर्वेक्षणका क्रममा नेहा निरौलाले जवाफ दिइन्– 'कुनै नयाँ पुरुषलाई झट्ट हेरेर मूल्यांकन गर्न असाध्यै गाह्रो छ, त्यसरी हेरेर मूल्यांकन गर्नै पर्‍यो भने म उसको व्यक्तित्व हेर्छु ।' नेहाको तर्क छ, राम्रो व्यक्तित्व भएको मानिस गुडलुकिङ हुन्छ, ड्रेसअप पनि राम्रै गरेको हुन्छ । पारिवारिक तथा



आर्थिक पृष्ठभूमि पनि सुदृढ हुन्छ । 'वास्तवमा सबैभन्दा पहिले पुरुषको अनुहारमा मेरो आँखा जान्छ,' नेहा भन्छिन्- 'तर अनुहारले मात्र पुरुषको मूल्यांकन गर्न गाह्रो पर्ने भएकाले मैले सम्पूर्ण व्यक्तित्व नै छनोट गरेकी हुँ ।'

दुर्गा खरेलका अनुसार उनको पहिलो नजर पुरुषको व्यक्तित्वमा जान्छ । उनलाई पुरुषको अनुहारले खासै फरक पार्दैन । 'अनुहार ठिकै भए पनि हुन्छ,' दुर्गा भन्छिन्– 'तर उ स्मार्ट हुनु अनिवार्य छ ।' पहिलो भेटमा थाहा पाउन नसकिए पनि मलाई ट्यालेन्ट, स्मार्ट, शिक्षित तथा प्रोफेसनल पुरुष मन पर्छन्, दुर्गाका अनुसार अधिकांश युवती जीवन साथी बन्ने पुरुषलाई नियालेर मात्र हेर्छन् । दुर्गाको तर्क छ- 'जीवनसाथी नै बन्ने पुरुष छ भने मेरा लागि ऊ क्युट हुनु पर्दैन । अरुका अगाडि उभिन सक्ने हुनुपर्छ, चलचित्रको हिरो झैं हुनु पर्दैन ।'

नलिना चित्रकार पहिलो



नजरमा पुरुषको व्यक्तित्व त हेर्छिन् नै, साथै ऊ कत्तिको निट एन्ड क्लिन छ, त्यो पनि हेर्छिन् । 'हेर्दै फोहोरी, भद्दा देखिने पुरुष कसैलाई पनि मन पर्दैनन्, नलिना भन्छिन्- 'राम्रो व्यक्तित्व भएको मानिसमा ड्रेसअप गर्ने शैली कस्तो छ, त्यो पनि हेर्छु ।'

कला सुब्बाले भने युवतीहरूको उमेरले उनीहरूले पुरुषलाई हेर्ने दृष्टिकोणमा विविधता पाइने धारणा व्यक्त गरिन् । कला भन्छिन्– 'उमेरअनुसार युवतीहरूले पुरुषको मूल्यांकन गर्छन् । टिनएजरहरूलाई राम्रो ड्रेसअप गर्ने, चकलेटी अनुहार भएका पुरुष मन पर्छन् । २० वर्ष कटेका युवतीहरू पुरुषको व्यक्तित्वका साथै उसले आफ्नो करियरलाई कसरी अघि बढाइरहेको छ त्यो पनि हेर्छन् । ३० वर्ष कटेका युवतीहरू भने घरजम गर्नकै लागि पुरुषलाई हेर्छन् । आर्थिक रूपले सक्षम छ कि छैन, भविष्य कस्तो हुने हो भन्ने कुरा हेर्ने युवतीहरू यो उमेर



समूहमा पर्छन् ।' कला आफैंचाहिं कुन समुहमा पर्छिन् त ? उनको जवाफ थियो– 'म त पक्कै पनि घरजम गर्नैका लागि हेर्छु नि !'

कुन्जना घिमिरेलाई पुरुषको व्यक्तित्वले आकर्षित गर्छ । उनी सर्वप्रथम पुरुषको आउटलुक नै हेर्छिन् । 'त्यसपछि उसको आँखा हेर्छु,' कुन्जना भन्छिन्– 'त्यसपछि मात्र मनभित्र छिरेर हेर्ने कि नहेर्ने तय हुन्छ ।' कुन्जनाका अनुसार युवतीहरू पुरुषको बोल्ने शैली तथा उसको स्टाइललाई पनि उत्तिकै ध्यान दिन्छन् ।

सलिना खड्का भने सबैभन्दा पहिले पुरुषको अनुहार हेर्छिन् । त्यसबाहेक उसको बोल्ने तथा ड्रेसअप गर्ने शैलीमा ध्यान दिन्छिन् । 'राम्रो व्यक्तित्व पुरुषले महिलाप्रति गर्ने व्यवहारमा पनि भर पर्छ । पहिलो भेटमै पुरुषको व्यवहार थाहा पाउन गाह्रो पर्छ । त्यसैले म मात्र होइन, अधिकांश युवती पहिलो नजरमा पुरुष आकर्षक छ कि छैन भन्ने कुरामा ध्यान दिन्छन् ।

शंखमूलस्थित एसभी एकेडेमीमा स्नातक तह दोस्रो वर्ष अध्ययनरत छात्राहरू अप्सरा कार्की, सरिता खनाल, शर्मिला थेबे तथा सोनम राईले पनि पहिलो नजर पुरुषको व्यक्तित्वमा नै पर्ने बताए । एउटा टेलिशृंखलामा अभिनय गरिरहेकी सरिता खनाल भन्छिन्– 'पहिलो भेटमा त पुरुषको व्यक्तित्व र अनुहार त हेर्ने हो नि !'


अमेरिकामा निर्मित विश्वको सर्वोत्कृष्ट पंचर प्रुफ जेल

Ride-On Tire Protection System — अब नेपालमा !

Ride-on TPS का फाइदाहरू:
- पंचर हुनबाट बचाउँने तथा टायरलाई सुरक्षित र संतुलित राख्ने ।
- टायरको आयू २५% भन्दा बढी लम्ब्याउने ।
- स्टिल भन्दा ६ गुणा बलियो रेसाबाट निर्मित ।
- हावाको प्रेसरलाई घट्न नदिने ।
- टायरलाई तात्न दिदैंन र पड्कनबाट जोगाउँछ ।
- वातावरण मैत्री र खिया प्रतिरोधक ।
- टायरमा एकचोटी हालेपछि दोहोर्‍याएर हाल्नु नपर्ने ।
- इन्धनको खपत तथा मर्मत सम्भार खर्च दुवै घटाउने ।
- मन्द वा तीव्र गति तथा जस्तोसुकै मौसममा प्रयोग गर्न सकिने।

डिलर चाहियो

Don't Drive Without It !

Sole Distributor for Nepal
EliteNepal PVT. LTD.
Swoyambhu,Ringroad,Kathmandu
Tel: 4034671, 72, 9849203303, 9751047666
E-mail: elite@mail.com.np
www.elitenepal.com

पंचर रहित यात्रा गरौं — एकचोटि भरौं, ढुक्क परौं

डिलरसिप लिन इच्छुक व्यक्ति तथा कंपनीहरुले चाँडै संपर्क गर्नुहोला ।



MOBILE तालिममा
Special छुट !
किन नि ?
MICROLINK
स्थापनाको 8 वर्षको शुभ-उपलक्ष्यमा
साथै Free Tools
Free Software पनि
सिप सिकौं, आर्जन गरौं
Grab the opportunity
'यो मौका फेरि आउँदैन है'
फोन नं.: ०१-४२६७९०४



ब्यूटिसियन कोर्ष
फ्रि ! फ्रि !! फ्रिमा !!!
Advance सिक्दा Basic फ्रिमा
बेसिक/एडभान्स/डिप्लोमा/स्पेशल सर्टकोर्ष
Hair State मा विशेष छुट ।
बिदेशजानेहरुलाई Special Class
रोजगारको ग्यारेन्टी
N.B.T.C. Gaushala
Ph: 016914439 / 9851116915



होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ ।
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver,Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 9721315801



होटल तालिम होटल खुमजुङ्गमा
छिटो अजि राम्रोसँग कुक, वेटर, हाउसकिपिङ्ग, लन्ड्री तथा सम्पूर्ण होटल तालिमहरुमा भर्ना लिइदैछ । साथै अंग्रेजी, जापानिज भाषाका कक्षाहरु पनि सञ्चालन गरिदैछ । विदेश जानेहरु, हाउसवाइफ, कुकिङ्ग र अंग्रेजी जान्दै नजान्नेहरुका लागि पनि Short Course को पनि व्यवस्था छ ।
Hotel Khumjung Pvt. Ltd.
फोन नं. 4016111 र 4016194
महाराजगंज चक्रपथ, नारायणगोपाल चोकबाट ३ मिनेट पूर्व
सिटी अफिस जमल रानी पोखरी विश्वज्योती हलसंगै फोन नं. 4249576



ब्युटीसियन कोर्स
नि:शुल्क
- नेपाल सरकारबाट मान्यता प्राप्त ।
- उत्कृष्ट एवं व्यवसायिक कोर्स ।
- रोजगारीको ग्यारेण्टी ।
- अनुभवी एवं दक्ष प्रशिक्षकहरुद्वारा तालिम दिईने ।
- विदेश जानेहरूको लागि Special Class

कोर्स: बेसिक, एड्भान्सड, डिप्लोमा, स्पेसल, हेयर ड्रेसिङ्ग, सर्ट कोर्सेस
ब्रीड अफ ब्युटि ट्रेनिङ्ग सेन्टर
फोन नं.: ०१-६२१८३९३
९८४९१३५०६१ / ९८०८१६२९७१
चाबहिल चोक, काठमाण्डौ



होटल तथा पर्यटन तालिम
- Tour and Travel Mgmt.
- Tour Operation
- Airlines Ticketing (Manual, Amadeus, Abacus, Galileo & IATA)
- Hotel Management
- F & B Management
- Cook
- Front Office
- Bartender
- Housekeeping
- Waiter
- Bakery
- Coffee Making

11th Year of Establishment
South Asia Tourism HRD Program based training
Compare our quality with the others
सम्पर्क: सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा. लि.
नयाँ बानेश्वर चोक, BICC को पश्चिम
www.shangrilatraining.com.np
©4472553/4475113
Affiliated to CTEVT
Associates HAN REBAN ATHTIN



उद्घोषण
प्रतिष्ठित NGO को सहयोगमा सिमित सिटका लागि
मात्र रु.१,५००।- मा
उद्घोषण तालिम
साथसाथै ४५ दिने Radio Technician तालिम
(Job Guarantee)
फोन नं.०१-४२४६१५५, ०१-२२९६४५७
Echo Media अद्वैतमार्ग,पुरानो बसपार्क



विशेष छुटमा !
होटल तालिम
100 % रोजगारमूलक
कुक/वेटर
- 5 Star होटलका प्रशिक्षकबाट तालिम
- विदेश जानेहरुका लागि विशेष कक्षा
कामना, कोटेश्वर
फोन नं.: ४६०१८७८/४६००३३५



होटेल तथा पर्यटन तालिम
रोजगारीको राम्रो मौका
Target Together: 'Tourism Year 2011'
Cook, Waiter/ess, Bartender, Housekeeping
- Travel & Tourism (Level-I) - 40 hrs
- English for Tourism(Level-I/II) - 38/43 hrs
- Marketing (Introductory) - 30 hrs
- Customer Service (Level-II) - 75 hrs
- Call Center Operations (New) - 40 hrs

Int'l Certificate from UK
LCCI London Chamber of Commerce & Industry International Qualifications
Indreni Tourism & Hotel Training Centre
Indreni Complex, New Baneshwor, Ph: 4783361

# सुत्केरी र महिनाबारी भएका महिलालाई छुन निषेध



## बढैया सिमसार

**राजेन्द्र नाथ**

बर्दिया- आदिबासी थारु बस्तीको बीचमा छ- बढैया ताल । ‘थारू भाषाको बढिया शब्द अपभ्रंस भएर बढैया भएको हो, जसको नेपाली अर्थ हुन्छ- सुन्दर अर्थात् राम्रो ।’ स्थानीय थारु अगुवा मिहिराम थारु भन्दै थिए- ‘अहिले पनि सुत्केरी र महिनावारी भएका महिलाले तालको पानी छुदैनन् । शव जलाउन, कपाल फाल्न तथा फोहोर गर्न बर्जित गरिएको छ, त्यसैले ताल सुन्दर मात्र होइन, पवित्र पनि छ ।’

थारु बस्तीमा यो तालका बारेमा थुप्रै ऐतिहासिक एवं धार्मिक मान्यता प्रचलित छन् । ती मान्यताले यसको पवित्रता एवं सुन्दरता बचाउन भूमिका खेलेका छन । थारु अगुवाहरूका अनुसार, परापूर्व कालमा देवीले देवताहरूसँगस्नान गर्न आफूलाई ताल बनाइदिन अनुरोध गरेकी थिइन् । त्यसैले देवताहरू मिलेर यो ताल निर्माण गरेका हुन् । त्यसको संरक्षणमा लागि उनीहरूले तालमा एक जोडी नाग-नागिन छाडिदिए । त्यसैले तालमा फोहर गरे नागले डस्ने तथा अनिष्ट हुने विश्वास गरिन्छ । अहिले आएर यो मान्यता ताल संरक्षणमा सहयोगी भएको छ । ‘तालमा फोहोर गर्न रोक लगाइएको छ । सुत्केरी महिलाले पानीसमेत छुँदैनन् ।’ ताल संरक्षणमा संलग्न महिलाहरूले बताए ।

बर्दियाको सोरहवास्थित १ सय १० बिघा क्षेत्रफलमा फैलिएको विशाल तालको दक्षिण किनारमा देवीको मन्दिर ‘देउठन्वा’ छ । तालमा भएका कुनै चीज उपयोग गर्नुभन्दा पहिले देवीको पूजाआजा अनिवार्य रूपमा गर्नुपर्छ नत्र देवी रिसाउने विश्वास गरिन्छ, तर स्थानीयवासीले बढैया अर्थात् सुन्दर तालबाट मनग्य फाइदा भने लिन सकेका छैनन् । त्यसैले तालको जैविक विविधतालाई कायम राख्दै यसको पर्यटकीय विकासका लागि अहिले स्थानीयवासीहरू एकजुट भएका छन् ।

‘व्यापारिक तथा छोटो सोचका साथ स्थानीय निकाय माछापालनको ठेक्कामा मात्र केन्द्रित भएकाले यसको विकास हुन नसकेको हो,’ सोरहवा गाविस सचिव प्रकाश माझीले बताए । जिल्ला विकास समितिले पछिल्लो पटक एक वर्षका लागि माछा मार्न ताल ठेक्कामा दिएको छ । द्वन्द्वको समयमा माओवादीले ताल कब्जामा लिएर एकलौटी ढंगले ठेक्कामा दिएका थिए । यो काललाई सरकारी निकाय तथा समुदायमध्ये कसको स्वामित्वमा राख्ने भन्ने विषयमा समेत विवाद बढेको छ ।

जैविक विविधताले सम्पन्न बढैया ताल बर्दियाको प्रमुख सीमसार क्षेत्र पनि हो । सयौं पाहुना पंक्षी हिउँदयाममा यहाँ जाडो छल्न आउँछन् । नजिकै बर्दिया राष्ट्रिय निकुन्ज भएकाले बढैया ताल त्यहाँका रैथाने पंक्षीहरूको घरबास पनि भएको छ । यस्तोमा आन्तरिक तथा बाहृय पर्यटकहरूलाई तान्न सके स्थानीय बासिन्दाको जीवनस्तरमा ठूलो परिवर्तन आउने कुरामा सबैको एकमत छ । ‘पर्यटन मात्र होइन, यसको जैविक विविधतालाई बचाउँदै संरक्षण गर्नु आवश्यक छ,’ बर्दिया पर्यापर्यटन समितिका अध्यक्ष कृष्णप्रसाद भट्टराईले बताए ।

पछिल्ला दिनमा मानव अतिक्रमणसँगै उचित संरक्षणको अभावमा ताल खुम्चँदै गएको छ । केही मानिसले तालको जग्गा अतिक्रमण गरेका छन् । जिल्ला विकास समितिका प्रतिनिधि गोविन्द लामिछानेले १९ जनाले तालको भूभाग आफ्नो नाममा गरेको पाइएकाले उक्त दर्ता बदरका लागि जिल्ला मालपोत कार्यालयलाई पत्राचार गरिएको बताए । ‘वर्षौंदेखि जोगीदै आएको तालबाट फाइदा लिन सकिएन ।’ संरक्षण समितिका अध्यक्ष देबबहादुर गुरुङ भन्छन्- ‘सरकारले पर्यटकीय क्षेत्र घोषणा गरेर यसको विकासमा सहयोग गर्नुपर्छ ।’



## घुम्न जाऔं

# दामन-पालुङ

***सीमभन्ज्याङको चिसो है बतास***
***माया लाउन नगर हतार***
***टिस्टुङ पालुङ गाउँ, ऋषेश्वर स्थानैमा***
***माया-प्रीति लाऊँ***

स्थानीय लोकदोहोरी गायक मुक्तिनाथ उप्रेतीले रचेको गीतको यो हरफले दामन-पालुङको पर्यावरणलाई इंगित गर्छ । पक्कै पनि मायामा परेका अनि प्रकृतीप्रेमीहरूका लागि दामन-पालुङ एउटा रमाइलो विकल्प हुन सक्छ । २ हजार ४ सय २६ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको मकवानपुर जिल्लामा प्राकृतिक एवं धार्मिक विविधता पाइन्छ । नेपालको मध्यभागमा अवस्थित मकवानपुरको नाम सेनवंशी राजा मुकुन्द सेनको नामबाट राखिएको भनाइ छ । त्रिभुवन राजपथको निर्माणसँगै मकवानपुरको विकास एवं विस्तार भएको देखिन्छ, तर अहिले भने यो जिल्ला केही ओझेलमा परेको छ ।

प्राकृतिक तथा ऐतिहासिक महत्त्व बोकेको मकवानपुरका बारेमा बाहिर आउन नसकेका विभिन्न पक्ष छन् । विविध धार्मिक, सांस्कृतिक, प्राकृतिक, ऐतिहासिक इत्यादि कारणले मकवानपुरमा अध्ययन-अनुसन्धान एवं भ्रमणको प्रचुर सम्भावना छ । दामन-पालुङ क्षेत्रलाई लालीगुराँस, सुनगाभाजस्ता महत्त्वपूर्ण प्राकृतिक सम्पदाको स्रोतका रूपमा समेत लिइन्छ । पर्यटनका दृष्टिले दामन-पालुङलाई उदाहरणीय क्षेत्र मानिन्छ । काठमाडौंबाट करिब ३ घण्टामा पुग्न सकिने दामन-पालुङ क्षेत्रमा पर्यटकीय आकर्षणका क्षेत्रहरू प्रशस्त छन् । त्रिभुवन राजपथ, दक्षिणकालीबाट कुलेखानी हुँदै वा थानकोटको चन्द्रागिरी हुँदै यो क्षेत्र पुग्न सकिन्छ ।

मकवानपुरको उत्तरी भेगदामन, पालुङ, बज्रवाराही तथा चित्लाङलाई पर्यटकीय दृष्टिले नमुना क्षेत्रका रूपमा लिन सकिन्छ । यहाँका ऐतिहासिक अभिलेख तथा संस्कृतिले इतिहासको अध्ययनमा समेत ठूलो भूमिका खेलेका छन् । दामनको भ्यू टावरदेखि सीमभन्ज्याङको वातावरणले जो-कोहीलाई मोहनी लगाउँछ । ऋषेश्वर मेला तथा इन्दायणी जात्रामा तीर्थालुहरूको घुइँचो लाग्छ । हिउँ पर्ने समयमा यहाँ काठमाडौं, हेटौंडादेखिका मानिसको घुइँचो लाग्ने गरेको छ । यहाँबाट नेपालका अधिकांश हिमालको दृश्यावलोकन गर्न सकिन्छ । यद्यपि विस्तृत जानकारी एवं चर्चाको अभावमा यो क्षेत्र अहिले ओझेलमा परेको छ ।

नेपाल सरकारले सन् २०११ लाई पर्यटन वर्षका रूपमा मनाउन लागेको छ । १० लाख पर्यटक भित्राउने योजना बनाइए पनि यहाँ आवश्यक पूर्वाधार खडा गर्न र प्रचारप्रसारमा त्यति ध्यान दिन सकिएको छैन । पर्यटकीय क्षेत्र दामनको आफ्नै महत्त्व छ । दामन-पालुङमा अहिले होमस्टे कार्यक्रम पनि लागू भैसकेको छ । यस क्षेत्रका मानिसहरू पर्यटकको पर्खाइमा छन् । काठमाडौंबाट नजिक भएकाले पनि यो क्षेत्र लोकप्रिय हुन सक्छ । मकवानपुरको पर्यटन विकासका निम्ति हाल विभिन्न संस्थाले कार्य गरिरहेका छन् ।

दामन, पालुङकै आधारमा अवस्थित बज्रवाराहीमा विभिन्न ऐतिहासिक तथ्य फेला परेका छन् । यसलाई एउटा सानो उपत्यकाका रूपमा समेत लिइन्छ । यहाँका अवशेषहरूलाई संरक्षण एवं उचित प्रवर्द्धन गर्ने हो भने इतिहासको नयाँ पाटोलाई आत्मसात् गर्न सकिनेछ । तीन वर्षमा एकपटक तीन दिन मेला लाग्ने बज्रवाराही मन्दिरमा विभिन्न क्षेत्रबाट भक्तजनहरू आउने गरेका छन् । त्यस्तै यहाँ मनकामना, गणेश आदिका थुप्रै मठमन्दिर तथा गुम्बाहरू छन् । स्थानीय संस्कृति एवं रीतिरिवाज अन्य क्षेत्रभन्दा अलग भएकाले विद्यार्थीहरूका लागि पनि उक्त क्षेत्र उपयुक्त हुनसक्छ । परम्परागत वेशभूषा, बाजा, पेसाजस्ता अनेक कुरा यहाँ देख्न सकिन्छ । विशेषतः नेवारी र तामाङ समुदायका मानिसहरू धेरै भएकाले उनीहरूको मौलिक पहिचान बुझ्न पनि यो क्षेत्र महत्वपूर्ण छ ।

माछाका लागि प्रसिद्ध क्षेत्र कुलेखानी पनि यहीं पर्ने हुँदा भ्रमणलाई थप मनमोहक बनाउन सकिन्छ । यो क्षेत्रलाई कुलेखानी जलाधार क्षेत्र घोषणा गरेर संरक्षणको प्रयास भैरहेको छ । पहिले जस्तो जथाभावी माछा पाल्ने, माछा मार्ने जस्ता काममा प्रतिबन्ध लगाइएको छ । कुलेखानीमा मोटरबोटको व्यवस्था हुनुका साथै पर्यटकका लागि आवश्यक पूर्वाधारको व्यवस्था गरिएको छ । अर्को कुरा, नेपालमा दुर्लभ मानिने बाख्राको चीज चित्लाङमा पाइन्छ । स्वच्छ एवं मनोरम वातावरणमा रमाउनेहरूका लागि स्वच्छन्द्र भैरव महादेवस्थान उपयुक्त स्थल हो । यही मार्ग भएर पनि चन्द्रगिरि हुँदै राजधानी फर्कन सकिन्छ । करिब १ घण्टाको उकालो-ओरालो तथा जिपको यात्राबाट राजधानी आउने यो छोटो विकल्प पनि हो ।

**रामजी बलामी**



# बन्दीपुरमा वनभोज खानेहरूको घुइँचो

तनहुँ- जाडो मौसम प्रारम्भ भएलगत्तै पर्यटकीय नगर बन्दीपुरमा वनभोज खान आउनेहरूको घुइँचो लाग्ने गरेको छ । जाडो मौसमसँगै एकाबिहानै सूर्योदय र खाना पकाउँदै लहरै हिमश्रृङ्खला हेर्न पाइने भएकाले यहाँ मुलुकका विभिन्न क्षेत्रबाट वनभोज खान आउनेहरूको घुइँचो देखिएको हो । अन्य दिनमा भन्दा शुक्रबार र शनिबार बन्दीपुरमा वनभोज आउनेहरूको बाक्लो भीड देख्न सकिन्छ ।

पोखरास्थित नगर विकास कार्यालयवाट २० जना साथीसहित वनभोज खान आएका कृष्ण न्यौपानेले एउटै चउरमा वनभोज खानेहरूको धेरै टोलीको दृश्यले हाटबजारको झझल्को दिएको बताए । ‘मानिसहरूको घुइँचो थामिनसक्नु हुँदो रहेछ ।’ उनले वनभोजमा प्रायः एउटै उमेर समूहका युवाको उपस्थिति बाक्लो देखिएको बताउँदै भने, ‘यहाँ त सोचेभन्दा पनि निकै रमाइलो हुँदो रहेछ ।’

बन्दीपुरको टुँडिखेल र तीनधारामा प्रत्येक शुक्रबार र शनिबार वनभोज खानेहरूको उपस्थिति हुन्छ । वनभोजमा रमाउनेहरूमा युवाहरूको संख्या बढी देखिन्छ । जिल्लाको क्यामिन कलेस्ती बजारस्थित कलेस्ती युवा क्लबका अध्यक्ष शिवलाल प्रधानले बिहान क्लबका सदस्यहरू निस्कन ठिला भएकाले दुईवटा मोटरसाइकलमा चउर ओगट्न त्रिपालसहित चार जना साथी पठाएको बताए । ‘बिहानै नआए ठाउँ पाउन मुस्किल हुन्छ भन्ने सुनेको थिएँ ।’ बिहान नौ बजेतिर बन्दीपुर आई पुगेका प्रधानले भने, ‘केही समय ढिला भएको भए सल्लाघारी तिर जानुपर्ने रहेछ ।’ उनले एकै ठाउँमा यतिका वनभोज समूह यसअघि कहिल्यै नदेखेको बताए ।

नुवाकोट, कर्मेटार तुप्छेका विष्णुप्रसाद अधिकारीले पिकनिकका लागि बन्दीपुर आउने पहिलेदेखिको चाहना मात्र मेटिएको बताए । ‘पिकनिकका लागि बन्दीपुर राम्रो ठाउँ रहेछ भन्ने कुरा धेरै साथीबाट सुनेको थिएँ ।’ ४२ वर्षीय अधिकारीले वनभोजका लागि ठाउँ नपाइने समस्या रहेको बुझेपछि बिहान करिब साढे तीन बजे बस रिजर्भ गरी करिब ७ बजे बन्दीपुर आएको बताउँदै भने, ‘बिहानै नआएको भए जंगलतिर जानुपर्दो रहेछ ।’

वनभोज खाने प्रत्येक समूहबाट बन्दीपुर गाविसले २ सय रुपैयाँ वनभोज शुल्क उठाउने गरेको छ भने विद्युत् र तारको व्यवस्था स्थानीय व्यक्तिहरूले स-शुल्क मिलाउँदै आएका छन् । गाविसकी कर्मचारी सीता सुनारले कात्तिकदेखि माघ मसान्तसम्ममा पर्ने बिदाका दिनहरूमा उक्त चउरमा वनभोज खाने २० देखि ३५ सम्म समूह हुने गरेको बताइन् । सुनारले वनभोज खाने समूहहरूको बाक्लो भीडले चउर भरिभराउ भएपछि करिब १५ मिनेट पर रहेको तीनधारामा समेत आठ-दस समूह जाने जानकारी दिइन् । उनले वनभोज खान आउने समूह बाक्लिएपछि पानी, बदाम, भटमास तथा सुन्तला व्यापारीहरूले समेत राम्रो कमाइ गरिएको बताइन् । सुनारले भनिन्, ‘कहिले त शुल्क उठाउँदैमा दिन बित्छ ।’

**पूर्ण विके**



तस्बिर : नवराज बाग्ले

# नजिकिँदै छ प्रविधि सम्बद्ध मेला

**क्यान इन्फोटेक माघमा**

क्यान इन्फोटेक काठमाडौंको भृकुटीमण्डपमा माघ १८ गते प्रारम्भ हुनेछ। बर्सेनि आयोजना हुँदै आएको यो मेला छ दिनसम्म चल्नेछ। प्रविधिका पछिल्ला उपलब्धिहरूका सम्बन्धमा प्रत्यक्ष साक्षातकार गर्न पाइने मेलाप्रति सर्वसाधरणको व्यापक चासो बढ्दै गएको छ। विश्व बजारमा देखिएका नयाँ प्रविधिसम्बन्धी जिज्ञासा मेट्न मेला उपयुक्त गन्तव्य बन्ने गरेको छ। यसपालि राजधानीपछि पोखरा, दाङको घोराही, नेपालगञ्ज, चितवन, तथा धरानमा इन्फोटेकको आयोजना गर्न लागिएको छ। कम्प्युटर, ल्यापटप, क्यामेरा, मोबाइल, पेनड्राइभ, आइपोड, टेलिभिजन, एन्टिभाइरस, नेटवर्किङ डिभाइस जस्ता प्रविधिका थुप्रै नयाँ स्वरूप देख्न पाइनुनै मेलाको विशेषता हो। मेलामा सूचना र प्रविधिको विकाससँगै देखिएका नयाँ सामग्रीको अवलोकन तथा प्रविधिसम्बन्धी जानकारी गराइनेछ।

क्यानले आयोजना गर्ने यो मेलालाई 'प्रविधिसम्बन्धी जानकारी हासिल गर्ने' अवसरका रूपमा लिइन्छ। क्यानकै अवसरमा प्रविधिविज्ञहरूको अन्तर्क्रियात्मक कार्यक्रम आयोजना गरिँदै आएको छ। सम्मेलनमा देश विदेशका प्रविधिविज्ञको जमघट हुने गरेको छ। यसवर्ष 'नेस्ट विल्ड इ-नेपाल: अ फ्युचर डिस्टेनी' शीर्षकमा सम्मेलन हुने आयोजकहरूले बताएका छन्। 'यसका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रविधिविज्ञहरूलाई निमन्त्रणा गरिएको छ,' क्यानका अध्यक्ष सुरेश कर्णले भने।

मेलामा हुने भीडका कारण कतिपय अवलोकनकर्ताले सास्तीसमेत भोग्नु परेको सुनिन्छ। 'प्रविधिसम्बन्धी जानकारी दिन' आयोजना गरिएको मेला सामग्री खरिद बिक्री गर्ने थलो मात्र बनेको आरोप पनि क्यानले खेप्दै आएको छ। 'यसपालि भने त्यस्तो अवस्था आउनेछैन' महासचिव विनोद ढकालले भने, 'खरिद बिक्रीभन्दा पनि सूचना आदान-प्रदानलाई प्राथमिकता दिएका छौं।' मेला आयोजनाका लागि खुला गरिएका सबै स्टल बुक भैसकेको छ। क्यानका अध्यक्ष कर्णले भने-'अझै पनि २०-२५ वटा कम्पनीहरू वेटिङमा छन्।' यसपालि करिब ३ सय स्टल रहेन उनले बताए। मेला आयोजना स्थल गत वर्ष भन्दा केही व्यवस्थित भएकाले धेरै स्टल समेट्न खोजिएको क्यानले जनाएको छ। कतिपय कम्पनीले मेलामा आफ्ना सार्वजनिक गर्ने छन्। 'ती कम्पनीहरूले कुनै न कुनै नयाँ उत्पादन सार्वजनिक गर्नेछन्' महासचिव ढकालले भने, 'तर, अहिले नै उनीहरूले यो कुरा सार्वजनिक गर्दैनन्।'

**दुई सातापछि आईसिटी इन्फोट्रेड**

आउँदो पुस २१ गतेदेखि आईसिटी इन्फोट्रेड ब्रान्डिङ एक्स्पो-२०११ हुँदैछ। प्रविधि सम्बद्ध जानकारी तथा सूचना प्रदान गर्ने उद्देश्यले आईसिटी एसोसिएसनले एक्स्पो आयोजना गर्न लागेको हो। प्रविधिको उक्त मेलामा ब्रान्डिङ सामग्रीहरू मात्र प्रदर्शन गरिनेछ। यो मेला 'व्यवस्थापनको दृष्टिले हालसम्मकै उत्कृष्ट हुने' व्यावस्थापनको जिम्मा लिएको जुम इन्भेष्टमेन्टले दावी गरेको छ। मेलामा ब्रन्डेड कम्प्युटर, ल्यापटप, मोबाइल, टेलिभिजन, आइपोड, पेनड्राइभ, हुफर, डिभिडी आदि राखिनेछन्। त्यस्तै प्रिन्टर, एलसिडी तथा एलइडी टिभी, सफ्टवेयर, शैक्षिक सामग्री, पावर इक्विपमेन्ट, डिजिटल इक्विपमेन्ट, टेलिकम्युनिकेसन आदि सामग्री पनि मेलामा उपलब्ध हुनेछ। ३२ वटा अन्तर्राष्ट्रिय ब्रान्डेड कम्प्युटर कम्पनी, १० ब्रान्डेड मोबाइल कम्पनी आदिको सहभागिता रहने मेलामा १ सय २० वटा स्टल रहनेछ। अवलोकनकर्ताले प्रोजेक्टरको माध्यमबाटै मेलासम्बन्धी सम्पूर्ण जानकारी लिन सक्नेछन्। प्रोजेक्टर मार्फत नै कुन कुन स्टल कहाँ छ, के के सामन पाइन्छ, कुन बाटोबाट त्यहाँ पुग्न सकिन्छ भन्ने अग्रिम जानकारी हासिल गर्न सकिन्छ। 'यसले गर्दा अवलोकनकर्ता धेरैतिर अलमलिनु पर्नेछैन,' संयोजक उपाध्ययले भने, 'चाहेको सूचना सजिलै पाउन र किनमेल गर्न सकिनेछ।' मेलामा वाइफाई इन्टरनेटको निःशुल्क उपभोग गर्नपाइनेछ।

एसोसिएसनको वेबसाइटबाट अनलाइन रजिस्टेसन गर्नेले मेलामा निःशुल्क प्रवेश पाउने व्यवस्था छ। यो मंसिर २४ देखि पुस १० गतेसम्मका लागि खुला गरिएको छ। आईसिटी डट ओआरजी डककमबाट रजिस्टेसन गरेपछि त्यसले एउटा कोड नम्बर उपलब्ध गराउनेछ। उक्त कोड नम्बरका आधारमा मेलास्थल प्रवेशका लागि कार्ड पाइनेछ। यसरी रजिस्टेसन नगर्नेले मेला अवलोकनका लागि प्रवेश शुल्क तिर्नुपर्नेछ। यसका लागि विद्यार्थीले ५० रुपैयाँ तथा अन्य सर्वसाधरणले १ सय रुपैयाँ तिर्नुपर्ने छ। मेलामा विभिन्न सामग्रीको खरिद बिक्रीमा विशेष छुटको व्यवस्था समेत हुने आयोजकहरूको दाबी छ।

**शिव मुखिया**


तु-आवश्यकता

American company को लागि कर्मचारी आवश्यकता

योग्यता: SLC, PCL or Above

संख्या: 13 Ladies & Gents

तलब: 13000

USI / UAI

9841691218 / 2292363

9808750968 / 9841747489

9808902932

कलंकी खसिबजार / मित्रपार्क चोक चावहिल

Urgent परेको हुंदा Document सहित तुः सम्पर्क राख्नुहोला

यौन शक्ति आकर्षक स्तन

सानो, ठुलो, टाईट, सुडाल बनाउने क्रिम तथा व्यायम मेशिन

चायाँ पोतो हटाउने क्रिम

लिङ्ग:- लम्बाई, मोटाई, यौनपावर शिघ्रपतन, अधिक आनन्दको लागि साण्डाको तेल व्यायम मेशिन

मोटोपना:- घटाउने/बढाउने

गुप्ताङ्ग:- टाईट गर्ने जेल

चिरा महिलाको पेट वा छातिमा भएको सेतो धर्सा हटाउने।

HERBAL SHOP NEPAL

01-2296904, 9808468350







# वलीको दौडाहा

चर्चित गायिका कोमल वली यतिखेर सांगीतिक दौडाहामा छिन् । अघिल्लो साता भैरहवामा हजारौं दर्शकलाई आफ्नो स्वरमा लठ्याउन सफल कोमलले यात्राका क्रममा सबै स्थानमा नेपाली श्रोताको माया पाएको बताइन् । पोखराबाट प्रारम्भ भएको उनको यात्रा सल्यान, सुर्खेत हुँदै भैरहवासम्म पुगेको छ । मंसिरको दोस्रो साता पोखरा महोत्सवमा सबैलाई झुमाउन सफल वली त्यहाँको व्यापारमेला सकिएपछि सल्यानका दर्शकलाई नचाउन पुगिन् । 'कालो टोपी कालै छ, मलमल कीरी जूनकीरी, पोइला जान पाम, कोही माग्न आ'छैन, झ्वाक तन्नेरी' आदि उनले स्टेजमा प्रस्तुत गर्ने गीत हुन् । 'सल्यानमा दर्शकको थामिनसक्नुको भीड देखेपछि हर्षले मेरा आँखा रसाए', गायिका वलीले साप्ताहिकलाई भनिन्- 'नेपाली जनताको मन जित्ने गीत गाएर कमाएको प्रतिष्ठाका रूपमा मैले उक्त उपस्थितिलाई ग्रहण गरे ।' सल्यानी जनताले गाडीमा सवार वलीलाई तानेर तस्बिर खिचाएका थिए । सल्यानपछि सुर्खेतमा आयोजित समारोहमा पुगेकी वलीले त्यसपछि भैरहवा रंगशालालाई संगीतमय बनाइन् । गायिका वली भन्छिन्- 'दर्शकको माया पाएसम्म कोमल वली संगीतीक कर्न्सटमै व्यस्त रहन्छे ।'



# रिटायर जीवन चलचित्र निर्माण

अभिनयप्रतिको लगावकै कारण बेलायतदेखि नेपाल आइपुगे ध्रुवदत्त । सपरिवार बेलायतमा बस्दै आएका ध्रुवदत्तले चलेका निर्देशकसित मात्र काम गर्ने वाचा गरेका छन् । त्यो पनि वर्षमा एक चलचित्र लागि मात्रै काम गर्ने बताएपछि यतिबेला ध्रुवदत्तलाई निर्देशक तुलसी घिमिरेले 'मृगतृष्णा'मा अभिनय गराइरहेका छन् । ध्रुवदत्तद्वारा अभिनीत 'वीरताको चिनो' प्रदर्शनको पर्खाइमा छ । चर्चित नायक होइन, कुशल अभिनेता बन्ने मनस्थिति बोकेर चलचित्रमा होमिएका ध्रुवदत्त आफू सौखिन कलाकार भएको बताउँछन् । नेपाल आएको बेला चलचित्रमा काम गरिहाल्ने नपाए बेलायततिरै फर्केर आफ्नो मेसो गर्ने भए पनि उनको अवकाशपछिको जीवन भने नेपाली चलचित्र निर्माणमा बिताउने योजना छ । ध्रुवदत्तले दर्जनौं म्युजिक भिडियोमा मोडलिङ गरिसकेका छन् भने चलचित्र 'द प्लान' र 'विष' मा पनि उनलाई देख्न सकिन्छ ।

## राजेश हमाललाई
# सर्वप्रिय महानायक सम्मान



२० दशकदेखि नेपाली चलचित्र क्षेत्रमा अनवरत योगदान गरेको कुरा बताउँदै राजेश हमाललाई कीर्तिपुर मच्छेगाँउमा विशेष सम्मान गरिएको छ । कीर्ति-विष्णुदेवीमाई तथा सात गाउँले जात्राको अवसरमा उनलाई 'सर्वप्रिय महानायक विशेष सम्मान' द्वारा सम्मानित गरिएको हो । हमाललाई नेपाल सरकारका मुख्यसचिव माधवप्रसाद घिमीरेले दोसल्ला ओढाई ताम्रपत्रसहित सम्मान प्रदान गरेका थिए । उक्त अवसरमा हमालसहित अन्य झन्डै दुई दर्जन कलाकारलाई सम्मान गरिएको थियो । सम्मानित हुनेहरूमा दुई दशकभन्दा लामो समयदेखि योगदान दिनेदेखि छोटो अवधिमै आफ्नो क्षेत्रबाट महत्त्वपूर्ण योगदान पुऱ्याउनेहरू छन् । सम्मानित हुनेहरूमा रंगकर्मी वीरेन्द्र हमाल, द्वन्द्व निर्देशक एनबी महर्जन, नृत्य निर्देशक वसन्त श्रेष्ठ, हास्यकलाकारहरू नारद खतिवडा, केदार घिमिरे (माग्नेबुढो) सुरेन्द केशी (मुलासाग) शिवशंकर रिजाल (जोगिन्दर), पल्पसा डंगोल, रवि डंगोल (बेइमान) मन्जु श्रेष्ठ (बिजुली), गायक/संगीतकार शिव परियार, पर्यटन व्यवसायी गायक /गीतकार, गणेश न्यौपाने, गायक अर्जुन कुमार, किशोर शाही, टेलिभिजन पत्रकार प्रदीप निरौला तथा चलचित्र पत्रकार लक्ष्मण सुवेदी थिए । त्यसैगरी नेवारीतर्फ चलचित्र निर्देशक सुरेन्द्र तुलाधर, नायक हरिश तण्डुकार, नायिका भिन्तुना जोशी, द्वन्द्व निर्देशक सूर्य थोकर, गायक सानुबाबु महर्जन, गायिका अनिता महर्जन छन् । उक्त अवसरमा समाजसेवी तेजमान बज्राचार्य एवं बक्सिङ खेलाडि दीपक महर्जन पनि सम्मानित भएका थिए ।

# राई इज किङको म्युजिक भिडियो

साप्ताहिकले गायक राजेश पायल राईका लागि जुराइदिएको पगरी 'राई इज किङ' चाँडै नै गीतिसंग्रहको शीर्षक बनेर श्रोता दर्शकमाझ आउँदैछ । गत वर्ष दर्शन नमस्ते गीतिसंग्रह श्रोतामाझ ल्याएका राजेशले राई इज किङ आफ्नो जीवनकै महत्वाकांक्षी गीतिसंग्रह बन्ने जिकिर गरे । 'यही शीर्षकमा चलचित्र पनि निर्माण भैरहेको छ,' राईले साप्ताहिकसँग भने- 'राई इज किङका सबै गीत श्रोताको मन जित्न सफल हुने विश्वास भएकाले भरसक सबै गीतको म्युजिक भिडियो निर्माण गर्ने तयारीमा छु ।' गायक राईका अनुसार 'राई इज किङ' एल्बममा समावेश दुई गीत 'आफ्नो छैन आफ्नो मन' र 'विचार चोगे' को म्युजिक भिडियो छायांकन सम्पन्न भैसकेको छ । यी दुवै भिडियोको निर्देशन मिलन च्याम्सले गरेका हुन् । नवराज लम्सालको शब्दमा तयार पारिएको 'आफ्नो छैन आफ्नो मन' भिडियोमा राजेश पायल राईका अतिरिक्त दिया मास्के, मारिया सुब्बा तथा कार्लोस टेरुअलको अभिनय छ । त्यस्तै विमल डाँगीको रचना विचार चोगेको म्युजिक भिडियोमा गायक राई तथा नायिका ऋचा शर्माको अभिनय छ । भिडियोको छायाकंन रोशन श्रेष्ठले गरेका हुन् ।



# चुलबुल पाण्डे कि शत्रुध्न सिन्हा



'पहिलो प्रेमको पहिलो कम्पन' चलचित्र 'फस्टलभ'को यो गीतमा रोमान्टिक नृत्य गर्ने नायक कर्मलाई 'सानो संसार'मा नायिका नम्रता श्रेष्ठको पछि-पछि लाग्ने सोझो युवकको चरित्र पनि सुहाएको थियो । ती दुई चलचित्रपछि उनको तेस्रो चलचित्र 'एकदिन एक रात'मा उनी टेलिभिजनका न्युज क्यामेराम्यान भएका छन् । लामो कपाल, आँखामा गगल्स, कानमा इयर फोन लगाएका उनी उक्त चलचित्रमा आफुलाई दिइएको चरित्रलाई दुरुस्त उतार्ने प्रयास गरेको बताउँदै थिए । ललितपुरमा निर्माता निर्मलरत्न शाक्यको रेस्टुराँमा भएको प्रचारक पत्रकार सम्मेलनमा उनको प्रवेश हुनेबित्तिकै अभिनेता विनय श्रेष्ठले उनलाई 'खामोश' भन्दै शत्रुध्न सिन्हाको ट्याग भिडाए । मुसुमुसु हाँसिरहने स्वभावका कर्मलाई त्यसो भनिनु स्वाभाविक थियो । किनभने ओवरकोट, टाउकोमा कालो क्याप, अनि पातलो कालो जुंगामा उनी ७० दशकका शत्रुध्न सिन्हाजस्तौ देखिन्थे । हरेक चलचित्रमा भूमिकाअनुरूप फरक शैलीको गेटअप अपनाउने निधो गरेका यी थियटरका कलाकारले तुलसी घिमिरेको निर्देशनमा छायांकन भैरहेको चलचित्र 'मृगतृष्णा'मा प्रहरी इन्सपेक्टरको भुमिका निर्वाह गरेका छन् । त्यो कुरा थाहा पाएपछि हामीलाई 'दबंग'मा सलमान खानले निर्वाह गरेको इन्सपेक्टर चुलबुल पाण्डेको गेटअपको सम्झना आयो । त्यसमा पनि सलमानले कर्मले जस्तै पातलो जुंगा पालेका थिए । एउटा कुरा नि, चलचित्रमा प्रहरीको चरित्र निर्वाह गराउनेबित्तिकै जुंगा नै पाल्नुपर्छ र ? कर्मको जवाफ आयो- 'मैले जुँगा पालिन भने फिल्मका मुख्य पात्र विराज भट्ट मभन्दा बूढो देखिनुहुन्छ होला नि त ।'

# फरक शैलीका खलपात्र

चलचित्रमा पुराना खलपात्रहरू विस्तारै विस्थापित भैरहेको अवस्थामा सागर अन्सारी भने फरक शैलीमा खलपात्र भएर देखा परेका छन् । तिमीबिनाको संसार, तिम्रो मेरो प्रेम कहानी, ग्याङ लिडर, यस्तो पनि हुन्छ र माया, कालापानीजस्ता चलचित्रमा खलपात्रको भूमिका निर्वाह गरिसकेका अन्सारी वास्तविक जीवनमा भने मिलनसार व्यक्तित्वका रूपमा चिनिन्छन् । गोर्खा बजारमा कपडाको व्यवसाय गर्दै आएका अन्सारी चलचित्रमा खुङ्खार पात्रका रूपमा देखा पर्ने भए पनि उनी अरूभन्दा भिन्न हास्य खलपात्रका रूपमा चिनिन चाहन्छन् । अभिनयको माध्यममा कुनै पनि भूमिकालाई सहजताका साथ निर्वाह गर्न आफू तयार रहेको बताउने अन्सारी चलचित्र उद्योगमा सम्पूर्ण वर्गको सोचले नै उद्योगको विकास हुने विश्वास राख्छन् ।





## ● लभ गुरु रेखा ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म २० वर्षीय गाउँले युवक हुँ र +२ मा पढ्दै छु। मलाई कहिलेकाहीं यस्तो लाग्छ कि मलाई मन परेको व्यक्तिलाई कसैले नछुओस। मलाई यौन भन्ने शब्द सुन्दा नै घृणा लाग्छ। मलाई त्यो कुनै फ्याकिएको फूल, रस चुसिएको फल वा ओइलिएको फूल सरह लाग्छ, तर पनि म कसैलाई मन पराउँछु र उनी बिना मेरो जीवन अधुरो छ। हाम्रो सम्बन्ध उनको आमाबुवालाई समेत थाहा छ। उनका आमाबुवा मलाई आफ्नो सन्तान झैं मान्छन्। जसलाई म मन पराउँछु उनलाई १३ वर्षकै उमेरमा कसैले ललाइ-फकाइ यौन सम्पर्क गरेको थियो रे। यो कुरा सुनेर म मर्नु न बाँच्नु भएको छु। ती युवतीलाई छाडेर कहाँ जाने ? तर उनका बारेमा सुन्दा मेरो मनले मान्दैन। यस्तो स्थितिमा म के गरुँ ? के कुनै पनि किसिमको यौन सम्बन्धलाई सामान्य रूपमा लिन मिल्छ ? यदि होइन भने म कसरी आफ्नो मनलाई सम्झाउ ? कतै ती युवतीसँग विवाहपछि मेरो जीवन बर्वाद हुने त होइन ?**

**क्रा.**

तपाईंको प्रश्नले मलाई चकित तुल्याएको छ। एकातिर तपाई कसैलाई मन पराएर उनीबिना आफूलाई अधुरो सम्झनु हुन्छ भने अर्कातिर अबोध बालिका छँदै उनीमाथि भएको यौन अत्याचारको सन्दर्भ उठाएर फ्याकिएको फूल वा रस चुसिएको फलसँग तुलना गर्नुहुन्छ। यो अमिल्दो कुरा हो। तपाईं वास्तवमा ति युवतीलाई माया गर्नुहुन्छ भने उनको वर्तमानलाई माया गरेर उनको भविष्य सिंगार्ने काममा जुट्न सक्नुपर्छ। उनको अतितमा के भयो ? कसरी भयो भन्ने कुराको खोजी नीति गर्न थाल्नु भनेको खाटा परेको घाउ कोट्याउनु सरह हुन्छ। त्यसले नत तपाईंलाई नत तपाईंकी प्रेमीका कै हित गर्छ। तपाईले बुझ्नुपर्ने कुरा के हो भने मायामा कुनै पनि किसिमको खोट हेरिनु हुँदैन, केवल माया गर्नेको मन हेर्नुपर्छ। यो तथ्यलाई आत्मसात गरेर आफ्नी प्रेयसीलाई एकपटक नियालेर हेर्नुस्, निश्चय पनि उनी निर्दोष देखिनेछिन् र तपाईलाई प्रतिक्षा गरिरहेकीझैँ लाग्नेछिन। मेरो सुझाव मान्नुहुन्छ भने आफ्नी प्रेयसीको मनमात्र नभै उनका आमाबुवाको विश्वासमा समेत ठेस पुग्ने गरी कुनै पनि किसिमको कदम नचाल्नु होला। ति युवतीलाई जस्तोछिन त्यस्तै रूपमा स्वीकार गर्न सक्नुमै तपाई र ति युवतीको कल्याण छ।



## ● फिल्मी खबर ●

### बाटोमुनिको फूल सम्मानित

एक साताअघि एमालेको भ्रातृ संगठन उत्पीडित जातीय मुक्ति समाज झापाले एउटा सम्मान कार्यक्रम आयोजना गरेको थियो। चलचित्र बाटोमुनिको फुलका कार्यकारी निर्माता राजेश घतानीले बाबु बोगटीद्वारा गाइएको 'आफ्नै चलचित्रको तुल्सी आँगनमा रोपौंला' गीत सुनाए। समाजले चलचित्र 'बाटो मुनिको फूल' का कार्यकारी निर्माता घतानी एवं साप्ताहिककर्मी पर्वत पोर्तेललाई एकै मञ्चमा सम्मान गरेको थियो। समाजले संगठनको २३ औं स्थापना दिवसको अवसर पारेर कलाकारितामा योगदान दिएबापत घतानीलाई र पत्रकारिताको माध्यमबाट चेतना जगाउन महत्वपूर्ण भूमिका खेलेका कारण पोर्तेललाई सम्मान गरेको थियो।

### जब-जब माया बस्छ

निर्देशक विजय थापाको चलचित्र 'जब जब माया बस्छ' को छायांकन अन्तिम चरणमा छ। अनन्य सिने मेकर्सको ब्यानरमा निर्माण हुने यो चलचित्रमा जीवन लुइँटेल, रेखा थापा, मिथिला शर्मा, दीपक अधिकारी आदि कलाकारले मुख्य भूमिका निर्वाह गरिरहेका छन्। चलचित्रमा सचिन सिंहको संगीत निर्देशन छ भने कमल राई तथा गोविन्द राईले नृत्य निर्देशन गर्दैछन्।

### चाँडै आउ है...

दीपक रायमाझीद्वारा निर्देशित चलचित्र 'चाँडै आउ है' को छायांकन सम्पन्न भएको छ। गत शनिबार साँझ जोरपाटीस्थित चापागाउँ स्टुडियोमा चलचित्रको छायांकन सम्पन्न भएको अवसर पारेर इन्ड-क्ल्याप पार्टी आयोजना गरिएको थियो। इन्ड-क्ल्याप सटमा झरना थापा, सुमन सिंह तथा रश्मी भट्टले अभिनय गरेका थिए। वेभ प्रोडक्सनको ब्यानरमा निर्माण भैरहेको यो चलचित्रमा नीता ढुंगाना तथा अयुब केसीले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्। दिव्या सुवेदीको छायांकन, एनबी महर्जनको द्वन्द्व, राजु शाहले नृत्य निर्देशन गरेको यो चलचित्रमा चेतन सापकोटाले संगीत निर्देशन दिएका छन्।

### फागुनमा ब्याच नम्बर सिक्सटिन

ठूलो बजेटको चलचित्रका रूपमा चर्चा पाइरहेको 'ब्याच नम्बर सिक्सटिन' फागुन १३ गतेदेखि सार्वजनिक प्रदर्शनमा आउनेछ। चलचित्रका सम्पादक तथा कार्यकारी निर्माता सुरेन्द्र पौडेलका अनुसार चलचित्रमा साढे १ करोडभन्दा बढी लगानी भएको छ। पीताम्बर पाण्डेले निर्देशन गरेको यो चलचित्रमा सुमन सिंह, अनुप बराल, रुवी भट्टराई, सुष्मा कार्की, ममता प्रधान तथा अर्पण थापाको मुख्य भूमिका छ। चलचित्रमा पुरुषोत्तम प्रधानको छायांकन, सुगम पोखरेलको संगीत, रिनेशा राईको नृत्य निर्देशन, बुद्धिलाल मगरको निर्माण व्यवस्थापन तथा रोशन श्रेष्ठको द्वन्द्व निर्देशन हेर्न पाइनेछ।

### तुलसी घिमिरेको मृगतृष्णा

निर्देशक तुलसी घिमिरे चलचित्र 'मृगतृष्णा'को निर्देशनमा व्यस्त छन्। उक्त चलचित्रको निर्माण चलचित्र अभिनेता हेमन्त बुढाथोकी तथा चलचित्र वितरक मनोज राठीले संयुक्त रूपमा गरिरहेका छन्। 'मृगतृष्णा'मा विराज भट्ट, कर्म, नन्दिता केसी तथा हङकङमा नाम कमाएका नेपाली नायक ध्रुव दत्त मुख्य भूमिकामा छन्। 'मृगतृष्णा'मा शम्भुजित बासकोटाको संगीत, रोशन श्रेष्ठको द्वन्द्व एवं दिनेश अधिकारीको नृत्य निर्देशन रहनेछ।





Miss National 2011
Participants form open
Requirement
Minimum +2 running
Age between 16-24
Nepali citizenship
Height 5'1"
Form last date : 17 Jan. 2011
Audition : 18 Jan. 2011
Training Start : 22 Jan. 2010
Final Program : 5 Feb. 2011
Venue : Rastraya Nach Ghar, Jamal
Everest Fashion Home
Bagbazar-31, Ktm, Nepal, T: 4242119
Call Now : 9851008321, 9813132507

अर्जेन्ट आवश्यकता
यस Rockford Company लाई Call Center र Computer सम्बन्धी Data Entry गर्नुपर्ने हुँदा इच्छुक कर्मचारीहरुले आफ्नो बायोडाटा सहित तु. सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।
तलब: २४,००० ग्यारेन्टी
योग्यता: SLC.+above
संख्या: २५ जना
पहिला आउनेलाई पहिलो प्राथमिकता दिइनेछ।
सम्पर्क: महाराजगञ्ज, चक्रपथ
न्यू भाटभटेनी सुपरमार्केटको अपोजिट साइट
Red Building Ground floor
9841729609 9808956907
विद्यार्थी र महिलालाई विशेष प्राथमिकता र शनिबार पनि अफिस खुल्ला रहनेछ।

तु.आवश्यकता
नेपाल सरकारबाट मान्यता प्राप्त प्रतिष्ठित प्रा.लि. कम्पनीलाई कर्मचारीहरुको आवश्यकता।
संख्या: ९ महिला/६ पुरुष
योग्यता: Test. SLC.+ above र Basic computer जानेका
सुविधा: Morning/Day/Evening Part time, Full time Job को व्यवस्था
तलब: २३,५००-O.T.
सम्पर्क: 01-2296930, 9741256070, 9841869346 बागबजार श्रेष्ठ टेलरिङ्गसँगै
नोट: १०+२ अध्ययनरत विद्यार्थी र महिलालाई पहिलो प्राथमिकता दिइनेछ।

सान्डा तेल
जस्तो सुकै यौन दुर्वलता र कमजोरीको लागि
Herbal Levitra+सान्डा तेल
A Quality German Product
जगाउँछ नशा नशामा जोस र शक्ति दिन्छ Xtra Time र अधिक सन्तुष्टि
शिघ्र पतनको लागि Spray
लिङ्ग विकासको लगि LONG JOHN
खुनी/बादी नयाँ पुरानो (दिशा हर्षा) पाईल्स निको पार्ने जडिबुटी दबाई।
जाँड-रक्सीको कुलत छुटाउन
गुप्ताङ्ग टाइट गर्ने Guaranted Gel
Breast बढाउने/घटाउने टाईट गर्ने
मोटोपना घटाउन/तौल घटाउन
चायाँ पोते र चाउँरीपनाको ग्यारेण्टी उपचार
हर्बोट्रेडिङ्ग होम, नयाँ बसपार्क
९७२१५३९२३५, ९८०३४३६४३८

मोटोपना घटाउने हैन?
जापानी प्राविधिबाट १ महिनामा
५ देखि १२ KG तौल घटाउन/बढाउन
यौन दर्बलता, लिङ्ग लामो/मोटो बनाउने चिरा, आकर्षक स्तन घटाउने/बढाउने
जापानिज प्रविधिबाट
चाउरीपना, आँखा मुनिको कालो दाग, पोतो, डण्डिफोर हटाउने
गुप्ताङ्ग टाईट गर्ने ग्यारेन्टी Lveginal Gel
नजर दोष, कवज | जाँड रक्सी छुटाउने
द फिटनेश होम
९८०८८२१२१५ गठ्ठाघर
होम डेलिभरीको व्यवस्था छ

PROFESSIONAL GRAPHIC DESIGN COURSE
100% Job After Training
Class Time: 7AM to 9AM
3PM to 5PM
5:15PM to 7:15PM
Exploring Hidden Talents
PREMIUM ACADEMY
Mob. no.: 9841-757769
Kalimati: 01-4277632
Kalanki: 01-4672580

स्वस्थ्य र सौन्दर्य
YOKO ३ महिनामा ३ इन्च हाइट बढाउने
चायाँ, पोतो, दण्डीफोर हटाउने, कपाल उमार्ने, मोटोपना घटाउने/बढाउने,
लिंगको साइज बढाउने Handsomeup / Long John) जाँड रक्सी, चुरोट खैनी तुरुन्तै छुटाउन।
AB King Pro, ABcircle, MassageBelt, B.C.M. मेशीन, Nicer dicer, Dant Care/Fix It Pro
हनुमान कवच, शनि कवच, धनलक्ष्मी कवच, कुवेर कुञ्जी, मसाज बेड, Beauty Spa, Mini Sewing Machine, Roop Amrit
Tele-Fitness Shop Free Home Delivery
अनामनगर चोक, 4771539, 9721410200
9803538706 इटहरी, 9842294498

होटेल तथा पर्यटन तालिम
रोजगारीको राम्रो मौका
Target Together: 'Tourism Year 2011'
कुक, वेटर, बारटेण्डर, हाउसकिपिङ्ग
* Travel & Tourism (Level-I) - 40 hrs
* English for Tourism(Level-I/II) - 38/43 hrs
* Marketing (Introductory) - 30 hrs
* Call Centre Training(New) - 40 hrs
Int'l Certificate from UK
LCCI London Chamber of Commerce & Industry International Qualifications
Indreni Tourism & Hotel Training Centre
Indreni Complex, New Baneshwor, Ph: 4783361

सूचना ! सूचना !! सूचना !!!
चिलंखे खड्का अचल सन्तति समाजको सिफारिसमा नयाँ बानेश्वरस्थित शिव शेखर फार्मेसी मा हरेक शनिवार विहान ९ देखि ११ बजे सम्म नि:शुल्क स्वास्थ्य परिक्षण सेवा सुरु भईसकेको छ। इच्छुक बिरामीले निम्न फोन नं. मा सम्पर्क राख्नुहोला।
सम्पर्क: ९७४११०९८७०
फोन: ४४९७३६४

JOB ORIENDTED
नि: शुल्क Computer तालिम
Office Packge | Graphic Designing
Webpage Designing | Php/My Sql
Accounting Package
Hardware & Networking
लिंकेज बागबजार, भक्तपुरजाने बसपार्क नजिक
Head Office फोन- ४२३२६०८ ९८५१०७०८००
Branch Office स्कुलरोड हेटौडा-४ ०५७-५२२८३१

RJ VJ MC
उद्घोषण तथा पत्रकारीता तालिम
पत्रकारीताका विद्यार्थीलाई लक्षितपूर्ण प्रयोगात्मक तालिम
ख्याती प्राप्त संचारकर्मी दिनेश डि.सी.का साथमा
मृदुला खनाल, मुनाल शिशिर, रबि थापा
सन्तोष खनाल, केशबजङ्ग पाण्डे, नबिन लुँइटेल
हिरामणि तिमल्सिना, मधु नेपाल, R.D. श्रृंखला
विकास सुवेदी
रू१०००/ छुट
BIKALPA THE OPTION फोन: ०१-४२४१७०९, ०१-२२९०१६८
बागबजार, काठमाडौं (श्रेष्ठ टेलरिङ्गको दाहिनेपट्टि)
विकल्प FM TIME मा कार्यक्रम चलाउने १००% ग्यारेण्टी
उत्कृष्टलाई रोजगारीको ग्यारेण्टी



## सामाजिक कार्यमा श्रीया सरन

हिन्दी भाषाको चलचित्रमा श्रीया सरनको नाम चलचित्र मिसन इस्तानाबुलकी नायिकाका रूपमा आउँछ, तर यी बलिउड बाला तेलगु र तमिल भाषाका चलचित्रका हिट अभिनेत्रीमध्येकी एक मानिन्छिन् । यसबाहेक उनको चर्चा सेक्सी एन्ड ग्ल्यामरस नायिकाका रूपमा पनि हुन्छ । यी बलिउड बालाले हालै एउटा एनजीओसितको सहकार्यमा दृष्टिविहीन तथा दृष्टि कमजोर भएकाहरूप्रति लक्षित स्पा सञ्चालनमा ल्याएकी छिन् । उक्त स्पामा रिफ्लेक्सोलोजी र मसाजको सेवा-सुविधा उपलब्ध छ । श्रीया अभिनीत हलिउड भेन्चर मिडनाइट्स चिल्ड्रेन भने प्रदर्शनको तयारीमा छ ।



## अर्को सम्बन्ध-विच्छेद

नायिका स्कार्लेट जोहन्सन तथा रायन रेनोल्ड्सको वैवाहिक जीवन टुंगिएको छ । दुईवर्षे वैवाहिक जीवनलाई उनीहरूले गत साता सहमतिमै टुङ्ग्याएका हुन् । पिपुल डट कमका अनुसार जोहन्सन तथा रायनले एक संयुक्त वक्तव्य जारी गर्दै 'लामो समय संगै बिताएपछि सावधानीपूर्वक सोचविचार गरेर हामी दुवैले आफ्नो वैवाहिक जीवन अन्त्य गर्ने घोषणा गरेका छौं' भनेका छन् । 'हामीले प्रेममार्फत यो सम्बन्धको थालनी गरेका थियौं, प्रेमपूर्वक नै अन्त्य गरेका छौं । हामीले यो कुरालाई गोप्य राख्न चाहेनौं । यो निश्चित रूपले एउटा उदाहरणीय कार्य हो ।' सूत्रका अनुसार जमैकामा रहेकी जोहन्सनले नै यो सम्बन्धलाई अन्त्य गर्ने पहल थालेकी थिइन् । उनले न्यूयोर्कमा एउटा घर खोज्न थालिसकेकी छिन् । २६ वर्षीया जोहन्सन तथा ३४ वर्षीय रायनले २००८ मा विवाह गरेका थिए ।



## नराम्रो पहिरनको रहस्य

हलिउड नायिका काइरा नाइटली आफ्नो लजालु स्वभावका कारण चर्चामा आइरहन्छिन् । उनी कति सम्म लजालु छिन् भने सार्वजनिक रूपमा कुनै कार्यक्रममा सहभागी हुनु पर्‍यो भने उनी सबैभन्दा नराम्रो पहिरन लगाउँछिन् । राम्रो र महँगो पहिरन लगाएर कार्यक्रममा सहभागी हुँदा प्रशंसकले चिन्ने तथा उनीहरूसंग बोल्नुपर्ने भएकाले उनी त्यस्ता कार्यक्रम नराम्रा पहिरन लगाएर पुग्छिन् । 'मलाई प्रशंसकसंग कुरा गर्न पनि लाज लाग्छ, 'पाइरेट्स अफ द क्यारेबियनकी यी नायिका भन्छिन्–'कसैले बाटोमा रोकेर कुरा गर्न खोज्यो भने पनि म असहज महसुस गर्छु ।' २५ वर्षीया नाइटली आफ्नो लजालु स्वभावका कारण पार्टीहरूमा पनि कमै सहभागि हुन्छिन् ।



## ब्याड ब्बाइ अब नायक

बलिउडका ब्याड म्यान अर्थात् अभिनेता गुलसन ग्रोभर अब चाँडै नायकका रूपमा गुड म्यान बन्दै चलचित्रको पर्दामा प्रस्तुत हुने भएका छन् । ब्याड म्यानबाट गुड म्यानतर्फको गुलसन ग्रोभरको यो छलाङ बलिउडमा नभई हलिउडमा हुने लागेको हो । बिल ड्युकको निर्देशनमा निर्माण हुने 'द ड्राइभर' शीर्षकको चलचित्रमा गुलसनकी नायिका हलिउड नायिका सलमा हायक प्रस्तुत हुने बताइन्छ । यो चलचित्रमा बिल स्मिथ, ज्यानेट ज्याक्सन, हुपी गोल्डबर्ग आदिको पनि उपस्थिति रहनेछ ।

## दीपिकाको आइटम डान्स

'ओम शान्ति ओम' गर्ल दीपिका पादुकोणले अभिनेता शाहरूख खान अभिनित 'बिल्लु बार्बर' मा 'लभ मेरा हिट हिट' गीतमा आइटम डान्स गरिसकेकी छिन् । पछिल्लो पटक अभिनेत्री जीनत अमानमाथि फिल्मांकन गरिएको बहुचर्चित 'दम मारो दम' गीतको रिमेकमा पनि दीपिकाले कम्मर मर्काएकी छिन् । रोहन सिप्पीले बनाउने 'दम मारो दम' को उक्त गीतमा अभिनेत्री दीपिका पादुकोणेको आइटम डान्स हेर्न पाइनेछ । उक्त गीतलाई संगीतकार प्रितमले रिमेक गरेका छन् ।



## आमा बन्न हतार छैन

नायिका एमिली ब्लन्टले आफूलाई आमा बन्न हतार नभएको स्पष्ट पारेकी छिन् । सम्पूर्ण ध्यान करियर निर्माणमा केन्द्रित भएकाले ब्लन्टले आमा बन्न हतार नभएको बताएकी हुन् । ब्लन्टले गत जुलाई महिनामा जोन क्रेसिन्स्कीसँग विवाह गरेकी थिइन् । एक वेबसाइटका अनुसार ब्लन्ट आफ्नी नायिका आमा जोएना मेकीको पदचिन्हमा हिंड्न रुचाउँदिनन् । मेकीले परिवारका लागि अभिनयलाई नै त्यागेकी थिइन् । ब्लन्ट भन्छिन्– 'म एउटा ठूलो परिवारबाट आएकी हुँ । मलाई सधैं बालबालिकाहरू मन पर्छन् । तैपनि यति चाँडै म आमा बन्न इच्छुक छैन । मेरी आमाले यसका लागि करियर नै त्यागेकी थिइन् तर अहिले समय परिवर्तन भैसकेको छ ।' ब्लन्टका अनुसार आमा बन्नुअघि उनी आफूलाई अभिनय क्षेत्रमा स्थापित गराउन चाहन्छिन् ।



● मेरो अनुभव ●




## अमेरिकामा कन्सर्ट

### कन्हैया सिंह (गायक)

सांगीतिक कार्यक्रम (कन्सर्ट) मा सहभागी हुने क्रममा म दुई पटक अमेरिका पुगेको छु। पहिलो पटक सन् २००८ को डिसेम्बरमा न्युयोर्कस्थित म्यानहटनमा आयोजित नेपाल फेस्टिभलमा गीत-संगीत प्रस्तुत गर्न म अमेरिका गएको थिएँ। उक्त कार्यक्रममा मलगायत गायिका सपनाश्री, गायक रोशन गुरुङ आदि थियौं। अमेरिकाको त्यो मेरो पहिलो कन्सर्ट-अनुभव थियो। कन्सर्ट हेर्न नेपालीसहित विदेशी दर्शकहरू पनि भेला भएका थिए। न्युयोर्कपछि मैले नेपालीहरूको बढी घनत्व भएको बाल्टिमोरमा आयोजित कार्यक्रममा सहभागिता जनाएँ। बाल्टिमोरमा दसैंको अवसर पारेर आयोजित कन्सर्टमा थुप्रै नेपाली सहभागी थिए। यी दुई सहरबाहेक मैले अमेरिकाको मेरील्यान्ड, कोलम्बिया आदि सहरमा पनि सांगीतिक कार्यक्रम प्रस्तुत गरें। त्यसपछि म स्वदेश फर्किएँ। स्वदेश फर्किएको एक वर्ष नबित्दै मलाई नयाँ वर्ष-२०६७ को अवसर पारेर बाल्टिमोर एसोसिएसन अफ नेप्लिज इन अमेरिका (बाना) ले बाल्टिमोरमा आयोजना गरेको कार्यक्रममा सहभागी हुन बोलायो। म गत वैशाखको पहिलो साता दोस्रो पटक अमेरिका पुगें। त्यसबेला छ महिने बसाइका क्रममा म करिब तीन दर्जनभन्दा बढी सांगीतिक कार्यक्रममा सहभागी भएँ।

अमेरिकाको न्युयोर्कमा नेपालीहरूको बसोबास अत्यधिक भएकाले त्यहाँ नेपाली सांगीतिक कार्यक्रम भैरहन्छन्। न्युयोर्कपछि बाल्टिमोर नेपाली सांगीतिक कार्यक्रम आयोजना भैरहने दोस्रो सहर हो। अमेरिकामा प्रायः विकेन्ड (शनिबार/आइतबार) मा सांगीतिक कार्यक्रम हुन्छ। अध्ययनका क्रममा अमेरिका पुगेका विद्यार्थी तथा डिभी परेर अमेरिका पुग्ने नेपालीहरू सांगीतिक कार्यक्रममा नियमित दर्शक हुन्। डिनरसहितको सांगीतिक कार्यक्रमको टिकट शुल्क २५ देखि ३० डलरसम्म हुन्छ। गायक-गायिकाले एउटा कार्यक्रममा सहभागी भएवापत कम्तीमा ३ सयदेखि बढीमा १ हजार डलरसम्म पाउँछन्। मैले एउटा कार्यक्रमबाट सबैभन्दा बढी ७ सय डलर पाएको थिएँ। अमेरिकामा मेरो पछिल्लो कन्सर्ट गत तिहारमा भएको थियो। उक्त कन्सर्टमा मलगायत यम बराल, सपनाश्री आदि सहभागी थियौं।

## लोडसेडिङ भएको बेला के गरेर समय बिताउनुहुन्छ ?




लोडसेडिङको बेला अहिले म अध्ययनशील भएकी छु। म इन्भटर प्रयोग गरेर सौन्दर्य सम्बन्धी पुस्तक मात्र होइन, नयाँ तथा पुराना नेपाली साहित्यिक कृति अध्ययन गर्दैछु। यस अर्थमा मैले लोडसेडिङको सकारात्मक उपयोग गरिरहेकी छु।

**करिश्मा मानन्धर (नायिका)**

लोडसेडिङ भएको बेला बत्ती नै बाल्नचाहिं समस्या छैन, तर यो समयमा म प्रायः एफएममा गीत सुन्छु। राम्रा पुस्तक फेला पारें भने पढ्छु। समग्रमा लोडसेडिङले साँझको समय सिर्जनशील काम गर्ने बानी बसाएको छ।

**ऋषि लामिछाने (निर्देशक)**

म त प्रायः कम्पोजमा व्यस्त हुन्छु। राति अन्धकारमा गिटार बजाउँदै नयाँ-नयाँ धुन तयार पार्न लोडसेडिङले नै सहयोग गरिरहेको छ।

**युवराज चौलागाई (गायक/संगीतकार)**

हाँसो...रमाइलो प्रश्न सोध्नुभयो। लोडसेडिङको बेला म प्रायः मोबाइलमा इन्टरनेट चलाउँछु। मोबाइलमै गेम खेल्छु। कहिलेकाहीं यही समयमा साथीभाइसँग जमघट पनि गर्छु। चिन्ता गरेर लोडसेडिङ कम नहुने भएकाले प्रायः रमाइला गतिविधिमै व्यस्त रहन्छु।

**आशिष अविरल (संगीतकार)**

लोडसेडिङ हुने दिन म घरमै बस्दिनँ। अँध्यारोमा बस्ने बानी नभएकाले होला, यस्तो बेला म प्रायः साथीहरूसँग घरबाहिरै रमाइरहेको हुन्छु।

**राज राठौर (मोडल कोअर्डिनेटर)**

● अपोजिट सेक्स ●



## सुमन सिंह

(नायक)

### मन पर्छ

**मधुर मुस्कान :** मेरो मान्यता के छ भने मान्छे जस्तोसुकै होस्, उसको मुस्कुराउने शैली राम्रो छ भने उसले जो कसैलाई आकर्षित गर्न सक्छन्। केटीहरूमा पनि यो कुरा लागू हुन्छ।

**कर्ली कपाल :** सिल्की केश नराम्रो त होइन, तर घुम्रिएको हेयर स्टाइल केटीहरूलाई बढी सुहाउँछ।

**छिनेको कम्मर :** पातलो र अलिक अग्लो शरीरमा छिनेको कम्मर भए त उनीहरूको सुन्दरताको जो कोही कायल हुन्छन्।

**मिलेका दन्तलहर :** कुनै टुथपेष्टको विज्ञापनमा जस्तै टम्म मिलेको दन्तलहर ३२ लक्षणमध्ये एक हो जस्तो लाग्छ।

### मन पर्दैन


**घमन्डीपन :** सौन्दर्य नारीको गहना हो भने घमण्ड शत्रु। घमण्ड गर्नेलाई कसैले रुचाउँदैनन्।

**फोहरी बानी :** कुनै पनि कार्य सफा सुग्घर तरीकाले नगर्ने र आफू पनि सफा नहुनु नारीका अवगुण हुन्।

**चुरोट पिउने :** धुम्रपान स्वास्थ्यका लागि हानिकारक छ, त्यसमा पनि नारीले धुम्रपान गरेको सुहाउन्न कि ?

**अनावश्यक मेकअप :** आफूलाई सुन्दर देखाउने होडबाजीमा अनुहारमा अनावश्यक लालीपाउडर घसेको सुहाउँदैन। नेचुरल ब्युटी हुनु नै राम्रो।

# अर्पणा सुब्बा 'भिजे'



## ३ प्रश्न

नेपाली टेलिभिजनको च्यानल संख्या बढ्दै गएपछि विभिन्न शैलीका सांगीतिक कार्यक्रम पनि बढिरहेका छन्। यी कार्यक्रममार्फत नयाँ-नयाँ भिडियो जक्की (भिजे) हरु दर्शकमाझ लोकप्रिय भैरहेका छन्। कम समयमै लोकप्रिय हुने भिजेहरुमध्ये अर्पणा सुब्बा पनि एक हुन्। बीबीएस तथा चार्टड एकाउन्टेन्टकी यी छात्राले टेलिभिजनमा कार्यक्रम सञ्चालन गर्न थालेको एक वर्ष मात्र भयो। एक वर्षअघि तराई टेलिभिजनले सञ्चालन गरेको भिजेहरूको अडिसनमा उनी सफल भएकी थिइन्। सानै देखि भिजे बन्ने लक्ष्य लिएकी अर्पणा भिजेका रुपमा छनौट भएपछि एकै साथ दुइटा कार्यक्रम सञ्चालन गर्ने अवसर पाइन्। महाराजगञ्ज, काठमाडौंकी स्थायी बासिन्दा अर्पणा अहिले तराई टेलिभिजनको लोकप्रिय कार्यक्रम 'एमजीएमएस' तथा 'बलिउड हंगामा' सञ्चालन गरिरहेकी छिन्। एमजिएमएस प्रत्येक दिन प्रसारण हुने कार्यक्रम हो। दिउँसो ३ बजेदेखि ४ बजेसम्म प्रसारण हुने यो कार्यक्रममा उनी दर्शकहरूको एसएमएस तथा इमेलबाट प्राप्त अनुरोधका नेपाली पप तथा हिन्दी चलचित्रका गीत प्रसारण गर्छिन्। आइतबार राति ७ बजे प्रसारण हुने 'बलिउड हंगामा' चाहिँ म्यागजिन शैलीको कार्यक्रम हो। बलिउडका गसिपदेखि न्यू रिजिलसम्मका गतिविधिहरु यो कार्यक्रममा प्रसारण हुन्छ। एमजीएमएस युवापुस्ता माझ लोकप्रिय छ। खासगरी पोखरामा यो कार्यक्रम अत्यन्त लोकप्रिय रहेको अर्पणा बताउँछिन्। पोखरेली दर्शकको आग्रहमा करिब दुई साता पोखरामै बसेर कार्यक्रम तयार पारेको अर्पणा बताउँछिन्। दुवै कार्यक्रमले प्रसारणको एक वर्ष पूरा गरेकोमा दंग परेकी भिजे अर्पणासँग *साप्ताहिक*को तीन प्रश्न:

**सीए हुनुपर्ने मान्छे भिजे हुनु भएछ नि ?**

सीए त म भरखरै पढ्दैछु तर भिजे हुने मेरो सानै देखिको रहर हो। भिजे मै करियर बनाउने निर्णय गरिसकेकी छु तर अध्ययन पनि पूरा गरेरै छाड्छु।

**तपाईंका दुवै कार्यक्रम लोकप्रिय भएका हुन् ?**

दर्शकहरूको एसएमएस तथा इमेल सहभागिता हेर्ने हो भने 'एमजिएमएस' लोकप्रिय भएको मान्नुपर्छ। दिउँसो प्रसारण हुने भएकाले युवा-युवतीले यो कार्यक्रम मन पराएका छन्। नेपाली भाषामा बलिउडका गतिविधि प्रस्तुत गरिने भएकाले बलिउड हंगामा पनि दर्शकले मन पराएका छन्।

**भविष्यमा कुनै नयाँ कार्यक्रम आउँदैछन् कि ?**

अहिले त म यिनै कार्यक्रमलाई थप स्तरिय बनाउने कार्यमा व्यस्त छु। केही नयाँ कन्सेप्ट दिमागमा आइरहेका छन्, शायद केही समयपछि नै अर्को एउटा कार्यक्रम प्रस्तुत हुनेछु।

# पूजा चन्द



## जम्का भेट

पाँच वर्षअघि अमेरिका जाँदा पूजा चन्दको परिचय नायिकाका रुपमा सीमित थियो। पाँच वर्षपछि उनी नयाँ परिचयका साथ स्वदेश फर्किएकी छिन्। यसअघि नायिकाका रुपमा चिनिने पूजालाई अब दर्शक तथा श्रोताले गीतकारका रुपमा समेत चिन्ने छन्। पूजाले अमेरिका जानुअघि नै गीत रचना गर्न थालिसकेकी थिइन्। गायक राजेशपायल राईले उनको पहिलो गीत गाएका थिए। करिब तीन दर्जन चलचित्रमा अभिनय गरिसकेकी यी नायिका अभिनयमा व्यस्त भैरहेकीले होला, त्यसबेला पूजाको रचनाले खासै चर्चा पाएन। यो अवधिमा उनले झन्डै १ सयवटा गीत रचना गरेको बताएकी छिन्। आफूले रचना गरेका मध्ये केही राम्रा शब्द छनौट गरेर उनले विभिन्न संगीतकारलाई दिइन्। संगीतकारले धुन तयार पारेपछि सुगम संगीतका स्थापित गायक-गायिकाले पूजाका शब्दमा स्वर भरेका छन्। 'अठोट' शीर्षकको टेलिचलचित्रमा अभिनय गर्दै नायिकाको यात्रा प्रारम्भ गरेकी पूजाले थुप्रै विज्ञापन तथा टेलिश्रृंखलमा समेत अभिनय गरेकी छिन्। अभिनयमा व्यस्त भैरहेकी बेला उनी पाँच वर्षअघि अमेरिका प्रस्थान गरिन्। केही साताअघि अमेरिकाबाट सरोज खनाल स्वदेश फर्किएर एउटा चलचित्रमा अभिनय गर्न भ्याएजस्तै पूजाले पनि यसपटकको नेपाल भ्रमणका क्रममा एउटा गीतिसंग्रह नेपाली श्रोतामाझ पुऱ्याउन भ्याएकी छिन्। पूजाले अभिनयको धोको पनि पूरा गरिन्। आफ्नै संग्रहको शीर्षकको गीत म्युजिक भिडियोमा पूजाले अभिनय गरेकी छिन्। मनका भावनालाई शब्दमा उतार्ने क्रममै आफू नजानिँदो पाराले गीतकार भएको बताउने पूजा आफूले रचना गरेका शब्दहरू सुगम संगीतका लागि उपयूक्त भएकोमा दंग छिन्। विमोचन समारोहकै क्रममा गत मंगलबार पूजासँग *साप्ताहिक*का कृष्ण भट्टराईको जम्काभेट :

**तपाईं नायिका कि गीतकार ?**

मलाई दुवै भन्न सक्नुहुन्छ। दर्शकले अझै पनि मलाई नायिकाकै रूपमा चिन्छन्। त्यसो त म नायिका हुनुभन्दा अघि नै गीतकार भैसकेकी थिएँ, तर मेरो त्यो छवि सार्वजनिक गरेकी थिइन। यसपटकचाहिं म गीतकारका रूपमा बढी चिनिएकी छु।

**कहिलेदेखि गीत रचना गर्न थाल्नुभयो ?**

म सानै उमेरदेखि गीत रचना गर्थें। ठूलो भएपछि चलचित्रमा व्यस्त हुनुपरेकाले गीत रचना गर्न भ्याइनँ। अमेरिका गएपछि मात्र ढुक्कले गीत रचना गर्न सकें।

**गीत रचना गर्ने प्रेरणा कोबाट पाउनुभयो ?**

गाह्रो प्रश्न सोध्नुभयो। कहिलेकाहीँ मलाई काल्पनिक संसारमा हराउन मन लाग्छ, गीत रचना मेरो त्यही चाहनाको प्रतिफल हो। जिन्दगीका भोगाइलाई शब्दमा उतार्ने मेरो प्रयास नै गीतकार बन्न पर्याप्त भयो।

**कसरी सम्झाऊँ संग्रहका गीतमा कस्ता भावना समेटिएका छन् ?**

यो संग्रहमार्फत मैले प्रेमी-प्रेमिकाको असमझदारीलाई प्रस्तुत गर्ने जमर्को गरेकी छु।

**नायिका भएर चाहिं काम नगर्ने ?**

गर्ने नि ! यसपटक मलाई एउटा चलचित्रमा काम गर्ने मन थियो, तर व्यस्तताका कारण भ्याइनँ। केही चलचित्रमा अभिनय गर्ने प्रस्ताव पनि नआएका होइनन्। यस पटक म केवल 'कसरी सम्झाऊँ' का लागि काठमाडौं आएकीले अर्को पटकको भ्रमणमा चलचित्रमा अभिनय गर्छु।

## ● सानो पर्दा ●

### तराई टेलिभिजनका कुरा

दुई वर्षअघिदेखि प्रसारण हुन थालेको तराई टेलिभिजनले यसै साता राजधानीमा केही सञ्चारकर्मीसँग अनौपचारिक छलफल गरेको छ। टेलिभिजनका निर्देशक, सल्लाहकारसहितको समूहले छलफलका क्रममा तराई टेलिभिजनलाई चाँडै नै 'टि टेलिभिजन' का रूपमा नयाँ नामाकरण गर्ने तयारी भैरहेको जानकारी गराए। च्यानलले नेपाली गीत, संगीत, चलचित्र, टेलिश्रृंखला लगायतमा मनोरञ्जनात्मक कार्यक्रमलाई विशेष महत्व दिएको बताउँदै रियालिटी शोलाई पनि निरन्तरता दिनेछ। 'हामीले मनोरञ्जन, शिक्षा तथा सूचनालाई मुख्य प्राथमिकता दिएका छौं, टेलिभिजनमा प्रमुख सल्लाहकार तथा पत्रकार हरिहर विरहीले तराई टेलिभिजनको प्रसारण नेपाल लगायत एसियाका अधिकांश देशमा हेर्न पाइने जानकारी समेत दिए। च्यानलका कार्यक्रम प्रस्तोता नरेश भट्टराईले चाँडै नै साहासिक खेलमा आधारित रोमाञ्चक कार्यक्रम पनि तराई टेलिभिजनले प्रसारण गर्ने बताए।



### मेरी बास्सैमा हिमाल

सानो पर्दाको लोकप्रिय हास्य श्रृंखला 'मेरी बास्सै' मा गायक हिमाल सागर तथा चलचित्र निर्देशक नरेश पौडेलले अभिनय गरेका छन्। भोलि शनिवार रातीको श्रृंखलामा यी दुई भिन्न विधाका कलाकारलाई देख्न पाइनेछ। श्रृंखलामा गायक सागरले वास्तविक गायककै भूमिका निर्वाह गरेका छन् भने निर्देशक पौडेलले एउटा विशेष भूमिका निर्वाह गरेका छन्। 'मेरी बास्सै समूहसँग काम गर्दा साह्रै रमाइलो भयो, गायक हिमाल सागर भन्दै थिए, 'श्रृंखला जति हास्यप्रधान छ, छायांकन यूनिट पनि त्यति नै रमाइलो रहेछ। दिनभरी छायांकन व्यस्त हुँदा पनि माग्ने बूढा (केदार घिमिरे) लगायतका कलाकारको रमाइलो ठट्यौलीले थकाइ लागेको पनि थाहा भएन।'

### घट्यो दीपाको तौल

गत साताको *साप्ताहिक*मा हास्य श्रृंखला तीतो-सत्यकी नायिका दीपाश्री निरौलाको बढ्दो तौल सम्बन्धित एउटा सामग्री प्रकाशित भएपछि धेरैले दीपालाई दुब्लाउने सल्लाह-सुझाव दिएका छन्। गत मंगलबार बानेश्वर हाइटमा तीतो-सत्यको छायांकन व्यस्त दीपाश्रीले *साप्ताहिक* प्रतिनिधिलाई 'धन्यवाद' दिँदै भनिन्, 'तपाईंले मेरो तौलको चिन्ता गरिदिनु भएपछि पो म सचेत भएँ। समाचार प्रकाशित भएको दिनदेखि आज सम्ममा मैले तीन केजी तौल घटाइसकें।'



## ● विदेशबाट ●

### दुर्घटनामा परिन् तप्पू

सानो पर्दाकी चर्चित नायिका रश्मि देसाई (धारावाहिक उत्तरनकी तप्पू) कार दुर्घटनामा परेकी छिन्। गम्भिर दुर्घटनामा परे पनि रश्मिको स्वास्थ्य सामान्य रहेको बताइन्छ। 'उत्तरन' नेपाली दर्शकमाझ पनि लोकप्रिय धारावाहिक हो। 'उत्तरन' कै छायांकनस्थलबाट घर फर्कने क्रममा रश्मि सवार कार दुर्घटना भएको हो। घर फर्कने क्रममा उनको तिब्र गतिको कार सडकमा पोखिएको तेलमा चिप्लिएर अगाडिबाट आइरहेको गाडीमा ठोकिएको थियो। कारमा रश्मिसहित उत्तरनका सह कलाकार नन्दिश संधु (वीर) पनि थिए। उनीहरु दुबैले कारको सिट बेल्ट बाँधेकाले चोटपटक नलागेको समाचारमा जनाइएको छ। दुर्घटनापछि नन्दिशले रश्मिलाई घरसम्म छाडेका थिए। रश्मि भन्छिन्, 'त्यो बेला बाँच्छु भन्ने आशा थिएन, भगवानलाई धन्यवाद छ, हामीलाई केही भएन।'

• चलचित्र •



# माटो

नयाँ नेपाली चलचित्र 'माटो' को सार्वजनिक प्रदर्शन आज शुक्रबारदेखि प्रारम्भ हुँदैछ। काठमाडौं उपत्यकाबाहिर बिर्तामोडदेखि धनगढीसम्मका सिनेमा हलमा प्रदर्शन हुने यो चलचित्रको लेखन तथा निर्देशन किशोर सुब्बाले गरेका हुन्। चलचित्रमा राष्ट्रियता तथा संघीयतासँग सम्बन्धित विषयलाई आधार बनाइएको छ। संघीय राज्यले मुलुकलाई एकताको सुत्रमा बाँध्छ भन्ने सन्देश बोकेको यो चलचित्रमा चार जना नायकलाई चार समावेशी पात्रका रूपमा चित्रण गरिएको छ। चलचित्रमा खस, मधेसी, आदिवासी तथा जनजातिको प्रतिनिधित्व तिनै समुदायका नायकले गरेका छन्। चलचित्रमा राजेश हमालले खस समुदायको प्रतिनिधित्व गरेका छन् भने श्याम यादव मधेसी युवाको भूमिकामा छन्। मित्र लिङ्देनले जनजातिको प्रतिनिधित्व गरेका छन्। माता पाथिभरा फिल्म्स प्रालिको प्रस्तुतिमा निर्माण गरिएको यो चलचित्रमा आगामी राज्य पुनर्संरचनाको खाका कस्तो हुनुपर्छ भन्ने कुरालाई मात्र चित्रण गरिएको छैन, वर्षौंदेखि उत्पीडनमा रहेका आदिवासी, जनजाति तथा मधेसीहरूको हकअधिकार सुनिश्चितताका लागि सशक्त आवाज उठाइएको निर्माण पक्षले जनाएको छ। भीम लामाद्वारा निर्मित यो चलचित्रमा राजेश हमाल, रेजिना उप्रेती, मित्र लिङ्देन, श्याम यादव, कृष्ण केसी, मुकुन्द श्रेष्ठ, सीमान्त उदास, पुष्प श्रेष्ठ, भूपेन्द्र लिङ्देन आदि कलाकारले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्। चलचित्रमा दिनेश राईको संगीत निर्देशन छ भने राम-जनकको द्वन्द्व निर्देशन छ। चलचित्रमा गोविन्द राईले नृत्य निर्देशन गरेका छन्। सौरभ लामा यो चलचित्रका छायाँकार हुन्। यसअघि चलचित्रमा समावेश नगरिएको संघीयताको विषयलाई मुख्य कथा बनाइएकाले चलचित्रले दर्शकको मन जित्ने कुरामा निर्देशक सुब्बा आशावादी देखिन्छन्। निर्देशक सुब्बा भन्छन्– 'चलचित्रले हिमाल, पहाड र तराई सबै क्षेत्रलाई समेटेको छ।' काठमाडौंलगायत धरान, धनकुटा तथा झापामा चलचित्रको छायांकन गरिएको हो।



# टुनपुरका सुपरहिरो

क्रिसमस इभकै दिन प्रदर्शन हुने बलिउडको नयाँ चलचित्र हो– टुनपुरका सुपरहिरो। एक्सन तथा एनिमेशन श्रेणीमा राखिएको यो चलचित्रको निर्देशन किरित खुरानाले गरेका हुन्। चलचित्रमा अजय देवगण, काजोल, तनुजा (विशेष भूमिका), सञ्जय मिश्र, डेल्नाज पाल, मुकेश तिवारी, विवेक वासवानी, राजा मुराद आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। अनु मलिकद्वारा संगीतबद्ध चलचित्रका गीतमा अनु मलिक, भेरोनिका, मास्टर सलिम, एलिशा चिनोइ, रूपकुमार कुमार राठौर, सुदेश भोसले, सोनु निगम, अल्ताफ राजा, अजय देवगण, शान, हर्द कौर आदिको स्वर सुन्न सकिन्छ। चलचित्रको कथावस्तुअनुसार आदित्य (अजय देवगण) एक सुपरस्टार हुन्। आदित्यले श्रीमती प्रिया (काजोल) सँगसफल जिन्दगी बाँचिरहेका छन्। सफलता तथा सम्पत्तिले उनी भरिपूर्ण छन्। आदित्यको जीवनमा एउटा मात्र कमजोर पक्ष छ, उनी आफ्नै छोराछोरीको नजरमा सुपरस्टार होइनन्। उनका छोराछोरी आफ्ना बुवा रील लाइफ (चलचित्र पर्दा) मा मात्र होइन, रियल लाइफमै हिरो भएको हेर्न चाहन्छन्। यसबीच आदित्यले आफूलाई वास्तविक जीवनमै हिरो बनाउने एउटा अवसर प्राप्त गर्छन्। उनले आफूलाई बालबालिकाहरूलाई मन पर्ने कार्टुनको धरती टुनपुरमा पाउँछन्। टुनपुरको वर्तमान परिस्थिति ठीक छैन। टुनासुर (राक्षसी टुन) ले देवाटुनहरू (राम्रा टुन) लाई दुःख दिइरहेको छ। टुनासुर तथा देवाटुनका बीच युद्ध प्रारम्भ हुन्छ। देवाटुनका तर्फबाट आदित्यले पनि उक्त युद्धमा सहभागिता जनाउँछन्। सोही युद्धमा विजय हुँदै आफूलाई वास्तविक जीवनको सुपरहिरो बनाउने आदित्यको अभियान चलचित्रको मुख्य आकर्षण पक्ष हो।

# गुलिभर्स ट्राभल्स



हलिउडको नयाँ चलचित्र 'गुलिभर्स ट्राभल्स' को सार्वजनिक प्रदर्शन भोलि शनिबारदेखि हुँदैछ। क्रिसमसकै दिन प्रदर्शन गर्ने लक्ष्यका साथ निर्माण गरिएकाले यो चलचित्रलाई शुक्रबारको साटो शनिबार प्रदर्शन गर्न लागिएको हो। एक्सन, एड्भेन्चर, कमेडी तथा एडप्टेसन श्रेणीमा राखिएको यो चलचित्र १ घण्टा २५ मिनेट लामो छ। चलचित्रमा ज्याक ब्ल्याक, जेसन सेगेल, इमिली ब्लन्ट, अमान्दा पिट, क्रिस ओ/डोड आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। जोन डेविसले निर्माण गरेको यो चलचित्रको निर्देशन रब लेटलम्यानले गरेका हुन्। ट्वान्टिथ सेन्चुरी फक्सले विश्वव्यापी वितरण गर्ने यो चलचित्रको छायांकन बेलायतका विभिन्न सहरमा गरिएको छ। चलचित्रमा नायक ज्याकले लेमुयल गुलिभरको भूमिका निर्वाह गरेका छन्। चलचित्रमा उनी न्युयोर्क पत्रिकाको मेलरुम क्लर्कका रूपमा प्रस्तुत भएका छन्। पत्रिकाले उनलाई बर्मुडाको एउटा विवादास्पद मुद्दामा काम गर्न खटाउँछ। त्यसक्रममा उनले लिलिपुट भन्ने स्थान पुग्नुपर्ने हुन्छ। अनुसन्धानका क्रममा गुलिभरले गर्ने यात्रा तथा यात्राका क्रममा हुने रोमाञ्चकताले चलचित्रलाई मनोरञ्जक बनाएको छ।



# तीस मार खाँ

कमेडी तथा एक्सन चलचित्र 'तीस मार खाँ' को सार्वजनिक प्रदर्शन आज शुक्रबारदेखि प्रारम्भ हुँदैछ। क्रिसमस इभका दिन प्रदर्शन हुने यो चलचित्रको निर्देशन फराह खानले गरेकी छिन्। यो चलचित्रमा अक्षय कुमार, अक्षय खन्ना, कटरिना कैफ, आर्य बब्बर, रघु राम, राजीव लक्ष्मण आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। अनिल कपुर तथा सलमान खानले अथिति कलाकारका रूपमा अभिनय गरेको यो चलचित्रमार्फत दिया, आन्या तथा सिजारले डेब्यू गर्दैछन्। चलचित्रमा सचिन खेडेकर, विजय पाटकर, अलि अजगर, विजय मौर्या, अमन वर्मा आदि कलाकारले पनि अभिनय गरेका छन्। विशाल-शेखर तथा शिरिस कुन्दरद्वारा संगीतबद्ध यो चलचित्रका गीतमा सोनु निगम, सुनिधि चौहान, कमाल खान, श्रेया घोषाल, सुखविन्दर सिंह, अभिजित सावन्त आदि गायक-गायिकाको पार्श्व स्वर सुन्न सकिन्छ। चलचित्रको कथाअनुसार तबरेज मिर्जा खान (अक्षय कुमार) एउटा चोर हुन्। उनी त्यस्ता चोर हुन्, जो विरलै जन्मिन्छन्। निडर हुनुका साथै उनी यति धेरै नकचरो छन् कि लाज पनि उनीसँग लजाउँछ। उनले थुप्रै ठूला चोरी गरिसकेका छन्। उनी तथा डलर, सोडा, बर्गरजस्ता नाम भएका उनका ग्याङका साथीहरूले प्रहरीलाई प्रायः नचाइरहेका हुन्छन्। एक दिन एक जना अन्तर्राष्ट्रिय गहना स्मगलरले तीस मार खानलाई उनको जीवनकै सबैभन्दा ठूलो चोरी गर्ने जिम्मा दिन्छन्। यस्तो चोरी उनले यसअघि गरेकै छैनन्। उनले प्राचिन गहना चोर्नुपर्ने छ, जसको मूल्य ५ सय करोड रुपैयाँ छ। राम्रो सुरक्षा व्यवस्था भएको गुडिरहेको रेलबाट तीस मार खानले उक्त चोरी गर्नुपर्नेछ। यो चुनौतीलाई उनले सहजै स्वीकार गर्छन्। आफ्ना साथीहरू तथा नायिका बन्ने सपना देखिरहेकी उनकी प्रेमिका अन्या (कटरिना कैफ) को सहयोगले तीस मार खानले यो गाह्रो कार्यमा कसरी सफलता हासिल गर्छन् अथवा यो कार्यमा उनी असफल हुन्छन्? यो प्रसंगलाई चलचित्रको क्लाइमेक्समा आकर्षक ढंगले चित्रण गरिएको छ।

# सांगीतिक वृत्तचित्र नौलखा



'कला र संस्कृति मानव सभ्यताको प्रतीक हो' भन्ने मूल नाराका साथ किराँत राई कलाकार संघले नेपालमै पहिलोपल्ट सांगीतिक वृत्तचित्र तयार गरेको छ। उक्त सांगीतिक वृत्तचित्रको नाम नौलखा दिइएको छ। उक्त ऐतिहासिक सांगीतिक वृत्तचित्रमा किराँती राई जातिको इतिहास र वर्तमानसम्बन्धी जानकारीहरू समेटिएको छ।

वृत्तचित्रमा 'नौ लाख किराती', 'यो धर्ति तिम्रै हो', 'सुम्निमा पारुहाङ', "ओ यलम्वर' गीतहरू प्रस्तुत गरिनुका साथै किराँती पहिरनमा सजिएका किराँती तथा उनीहरूले उकाली-ओराली गरेका पहाड, नदी, नाला र खोलाहरू समेटिएका छन्। साकेला सिली, ऐतिहासिक स्थल, खेतीका लागि आवाद गरिएका जमिन तथा गाउँघरका बाटाहरूलाई पनि वृत्तचित्रमा समेटिएको छ।

करिब एक लाख निर्माण खर्च लागेको यो वृत्तचित्रले पूर्वी पहाडमा बसोबास गर्ने आदिवासीहरूको कथा समेटेको छ। सबै छायांकन पूर्वी पहाड किराँती बसोबासकै ठाउँहरूमा गरिएको यो वृत्तचित्रका गीतमा भुपाल राईको शब्द छ भने जितेन राईले संगीत दिएका छन् जसमा भीषण मुकारुङ, पार्वती राई, आभा मुकारुङ, सरला राई, कला राई, रूपकुमार राई, जितेन राई, भुपाल राई तथा कन्काइष्ट राईको स्वर सुन्न पाइन्छ। नौलखाका निर्देशक भूपेन्द्रपुमा सहरमा बसेका सबै राई जातिलाई आफ्नो गाउँ-ठाउँ सम्झाउन यस्तो सांगीतिक डकुमेन्ट्री निर्माण गरिएको बताउँछन्।

**भीषण राई**


## तु चाहियो

नेपाल टेलिभिजनबाट प्रसारण भइरहेको टेलिसिरियल सुटिङ्ग भइरहेको ठूलो पर्दाको फिल्महरु सुटिङ हुन गइरहेको विज्ञापनहरुको लागि मोडलहरु, नवनायक, नवनायिका, हास्य बालबालिकाहरु लगायत विवाहित महिला र अविवाहित महिलाहरु तु आवश्यकता।

तपाईंमा प्रतिभा छ भने आएको ३ दिन भित्र नै खेलाउछौं। नजान्नेलाई तालिम दिएको ५ दिन भित्र ग्यारेन्टिका साथ खेलाइरहेकाछौं।

नेपालमा सबैभन्दा बढि अवसर दिने **बृहस्पति फिल्मस Acting School, Bagbazar.**

फोन: ९८४१३०४५६६, ९८०८२१०७६१

## यस साताको १० उत्कृष्ट CRBT

| Song | Singer | NT | Ncell | UTL |
|---|---|---|---|---|
| क्रिसमस गित | सागर बैजु | 0140002928 | 6021641 | 7785769 |
| जिङ्गल बेल्स् पिल्हेन्स कोयर | John Choir Group | 0140002962 | 6021685 | 7785819 |
| वि विस् यु अ मेरी क्रिसमस | Hephzibah | 0140002706 | 6021439 | 7785566 |
| जोय टु द वर्ल्ड | Hephzibah | 0140002708 | 6021441 | 7785568 |
| तेरो बोली सुन्दा | रुपक डोटेल | 0140005274 | 6023913 | 7788055 |
| तिमिलाई कुनै पल | यस कुमार र प्रकृती गिरी | 0140005294 | 6023932 | 7788074 |
| बरु बदनाम हुन्छु | राम चन्द्र काफ्ले | 0140005985 | 6024617 | 7788701 |
| दियो को तेल सरी | स्वरुप राज आचार्य | 0140004918 | 6023595 | 7787737 |
| दर्शन नमस्ते | राजेश पायल राई | 0140001695 | 60267 | 7784351 |
| लाउक मन | आनन्द कार्कि | 0140002819 | 6021540 | 7785668 |

DOWNLOAD
For NT type DEF<space>Code and sms to 1455
For Ncell type BUY<space>Code and sms to 9209
For UTL type dnsetCode and sms to 1242

Cellroti
www.cellroti.com

## नि:शुल्क ब्युटिसियन कोर्ष

बहुउद्देश्यले खोलिएको यस **Galvanic Beauty Training Institute** मा केहि ब्युटिसियनको आवश्यकता सहित नि:शुल्क अन्तराष्ट्रिय स्तरको गुणस्तरिय कोर्ष गराईदै छ। आजै सम्पर्क गर्नुहोला।

Our Courses:
- Basic,
- Advance,
- Diploma
- Special
- Short Special
etc.

यहाँ तालिम पछि रोजगारको व्यवस्था पनि छ

Contact:
Satdobato,
Talchikhel
9849624584

सर्वाधिक बिक्री हुने
# साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका

तस्बिर : सुरज श्रेष्ठ









# युनी



अनौठो नाम छ उनको- युनी पुन। युनिक लागेर नै उनले आफ्नो नाम आफैंले यस्तो राखेकी हुन्। लामाचौर पोखराकी २० वर्षीय पुन भर्खरै मात्र मोडलिङको संसारमा आइपुगेकी हुन्। पहिलो पटक यूएफओको पहिरन र पर्फेक्ट टेन ब्युटी क्लबको मेकअपमा सजिएर उनले फोटोसेसन गरेकी हुन्। कमर्समा प्लस टु सकेकी युनी साथीहरूको करकापले मोडलिङमा आएकी हुन्। उनलाई मोडलिङमा जम्न सक्छु भन्ने विश्वास नभए पनि चर्चा कमाउन सजिलै सकिन्छ भन्ने हेक्का छ।

भविष्यमा टेलिभिजन कार्यक्रम प्रस्तोता बन्ने लक्ष्य लिएकी युनी अहिले आरजेको प्रशिक्षणमा व्यस्त छिन्। मोडलिङमा हल्का ग्ल्यामर आवश्यक हुने मान्यता राख्ने पुनले यो क्षेत्रलाई हेर्ने दृष्टिकोणमा परिवर्तन नभएकोमा चिन्ता व्यक्त गरिन्। त्यही भएर पोखराबाट धेरै मोडलको

# पुन

पलायन हुँदै गएको उनले बताइन् । गोरो र कालो हेयर स्टाइलमा आकर्षक देखिने युनीलाई मन पर्ने पहिरन पाइन्ट तथा टिसर्ट हो । उनी फुर्सदमा सपिङ गर्न र साथीहरूसँग घुम्न मन पराउँछिन् । ५ फिट ३ इन्च अग्ली युनी प्रेमको मामिलाबाट भने टाढा छिन् । अहिलेको प्रेम प्रति उनलाई खासै विश्वास पनि छैन ।

जीवन छँदै कुनै नयाँ काम नगरे त्यो जीवन निरर्थक हुने उनको धारणा छ । समय फेसनेबल छ, त्यही भएर त उनी आफ्नो फेसनप्रति पनि उत्तिकै सचेत छिन् । पुन भन्छिन्- 'पहिरनले नै व्यक्तित्व झल्काउँछ ।' उनलाई पुरुषको उचाइ तथा उसको आकर्षक व्यक्तित्वले प्रभावित बनाउँछ ।

-शिव शर्मा







## चेतन राई



### ● साताको स्वर ●

**एक दुई तीन रमाइलो छ यो दिन...कस्तो शैलीको गीत हो ?**

गायक भरत सिटौलाको शब्द तथा संगीत रहेको यो फन्नी पपगीत हो ।

**कस्ता श्रोताले यो गीत मन पराएका छन् ?**

मेरो पहिलो गीतिसंग्रह 'सेभेन' मा समावेश भएको यो गीत स्कुले बालबालिकाहरूले मन पराएका छन् ।

**गीतको कुन पक्ष राम्रो मान्नुहुन्छ ?**

एकपटक सुन्दै जसले पनि सम्झन तथा गाउन सक्ने शब्द गीतको राम्रो पक्ष हो । गायनमा पनि मैले मेहनत गरेको छु ।

**एउटा गायकको गीत अर्को गायकले गाउँदा सजिलो–गाह्रो के भयो ?**

एकदमै सजिलो भयो । संगीतको मर्म बुझ्ने गायकले कम्पोज गरेकाले होला, रेकर्डिङ पनि कम समयमै सम्पन्न भएको थियो ।

**म्युजिक भिडियो कस्तो बनेको छ ?**

निर्देशक विभोर पोखरेलले गीतको भावनालाई भिडियोमा हुबहु उतारिदिएका छन् । भिडियो प्रदर्शन भएपछि गीत थप लोकप्रिय भएको हो ।

## ● म्युजिक अपडेट ●

### जनवादी गायकको भजन

जनवादी गायकका रूपमा परिचित यादव बाँस्तोलाको नेपाली भजनहरूको संग्रह बजारमा आएको छ । बाँस्तोला जनयुद्ध सुरु हुनु अघि नेकपा एमाले निकट जन सांस्कृतिक मञ्चमा तथा माओवादी जनयुद्धका बेला क्रान्तिकारी गायकका रूपमा परिचित थिए । जनवादी गीत छाडेर बाँस्तोला विगत ५ वर्षदेखि भक्ति संगीततर्फ लागेका हुन् । उनले अहिले धुन बज्यो शीर्षकको भजन एल्बमलाई बजारमा ल्याएका छन् ।

### राजाको सांगीतिक यात्रा

भैरहवाका गायक राजाप्रताप शाहीको गीतिसंग्रह 'राजाको सांगीतिक यात्रा' को भैरहवास्थित सत्य साई वृद्धाश्रमका असहाय वृद्धाहरूले सामूहिक रूपमा विमोचन गरेका छन् । सानैदेखि साई केन्द्रको आश्रममा भजन गाएर सांगीतिक यात्रा प्रारम्भ गरेकाले सोही स्थानमा आफ्नो गीतिसंग्रह विमोचन गरिएको गायक शाहीले बताए । संग्रहका सबै गीतमा गायक शाहीकै शब्द तथा संगीत सुन्न सकिन्छ ।

### ढाकामा नेपाली संगीत

बंगलादेशको राजधानी ढाकामा आयोजना हुने अन्तर्राष्ट्रिय कलेज संगीत प्रतियोगितामा नेपालले पनि सहभागिता जनाउने भएको छ । नेपालको प्रतिनिधित्व गर्दै काठमाडौं विश्वविद्यालयले भाग लिन लागेको हो । उक्त प्रतियोगितामा सहभागिता जनाउन गायक लोचन रिजालको नेतृत्वमा एउटा सांगीतिक टोली आज शुक्रबार ढाकातर्फ प्रस्थान गर्दैछ ।

### जावलाखेलमा रक कन्सर्ट

गत शनिबार जावलाखेलस्थित खेलमैदानमा युवा-युवतीको बाक्लो उपस्थित देखियो । रक कन्सर्ट साइलेन्स फेस्टिबल-२०१० हेर्न भेला भएकाहरू दर्शकले मैदान भरिएको थियो । साइलेन्स इन्टरटेन्मेन्टले आयोजना गरेको कन्सर्टमा रक ब्यान्डहरूलाई गीत-संगीत प्रस्तुत गरेका थिए । कार्यक्रममा ७२ आवर्स, विनाश, मङ्की टेम्पल, अल्ट-एफ फोर, इक्वेल्सजस्ता स्वदेशी रक ब्यान्डले गीत-संगीत प्रस्तुत गरेका थिए । कन्सर्टमा स्वीजरल्यान्डबाट निम्त्याइएका दुई डेथ मेटल ब्यान्ड इनिग्माटिक तथा मोदेरकर्सको प्रस्तुतिले दर्शकको मन जितेको थियो ।

### शासनको गीतिसंग्रह विमोचन

नेपाली चलचित्र 'शासन' का गीतहरूको अडियो-संग्रहको गत शुक्रबार विमोचन गरिएको छ । आकाश अधिकारीको निर्देशन रहेको उक्त चलचित्रका गीतहरूको संग्रहको मिस कलेजका प्रतियोगी सुन्दरी तथा संगीतकर्मीहरूले संयुक्त रूपमा विमोचन गरेका हुन् । शम्भुजित बास्कोटाको संगीत निर्देशन रहेको यो चलचित्रका पाँच गीतमा रामकृष्ण ढकाल, साधना सरगम, बाबुल सुप्रियो, मिङ्मा शेर्पा, सिने गुरुङ, जुना प्रसाईं, कोमल राजभण्डारी, सिन्धु मल्ल आदि गायक-गायिकाको पार्श्व गायन छ । चलचित्रका गीतहरू किरण खरेल, नवराज लम्साल तथा निर्देशक अधिकारीले रचना गरेका हुन् ।

### संगीतकारको रेस्टुराँ

व्यस्त संगीतकार महेश खड्का रेस्टुराँ व्यवसायी भएका छन् । प्रायः रेकर्डिङ स्टुडियोमा भेटिने यी संगीतकारलाई अचेल साँझपख कुपन्डोलको कानदेवतास्थाननजिकै रहेको अमात्य बिल्डिङमा खुलेको रेस्टुराँमा भेट्न सकिन्छ । 'द विग चिम्नी रेस्टुराँ' को केही समयअघि एउटा अनौपचारिक कार्यक्रममार्फत उद्घाटन गरिएको छ । आफूले सञ्चालन गरेको रेस्टुराँका बारेमा जानकारी दिन संगीतकार खड्काले गत साता एउटा चलचित्रको शुभमुहूर्त कार्यक्रम नै आयोजना गराए । उक्त चलचित्रका संगीतकार खड्कालाई मुहूर्तको अवसर पारेर रेस्टुराँ मालिक तथा संगीतकारका रूपमा दुईवटा माला लगाएर बधाई दिइएको थियो ।

### प्रशान्तको कन्सर्ट

आफूले अभिनय गरेको पहिलो चलचित्र 'गोरखा पल्टन' व्यावसायिक रूपमा सफल भएपछि गायक प्रशान्त तामाङको सांगीतिक व्यस्तता पनि बढेको छ । अघिल्लो साता प्रशान्त तथा संगीतकार एड्रिन प्रधानले बेल्जियमको राजधानी ब्रसेल्समा सांगीतिक कार्यक्रम प्रस्तुत गरेका छन् । आफ्नो चलचित्रको प्रचार-प्रसार समेत गरेका प्रशान्तलाई सांगीतिक समूह १९७४ एडीका एक जना संगीतकर्मीले सघाइरहेका छन् । बेल्जियमअघि प्रशान्तले जर्मनी, हल्यान्ड, स्वीजरल्यान्डमा पनि सांगीतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।

### पोखरामा संगीतकर्मी सम्मानित

मगर चलचित्र, गीत-संगीत तथा साहित्यको क्षेत्रमा योगदान पुऱ्याउने करिब ७० जना स्रष्टालाई पोखरामा सम्मानित गरिएको छ । सम्मानित हुनेहरूमा गीत-संगीत क्षेत्रबाट कविता आलेमगर तथा खड्ग गर्बुजा छन् ।

### सुप्रियाको विमोचन

गायक रमेशराज अधिकारीले आफ्नै लगानीमा नयाँ गीतिसंग्रह 'सुप्रिया' तयार गरेका छन् । गत शनिबार रेडियो कान्तिपुरको एउटा सांगीतिक कार्यक्रममा संगीतकार टीका भण्डारीले यो संग्रह विमोचन गरेका हुन् । सोही साँझ माइतीघरस्थित प्रशान्त फुड ल्यान्डमा आयोजित सांगीतिक समारोहमा विमोचित गीतिसंग्रहका बारेमा समीक्षा गरिएको थियो । विमोचित संग्रहमा गायक अधिकारीका अतिरिक्त स्वरूपराज आचार्य, अञ्जु पन्त, शिव परियार, अञ्जना गुरुङ, मल्लिका कार्की तथा निशा देशारको स्वर समावेश छ । पूर्ण परियारद्वारा संगीतबद्ध संग्रहका गीतहरू देवदत्त भट्ट, नवरास लम्साल, रामबाबु थपलिया आदिले रचना गरेका हुन् ।

### एकै दिन तीन विमोचन

योमरी पूर्मिणा तथा उँभौली पर्वको अवसर पारेर गत मंगलबार राजधानीमा तीनवटा छुट्टा-छुट्टै गीतिसंग्रह विमोचन गरिएका छन् । सार्वजनिक बिदाको सदुपयोग गर्दै गीतकार पूजा चन्द, संगीतकार विश्वप्रकाश शर्मा तथा गायक तुलसी पराजुलीका गीतिसंग्रह विमोचन गरिएका हुन् । नायिका पूजा चन्दले रचना गरेका सुगम संगीतमा आधारित गीतहरूको संग्रह 'कसरी सम्झाऊँ' को गीतकार तथा चलचित्र निर्देशक यादव खरेलले विमोचन गरेका हुन् । हाम्रो सारेगम संसार प्रालिले उत्पादन गरेको गीति संग्रह 'स्वीकृति' को विमोचन भने संगीतकार अम्बर गुरुङले गरे । लोकतन्त्रवादी युवा नेता विश्वप्रकाश शर्माले रचना तथा संगीतबद्ध गरेका गीतहरू 'स्वीकृति' मा समावेश छन् । पुरानो बानेश्वरस्थित गुरुकुलमा आयोजित अर्को सांगीतिक कार्यक्रम भने गायक तुलसी पराजुलीको नयाँ गीतिसंग्रह 'कुईनेटो' विमोचन सम्पन्न भएको छ । आधुनिक शैलीका गीतहरूको यो संग्रहलाई आरबी म्युजिकले बजारमा ल्याएको हो ।

### ● अफ द बिट ●



नम्रताको नयाँ भिडियो ? : **गायक सावनदेव श्रेष्ठको नयाँ गीत 'एक विश्वास'को म्युजिक भिडियोमा अभिनय गर्दै नायिका नम्रता श्रेष्ठ, गायक सावनदेव तथा नरेन लिम्बू ।**

### ● विदेशबाट ●

## तरुनी देखिने प्रयास

लोकप्रिय गायिका चेर अचेल आफ्नो वास्तविक उमेर लुकाएर युवा देखिने प्रयासमा जुटिरहेको एउटा समाचारमा जनाइएको छ । हालै आयोजित एउटा समारोहमा चेरको अनुहारमा एक प्रकारको टेप देखिएको थियो । अनुहारमा बुढ्यौलीका रेखा लुकाउन उक्त टेपको प्रयोग गरिएको बताइन्छ । डेलीमेल डटकम डट यूकेले जनाएअनुसार ६४ वर्षीया चेर चलचित्र 'बर्लक्यू' को प्रिमियरमा सहभागी हुन लन्डन पुगेकी थिइन् । कार्यक्रममा उनको अनुहारमा उक्त टेप देखिएको थियो । त्यसो त हलिउडमा टेप प्रयोग गरेर बुढ्यौलीको रेखा लुकाएर छाला कसिलो बनाउने प्रविधि निकै पुरानो हो । समारोहमा चेर रातो पहिरनमा निकै आकर्षक देखिएकी थिइन्, तर उनको अनुहारमा लागेको टेप उपस्थित मानिसहरूको नजरबाट लुक्न सकेको थिएन ।



### ● ब्याण्ड ●

## द रकाबिलिटी

सन् २००८ मा स्थापना भएको सांगीतिक समूहको नाम हो– द रकाबिलिटी । समूहमा चार जना संगीतकर्मी छन् । नयाँ बानेश्वरस्थित कोलम्बस कलेजमा अध्ययनरत युवा संगीतकर्मीहरूले यो समूह स्थापना गरेका हुन् । समूहमा सौरभ सिद्धि बज्राचार्य गायकका रूपमा सक्रिय छन् । अनिश महर्जन लिड गिटारिस्ट हुन् । सुधीर श्रेष्ठ बास गिटारिस्ट हुन् भने बालगोपाल लाल श्रेष्ठ ड्रमरका रूपमा आबद्ध छन् । गिटारिस्ट अनिश महर्जनले समूहमा व्यवस्थापकको भूमिका समेत निर्वाह गरिरहेका छन् । रक तथा ब्लुज शैलीका गीत-संगीत सिर्जना गरिरहेको यो समूहपाश्चात्य सांगीतिक समूहहरूबाट प्रभावित छ । केही महिनाअघि राजधानीमा सम्पन्न अन्तर कलेज ब्यान्ड प्रतियोगितामा सहभागिता जनाइसकेको यो समूहले राजधानीका केही कन्सर्टमा समेत गीत-संगीत प्रस्तुत गरिसकेको छ । 'संगीत हाम्रा लागि रुचिको विषय हो, समूहका गिटारिस्ट अनिश भन्छन्, 'संगीतलाई हामीले ज्ञान तथा अनुभवको स्रोतका रूपमा समेत लिएका छौं ।' कन्सर्टमा सहभागी हुनु छ भने समूहका सबै सहकर्मी एकै ठाउँमा भेला हुन्छन् र अभ्यास गर्छन् । हालसम्म कुनै पनि गीत रेकर्डिङ गर्न नभ्याएको समूहले एउटा गीत रेकर्डिङ गरेर म्युजिक भिडियो निर्माण गर्ने योजना बनाएको छ ।





**ओलम्पिकमा पोल डान्स**

अमेरिकाकी जोराया जुडीले हालै जापानको टोकियोमा सम्पन्न अन्तर्राष्ट्रिय पोल डान्स प्रतियोगितामा पहिलो स्थान हात पारेकी छिन्। पोल डान्सलाई सन् २०१६ मा ब्राजिलको रियो दि जेनेरियोमा आयोजना हुने ओलम्पिक प्रतियोगितामा पनि समावेश गरिएको छ।

# पहिलो विश्व




## समलिंगी हुन परीक्षा दिनुपर्ने



चेक रिपब्लिकले वास्तविक समलिंगीहरूको पहिचान गर्न उनीहरूको परीक्षण गर्ने बताएपछि युरोपियन युनियनले उक्त कार्य रोक्न अनुरोध गरेको छ। चेक रिपब्लिकले हालै महिला र पुरुष समलिंगीहरूले आफू समलिंगी रहेको कुरा प्रमाणित गर्न परीक्षामा उत्तीर्ण गर्नुपर्ने कुरा बताएको थियो।

प्रागका आन्तरिक मन्त्रालयका प्रवक्ताका अनुसार आफूलाई समलिंगी बताउनेहरूले महिला र पुरुषबीचका अश्लील चलचित्र हेर्दा आफूलाई उत्तेजित बनाउन नहुने, पुरुष समलिंगीहरूले पुरुष र पुरुषबीचका यौन क्रियाकलाप हेरेर आफूलाई उत्तेजित बनाउनुपर्ने र महिलाको हकमा पनि महिला र महिलाबीचका यौन चलचित्र हेरेर उत्तेजित हुनुपर्ने कुरालाई पहिलो प्रावधानमा राखिएको छ। अहिले युरोपियन युनियनमा आबद्ध देशहरूमध्ये चेक रिपब्लिकले मात्र परीक्षणबाट समलिंगी प्रमाणित गर्ने नीति अपनाएको छ। समलिंगी अधिकारको नाममा अन्य मानिसहरूले पनि आफूलाई समलिंगी, तेस्रोलिंगी बताउँदै अधिकारको दुरुपयोग गरेपछि आफूहरूले स्वास्थ्य परीक्षण थालेको मन्त्रालयका प्रवक्ता पाभेल नोभाकले बताएका छन्। पाभेलका अनुसार परीक्षा हुन्छ भनेपछि असम्बन्धित व्यक्तिको चाप स्वतः घट्नेछ।

## डिकीलिक्स कन्डम




विकिलिक्स डट ओआरजीमार्फत् अमेरिकालगायत विभिन्न देशका गोप्य सूचनाहरू सार्वजनिक गरेपछि उक्त वेबसाइटका सञ्चालन जुलियन असान्ज अहिले सर्वाधिक चर्चामा छन्। अमेरिकाका गोप्य सूचना सार्वजनिक गरेलगत्तै उनी दुई फरक यौन अभियोगमा परे। उनी माथी स्वीडेनका दुई महिलाले लापर्वाहीपूर्वक यौनसम्पर्क गरेको अभियोग लगाएका छन्। एक महिलाले उनलाई यौनसम्पर्क गर्दा कन्डम फुटालेको र अर्कोले कन्डम प्रयोग नगरी यौनसम्पर्क राखेको अभियोग लगाएकी छिन्। यी दुई अभियोगमा परेपछि इन्टरपोलमार्फत अन्सानलाई बेलायत प्रहरीले पक्राउ गरेको छ।

अन्सानको ख्यातिलाई कन्डमका कारण दबाउने प्रयास भएपछि एक कन्डम कम्पनीले डिकिलिक्स कन्डमलाई बजारमा ल्याएको छ। चर्चित व्यक्तिहरूको नाममा कन्डम निर्माण गर्दै आएको बेन्जामिन सेरम्यानले यसअघि ओबामा, पालिन, म्याकेन, टाइगर उड कन्डम बजारमा ल्याइसकेको छ। यसपटक उत्पादन गरिएको डिकिलिक्स कन्डमको आवरणमै जुलियन अन्सानको तस्बिर छ। जसमा 'वि लिक मोर देन द ट्रुथ' (हामी सत्यभन्दा बढी चुहावट गर्छौं) लेखिएको छ। यो कन्डमको बजार मूल्य प्रतिदर्जन १२ अमेरिकी डलर छ।

## यौनकर्मीको राजधानी बन्ने सुरमा




पछिल्लो पटक स्पेनको आर्थिक अवस्था डगमगाएको स्थितिमा थियो, तर त्यहाँ हालै सञ्चालनमा आएको यौनशालालाई हेर्ने हो भने स्पेनले अरू कार्यमा घाटा बेहोरे पनि यौन व्यापारको क्षेत्रमा भने लाभ लिइरहेको देखिन्छ। ग्रानाडामा सञ्चालनमा आएको उक्त यौनशाला तीन तलाको छ, जसमा विशेष पाहुना कक्ष, वार, स्ट्रिप क्लबदेखि यौन कक्षसमेत छ। यहाँ एकैपटक ७० भन्दा बढी यौनकर्मीले सेवा दिन सक्छन्।

स्पेनमा यौन व्यवसाय पछिल्लो पटक सर्वाधिक लोकप्रिय व्यापार बन्दै गएको छ। संयुक्त राष्ट्रसंघले पछिल्लो पटक गरेको सर्वेक्षणमा स्पेनका ३९ प्रतिशत पुरुष यौनकर्मीको सम्पर्कमा एकपटक भए पनि आएको पाइएको थियो। सन् २००९ मा सरकारले गरेको अर्को सर्वेक्षणमा ३२ प्रतिशत पुरुष यौनकर्मीको सम्पर्कमा पुगेको देखियो। यो तथ्यांकलाई तुलनात्मक अध्ययन गर्दा स्पेनमा ३ लाख यौनकर्मी कार्यरत भएको अनुमान गरिन्छ। फ्रान्ससँगको सीमाक्षेत्रनजिक स्पेनमै हालै क्लब प्याराडाइज सञ्चालनमा आएको छ, जहाँ १ सय ८० यौनकर्मीले ग्राहकलाई एकै पटक सेवा दिन सक्छन् र यसलाई युरोपकै सर्वाधिक ठूलो यौनशाला मानिएको छ।

## एक्स-रे मा रोक





पछिल्लो पटक केही मुलुकका अन्तर्राष्ट्रिय विमानस्थलहरूले सुरक्षाको कारण देखाएर यात्रुका शरीरको सम्पूर्ण भागको मेडिकल एक्स-रे लिन थालेका छन्। हवाई आक्रमणलाई निस्तेज पार्न यो प्रविधिलाई अन्तराष्ट्रिय यात्रा गराउने सबै विमानस्थलले प्रयोगमा ल्याउनुपर्ने आवाज



एकातर्फ उठिरहेको छ भने यो प्रविधिले मानिसको गोपनियता भंग हुने जनाउँदै विरोध पनि भैरहेको छ। शरीरको एक्स-रे बिना हवाई यात्रा गर्न नसकिने हुनाले पनि यात्रुहरूले यो नियम मान्नुपर्ने बाध्यता छ।

स्तन र यौनाङ्गलाई संवेदनशील अंग मानिने हुनाले कतिपय अवस्थामा एक्स-रेका किरणहरूले नकारात्मक असरसमेत गर्न सक्छन्। यही समस्याबाट गुज्रिरहेका व्यक्तिहरूलाई लक्षित गरेर अमेरिकाको एक कम्पनीले एक्स-रे मेसिनबाट नदेखिने र एक्स-रेका किरणहरूले पनि असर नगर्ने भित्री पोसाकको निर्माण गरेको छ। रक्की फ्ल्याट गियर कम्पनीले निर्माण गरेको महिला र पुरुषले लगाउने ती भित्री पोसाक अन्तर्राष्ट्रिय बजारमा आइसकेका छन्।





### अन्त्यमा...

महिला समलिंगी (लेस्बियन), गे (पुरुष समलिंगी) तथा बाईसेक्सुअल (महिला र पुरुष दुवैसँग यौनसम्बन्ध राख्ने) एलजीबीहरू अन्य यौन व्यवहार भएका मानिसको तुलनामा ४० प्रतिशत बढी दोषी पाइएको छ।

याले युनिभर्सिटीले गरेको सर्वेक्षणअनुसार एलजीबीहरू अन्य यौनव्यवहार भएका टिनएजर्सको तुलनामा स्कुल, प्रहरी र अदालतबाट बढी दण्डित हुने गरेका छन्। सन् २०११ मा जर्नलका रूपमा प्रकाशित हुन लागेको यो सर्वेक्षण एलजीबीहरूका विभिन्न पक्षमा केन्द्रित छ। हाईस्कुलबाट वयस्क हुने क्रममा रहेका १५ हजार विद्यार्थीलाई निरन्तर सात वर्षसम्म पच्छ्याएर उनीहरूको जीवनमा यौन आचरणले पारेको प्रभावका बारेमा अनुसन्धान गरिएको थियो। उक्त सर्वेक्षणका केही नतिजा बताउँदै जर्नलका लेखक क्याथरिन हिमेल्स्टेन भन्छिन्- 'एलजीबी यौन व्यवहार भएका टिनएर्जस विद्यालयमा बढी दण्डित हुने, पक्राउ बढी पर्ने तथा प्रहरीले पनि बढी सोधपुछ गर्ने गरेको पाएका छौं।'





तस्बिर : कृष्ण सिंजाली

# सिलिगुडीमा नेपाली फेसन

**विदुर खतिवडा/ पर्वत पोर्तेल**

**सिलिगुडी-** सिलिगुडीस्थित उत्तरायनको अर्किड हलमा यसै साता आयोजित निल डेभिड फेशन हेयर शोमा दर्शक खचाखच थिए। सांगीतिक धुनले सिंगो हल गुन्जायमान बनेको थियो। त्यसमाथि आकर्षक मोडलहरूको क्याटवाकले त अझ रौनक थपेको थियो। मोडलहरूले र्‍याम्पमा क्याटवाक गर्दा चिसो रात क्षणभरमै तातेको आभास हुन्थ्यो। र्‍याम्पमा मिस दार्जीलिङ निमा डोमा भुटिया, फस्ट रनर्सअप प्रेक्षा प्रधान तथा सेकेन्ड रनर्सअप प्रिमा सिलवाल पनि सहभागी थिए। शोमा सिक्किम सुन्दरी पनि देखिएकी थिइन्।

सिलिगुडीस्थित निल डेबिड हेयर एन्ड ब्युटी सेन्टरले शोको आयोजना गरेको थियो। हेयर एन्ड फेसन शोको उद्घाटन पश्चिम बंगालका सांसद सुरज पाठकले गरेका थिए। डेबिडले सिलिगुडीमा पहिलो पटक यस्तो शोको आयोजना गरेका हुन्। 'पहिलो पटक भएकाले केही असहज भयो', डेविडले भने, 'तर सबै साथीभाइ तथा नेपाली र स्थानीय मिडियाको सहयोगले हौसला मिल्यो।' शोमा नेपाल तथा भारतका २२ युवतीसहित ३० जनाभन्दा बढी मोडल सहभागी भए। मोडलका सम्पूर्ण पहिरन र केशसज्जा डेबिडले नै डिजाइन गरेका थिए। उनले मोडलहरूलाई विशुद्ध नेपाली पहिरनमा र्‍याम्प गराएका थिए। 'भारतमा रहेर पनि नेपाली पहिचान जोगाउने उद्देश्य हो', फेसन शो आयोजना गर्नुको कारण प्रस्ट्याउदै डेविडले भने, 'जहाँ गए पनि नेपाली पहिचान बिर्सन हुँदैन।' नेपाल वानका भिजे सोनम पाखिनले जाडो माहोललाई तताउन दर्शकदीर्घाबाट विभिन्न व्यक्तिहरुलाई र्‍याम्पमा उतारेका थिए।

शोमा मोडलहरूले लगाएका सबै पहिरन डिजाइन गरेपछि डेबिड हेयर डिजाइनर मात्रै नभएर सफल फेसन डिजाइनर पनि रहेछन् भन्ने कुराको पुष्टि भएको छ। 'मेरो पहिलो सौख फेसन डिजाइन नै थियो', उनले भने। नीलले युवतीहरूलाई साडी र फरिया तथा युवाहरूलाई दौरा-सुरुवाल र भाद्गाउँले टोपीमा सजाएका थिए। शोमा सहभागी झापाकी मोडल अस्मिता ओलीले भनिन्, 'भारतमा आयोजित शोमा क्याटवाक गर्दा मलाई आफू नेपालमै भएको अनुभूति भैरहेको थियो।' मिस टिन झापाकी फस्ट रनर्सअप ओलीले थपिन्, 'सीमापारि आयोजित शोले नेपाली पहिचान झल्काउने प्रयास गरेको छ। नेपाली चिनारी देखाउन खोजेको छ।'

उक्त फेसन एन्ड हेयर शोमा निल डेविड गरम मसाला, अरबियन नाइट्स, इजिप्सियन नाइट्स जस्ता आधा दर्जनभन्दा बढी सिक्वेन्स प्रस्तुत गरिएको थियो। उक्त फेशन शोको कोरियोग्राफी लक्ष्मण बानियाँले गरेका थिए।

# भोलि काभ्रे लेडिज ट्यालेन्ट छानिने

बनेपा, काभ्रेका युवतीहरूबीचको प्रतिस्पर्धा 'काभ्रे लेडिज ट्यालेन्ट शो-२०१०' को उपधि विजेताको छनौट भोलि हुँदैछ। बनेपास्थित मयूर चलचित्र मन्दिरमा सो प्रतियोगिता सञ्चालन हुनेछ। रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीको आयोजनामा सञ्चालन हुने दोस्रो संस्करणको यो प्रतियोगिताको उपाधि दौडमा यसपटक २२ जना युवती छन्।

# लुभु महोत्सव

**साप्ताहिक समाचार**

पर्यटन वर्षको पूर्वसन्ध्यामा ललितपुरस्थित लुभुमा दुईदिने महोत्सव सम्पन्न भयो। बाहय तथा आन्तरिक पर्यपटन प्रवर्द्धन गर्दै स्थानीय संस्कृतिको जगेर्ना गर्न स्थानीय युवाहरूले महोत्सव आयोजना गरेका हुन्। गएको शनिबार र आइतबार सञ्चालित महोत्सवमा नेवारी संस्कृतिक प्रदर्शनी एवं परिकार विशेष आकर्षण बनेका थिए। यसै अवसरमा लुभु-लाकुरी-लुभुसम्म सञ्चालन गरिएको माउन्टेन वाइक रेसिङले थप रौकन थपेको थियो। नेपाल साइक्लिङ एसोसिएसनको सहयोगमा उक्त कार्यक्रम सञ्चालन गरिएको हो। महोत्सवमा स्थानिय कलाकारहरूले तयार गरेका ह्यान्डिक्राफ्ट तथा आर्ट एक्जिविसनसमेत गरिएको थियो।

महोत्सवको अवसरलाई छोप्दै आयोजक ब्ल्याक हक एभेन्ट म्यानेजमेन्टले लाइभ कर्न्सट गरेको थियो। अहिलेका युवापुस्ताले रुचाएका ब्लुज पप संगीत सुनाएका थिए गायक शावनदेव श्रेष्ठले। उनको प्रस्तुतिसँगै द एक्स ब्यान्ड, सिने गुरुङ, ओमविक्रम विष्ट, सुभ थापा, आरम्भ, र्‍यापल भाइवेजले आफ्ना चर्चित गीतहरू सुनाएका थिए।

# नाच्यो मारुनी

**भीषा काफ्ले**

साप्तिङटार (धनकुटा) -तमोर नदीको किनारमा रहेको सानो गाउँ साप्तिङटार, साप्तिङटारको बिचमा सयपत्री, मखमलीले सजाएको सुन्दर स्टेजमा देखियो लोप हुँदै गएको संस्कृतिक नाच मारुनी। पूर्वी नेपालमा लोकप्रिय यो नाच हेर्न साप्तिङटारका मात्र नभएर धनकुटा देखिको जनसमूह उर्लिएको थियो।

लोप हुँदै गएको नाच हेर्ने अवसर भने त्यही चिटिक्क परेको साप्तिङटारको विहानी जागृती महिला समूहले जुराएको थियो। समूह गठन भएर काम गर्न थालेको एक वर्ष पुगेको अवसरमा समूहले मारुनी नाचका साथै विविध संस्कृतिक कार्यक्रमको आयोजना गरेको थियो। दिउँसो १२ बजे प्रारम्भ भएको संगीतिक कार्यक्रम बेलुकी खाना खान ब्रेक लिएर राति १२ बजेसम्म लगातार घन्किएको थियो। कार्यक्रममा लोक गीत, चलचित्रका गीत, पप गीतमा स्थानीय कलाकारले दर्शकहरूलाई पनि नचाएका थिए भने आयोजक संस्थाका दिदीबहिनीहरूले अधिकारवादी गीतहरू गाएर कार्यक्रमको रौनक थपेका थिए।

## मेरो सिनेमा पपुलर एवार्डका

# उत्कृष्ट पाँच

सन् २०१० को जनवरी महिनाको पहिलो सातादेखि नोभेम्बरको अन्तिम सातासम्म सार्वजनिक भएका ३९ वटा चलचित्रका १७ वटा विधाका विधागत चलचित्रकर्मी तथा चलचित्रलाई भोटिङ गर्न मेरोसिनेमा डटकममा सबै विधाको नामावली प्रकाशित गरिएको थियो। अहिले टप फाइभका लागि भोटिङ् भइरहेको छ।








**साप्ताहिक समाचार**

काठमाडौं- नायिका भएर कहलिएकी झरना थापा खलनायिका, द्वन्द्व निर्देशकको कामबाट फुर्सद नपाएका हिमाल केसी खलनायक, कुनै बेलाका एक्सन नायक शिव श्रेष्ठ पनि खलनायक। छोटो समयमा नेपाली चलचित्र क्षेत्रको 'अनलाइन ऐना' बन्न सफल 'मेरोसिनेमा डटकम'ले सञ्चालन गरेको 'भर्चुअल' प्रकृतिको 'मेरो सिनेमा पपुलर अवार्ड'का लागि चलचित्र तथा चलचित्रकर्मीहरूको लोकप्रियताको प्रतिस्पर्धामा 'तिमी मात्र तिमी'मा नायिका झरना थापालाई खलनायिका भएको धेरैले रुचाएका रहेछन्। अनि 'नाइँ नभन्नु ल'मा द्वन्द्व निर्देशक केसीको अभिनय पनि मन पराइएको छ। 'रणसंग्राम'का शिव श्रेष्ठले हिरोलाई आच्छु-आच्छु पारेको खुङ्खार स्वरूप पनि अत्यधिक रुचाइएको रहेछ। खल अभिनय विधामा 'गोर्खा पल्टन'बाट विनय लामा तथा 'दासढुंगा'बाट सौगात मल्ललाई पनि अनलाइन युजरहरूले मनोनयनमा पारेका छन्।

नेपाली चलचित्र तथा चलचित्रकर्मी अनलाइन युजरका बीच कत्तिको लोकप्रिय छन्? वा को सबैभन्दा बढी लोकप्रिय छ? भन्ने कुराको एउटा सर्वेक्षणका रूपमा सन् २०१० को जनवरी महिनाको पहिलो सातादेखि नोभेम्बरको अन्तिम सातासम्म सार्वजनिक भएका ३९ वटा चलचित्रका १७ वटा विधाका विधागत चलचित्रकर्मी तथा चलचित्रलाई भोटिङ गर्न गत साता मेरोसिनेमा डटकममा सबै विधाको नामावली प्रकाशित गरिएको थियो। ती १७ विधामा विश्वभरिका २ लाख ५० हजारजति अनलाइन युजरले गरेको मतका आधारमा पहिलो पटक आयोजना हुन लागेको 'मेरो सिनेमा पपुलर एवार्ड'का लागि हरेक विधामा पाँच-पाँच जना मनोनीत भएका छन्

मनोनयनअन्तर्गत उत्कृष्ट पाँच चलचित्रमा कोही मेरो, दासढुंगा, बाटोमुनिको फूल, देश र फस्टलभ छन्। उत्कृष्ट निर्देशकमा आलोक नेम्वाङ, मनोज पण्डित, सुरज सुब्बा 'नाल्बो', तुलसी घिमिरे र सिमोस सुनुवार समेटिएका छन्। उत्कृष्ट पाँच नायकमा राजेश हमाल, अनुप बराल, कर्म, सुमन सिंह र आर्यन सिग्देल छनौट भएका छन् भने उत्कृष्ट पाँच नायिकामा तृप्ति नाडकर, रेखा थापा, निरुता सिंह, सञ्चिता लुइँटेल र निशा अधिकारी मनोनीत भएका छन्।

त्यसैगरी संगीतकारमा एउटै चलचित्र कोही मेरोबाट सुरेश अधिकारी, वसन्त सापकोटा र सुरेश राई, सत्य-स्वरूप, सञ्जय श्रेष्ठ, किचमान चित्रकार, महेश खड्का उत्कृष्ट पाँचमा समेटिएका छन्। उत्कृष्ट पार्श्वगायकमा राजेशपायल राई, यशकुमार, सत्यराज आचार्य, प्रशान्त तामाङ, दीपक लिम्बू मनोनीत भएका छन् भने पार्श्वगायिकामा प्रकृति गिरी, रजिना रिमाल, अञ्जु पन्त, प्रविशा अधिकारी र मौसमी गुरुङ मनोनीत भएका छन्। यसका साथै सहकलाकारमा नीरज बराल, झरना बज्राचार्य, विनय श्रेष्ठ, सुशील क्षेत्री र राजेश हमाल, हास्यभूमिकामा राधा लम्साल, शेरबहादुर गरुङ, उत्तम केसी, सीपी पौडेल र निर्मल शर्मा, लेखनमा मनोज पण्डित, सुरज सुब्बा 'नाल्बो', प्रवीण अधिकारी, सुशील देवकोटा र तुलसी घिमिरे, द्वन्द्व निर्देशकमा राजेन्द्र खड्गी, अष्ट महर्जन, राजकुमार उप्रेती, हिमाल केसी र एनबी महर्जन, कोरियोग्राफरमा आलोक नेम्वाङ, शान्ता नेपाली, अराज केशव र गोविन्द प्रभात, शंकर बिसी तथा गोविन्द राई मनोनयन सूचीमा छन्।

सम्पादकमा निमेष श्रेष्ठ, सुबोध श्रेष्ठ र प्रकाश तुलाधर, बनिश शाह, सिमोस सुनुवार तथा विपिन मल्ल, छायाँकारमा राजुविक्रम थापा, सञ्जय लामा, दीपक बज्राचार्य र पुरुषोत्तम प्रधान, रत्न ढकाल तथा हरि हुमागाईं, पहिलो चरणमा सर्वाधिक मत पाएर मनोनीत भएका छन् भने नयाँ नायकमा सुवास थापा, प्रशान्त तामाङ, यशकुमार, बाबु बोगटी र कुशल थापा तथा नयाँ नायिकामा ऋचा शर्मा, ऋचासिँह ठकुरी, शशि खड्का, सौजन्य सुब्बा र शोभिता सिम्खडा छनौट भएका छन्। २०११ को जनवरी महिनाको दोस्रो साता घोषणा गरिने 'मेरोसिनेमा पपुलर एवार्ड'मा कसले, कति मत पाइरहेको छ? वा को अगाडि, को पछाडि छ? भन्ने तथ्यांक भोटिङ गरेलगत्तै हेर्न सकिने व्यवस्था गरिएको छ।

यो एवार्डको आयोजनाबाट सम्बन्धित चलचित्र, कलाकार तथा प्राविधिकहरूको लोकप्रियताको अध्ययन पनि हुनेछ, साथै नेपाली चलचित्रकर्मीमा इन्टरनेटको प्रयोग तथा उपयोगिताका सम्बन्धमा चासो बढ्ने विश्वास पनि गरिन्छ।

# आफ्नै शैलीमा फर्किए रामकृष्ण

**साप्ताहिक समाचार**

काठमाडौं- गायक रामकृष्ण ढकाल गत शनिबार बिहानैदेखि व्यस्त भए। आफ्नो नयाँ गीति संग्रह 'शैली' सार्वजनिक हुने दिन भएकाले मात्र होइन, शनिबार साँझ अर्को एउटा सांगीतिक कार्यक्रममा सहभागी हुनुपर्ने भएकाले पनि उनको व्यस्तता बढेको थियो। दिउँसो १ बजेपछि लाजिम्पाटस्थित बेङ्क्वेट क्लबमा क्रिम कलरको सुटमा सजिएर 'शैली' विमोचन समारोहमा सहभागी हुने आगन्तुकहरूको स्वागतमा व्यस्त भएका गायक ढकाल सोही दिन साँझ पाटन दरबार स्क्वायरमा आयोजित एन इभिनिङ विद कुमार कान्छा कार्यक्रममा गीत गाइरहेका थिए।

झन्डै पाँच वर्षपछि आफ्नो पुरानै शैलीका गीतहरूको नयाँ संग्रह 'शैली' सार्वजनिक गर्ने कार्यक्रमलाई रामकृष्ण अनौपचारिक बनाउन चाहन्थे, भयो पनि त्यस्तै। चार वर्षीया छोरी रानीले माइक समातेर 'ओराली लागेको हरिणको चाल भो...' गाउँदै कार्यक्रमको थालनी गर्दा रामकृष्णले पियानो बजाएर साथ दिएका थिए। आफ्नै पुरानो गीत छोरीले हुबहुँ गाउँदा रामकृष्ण हर्षित देखिन्थे। रानीको गायनपछि गीतकार तथा कार्यक्रमका उद्घोषणक भूपेन्द्र खड्काले रामकृष्णकै जीवनीमा आधारित शब्द-चित्र प्रस्तुत गरे। करिब दश मिनेट लामो शब्द चित्रमा रामकृष्णको बाल्यकालदेखि वर्तमान अवस्थासम्मलाई गीति-कथाका रूपमा चित्रण गरिएको थियो।



संगीतकार न्हुयू बज्राचार्यले औपचारिक रुपमा 'शैली' को विमोचन गरेपछि गायक रामकृष्णले उक्त संग्रहका आधा दर्जन गीत गाएर कार्यक्रमलाई संगीतमय बनाए। कार्यक्रममा उनले पहाडको छुकछुके रेल, भूल भयो म बाट, नबोलाउ कसैलाई यहाँ राति-राति, नदी तरेर...आदि गीत गाएका थिए। कार्यक्रमको उत्तरार्द्धमा विमोचित संग्रहका दुई गीतको म्युजिक भिडियोको प्रिमियर गरिएको थियो। दार्जिलिङमा छायांकन गरिएका पहाडको छुकछुके रेल तथा कति कुरा...गीतका म्युजिक भिडियोको निर्देशन प्रसन्न पौडेलले गरेका हुन्। पहाडको छुकछुके रेल..मा रामकृष्ण तथा केकी अधिकारीले अभिनय गरेका छन् भने कति कुरा...गीतको भिडियोमा रामकृष्ण, उनकी श्रीमती निलम तथा छोरी रानीले अभिनय गरेका छन्। विमोचित संग्रहमा दसवटा गीत समावेश छन्। संग्रहको 'कति कुरा...' गीतमा गायक ढकाललाई मल्लिका कार्कीले साथ दिएकी छिन्। मुम्बईमा रेकर्डिङ गरिएका गीतहरूको यो संग्रहलाई रेडियो कान्तिपुरले प्रस्तुत गरेको हो भने *साप्ताहिक* तथा कान्तिपुर टेलिभिजनले यसलाई सहयोग गरेका छन्।



# रेनेशाले तताइन् रिदम नाइट

बुटवल - पुसको जाडोले मौसम चिसिँदै थियो तर मणिग्रामस्थित ड्रिमल्यान्ड गोल्ड रिसोर्ट भने संगीत र नृत्यले तातिरहेको थियो। पार्टी नेपालले सोमबार राति आयोजना गरेको 'रिदम नाइट' शीर्षकको सांगीतिक कार्यक्रममा जाडोलाई बिर्सेर सहभागीहरू खुलेर नाच्दै रमाइलो गरिरहेका थिए। रिदम नाइटमा डीजे फ्लोले नेपाली, हिन्दी र अंग्रेजी पप, हिपहप, रिमिक्स गरी २ दर्जनभन्दा बढी गीत बजाएर सहभागीहरूलाई नचाए। ग्यामरस पहिरनमा स्टेजमा उत्रिएकी रेनेशा राईले पश्चिमा शैलीका नृत्य प्रस्तुत गरेर यस क्षेत्रका नृत्य पारखीहरूलाई नयाँपनसहित पर्याप्त मनोरन्जन प्रदान गरिन्। रेनेशासँगै एलिना र मेलिनाको बिल्कुलै नयाँ शैलीको ग्रुप डान्सले चीसो मौसमलाई ततायो। मानवी ढकालको रोमान्टिक उद्घोषण र घरिघरि सहभागीसँगै नाच्ने शैलीले फ्लोरमा नाच्नेहरूलाई थप उर्जा प्रदान गरेको थियो। टेलिभिजनको पर्दामा मात्र हेर्न पाइएका रेनेशा र मानवीलाई आफूसँगै नाच्न पाउँदा प्रशंसकहरू उत्साहित देखिन्थ्यो। आँखै तिर्मिराउने लेजर लाइट सिस्टम र स्लेयर बार टेन्डर रोमन ढुंगानाको ककटेल प्रस्तुतिले साँझ ६ बजेदेखि राति १० बजेसम्म चलेको पार्टीलाई थप रमाइलो बनाएको थियो। डीजे फ्लोसँगै अर्का डीजे किरणले डिजेइङ गरेको कार्यक्रममा बुटवल, मणिग्राम र भैरहवाका संगीतपारखीसँगै उद्योगी, व्यावसायी, बैंकर्स गरी झन्डै पाँच सय जना सहभागी भएको रिसोर्टका व्यवस्थापक राजेश खनालले बताए।

**टोपराज शर्मा**

# सुस्तामा घन्कियो राष्ट्रिय गीत



बुटवल- पटकपटक छिमेकी देश भारत पक्षबाट सीमा मिचिएको विषयले चर्चा र विवादमा आउने नवलपरासीको सुस्ता पछिल्लोपटक फरक विषयले चर्चामा आएको छ। भारतीय पक्षबाट सीमा मिचिएको विरोधमा दुई दर्जनभन्दा बढी कलाकारले देशभक्तिले ओतप्रोत गीत गाएर सुस्तालाई चर्चामा ल्याएका हुन्।

दौरा, सुरवाल, इस्टकोट, ढाकाको टोपी, कम्मरमा खुकुरी, गुन्यु, चोली र पछ्यौरीजस्ता राष्ट्रिय पोसाकमा सजिएका पुरुष तथा महिला कलाकारहरू आइतबार भारतसँग सीमा जोडिएको विवादित सुस्तामा पुगेर गीत तथा नृत्यमार्फत आफ्नो देशको सीमा रक्षा गर्न र राष्ट्रियताको पक्षमा सजग रहन सरकारलाई अनुरोध गरे। पहिलोपटक यति धेरै कलाकार सुस्ता पुगेर गीत र नृत्य प्रस्तुत गर्दा सुस्तावासीहरू दंग परेका थिए।

पुराना लोकगायक बमबहादुर कार्कीको देशभक्तिपूर्ण गीतले सहभागी सबैलाई भावुक बनायो भने सरकारप्रति आक्रोश उब्जायो। कार्यक्रममा गायक इन्द्र जीसी, शकुन्तला थापा, तेजबहादुर केसी, दीपक खड्का आदि कलाकारले राष्ट्रियता झल्कने गीत प्रस्तुत गरेका थिए। 'राष्ट्रियताको पक्षमा जागरण आओस् भनेर पहिलोपटक सुस्त आएको हुँ'-गायक बमबहादुर कार्कीले साप्ताहिकसँग भने कलाकारसँगै क्षेत्री समाजका एक हजार बढी सदस्य राष्ट्रिय पोसाकसहित सुस्ता पुगेका थिए।

# जितपुरमा महोत्सवको रमाइलो



बुटवल- कपिलवस्तुको चार नम्बर जितपुरमा दोस्रो कपिलवस्तु महोत्सवको रमाइलो प्रारम्भ भएको छ। 'हाम्रो स्वाभिमान कपिलवस्तु, महोत्सव हाम्रो पहिचान' नाराका साथ कपिलवस्तु व्यापार संघ तथा नेपाल घरेलु उद्योग महासंघ कपिलवस्तुको आयोजनामा जितपुरस्थित बुद्ध रंगशालामा शनिबारदेखि महोत्सव प्रारम्भ भएको हो। महोत्सवमा लोकदोहोरी, आधुनिक, पप र हास्य विधाका दुई दर्जन बढी राष्ट्रिय स्तरका कलाकारले महोत्सवलाई तताएका छन्।

महोत्सवमा अञ्जु पन्त, राजु परियार, बद्री पंगेनी, शिव परियार, निशा सुनुवार, रामचन्द्र काफ्ले, देवी घर्ती, रूपा विष्ट, रेनु विष्ट, नवीन पौडेल, जुनु रिजाल, रामजी खाँण, श्रजना विरही थापा, तिलक बम मल्ल, विमलराज क्षेत्री, राधिका हमाल, मुना थापा, खुमन अधिकारीले कपिलवस्तुवासीलाई दैनिक रूपमा पर्याप्त मनोरञ्जन प्रदान गर्दै नचाएका छन् भने हास्यकलाकार सीताराम कट्टेल, केदार घिमिरे, कुञ्जना घिमिरे, श्रीप्रसाद थापाले देशको समसायकि विषयमा चोटिलो व्यंग गर्दै हँसाएका छन्।

स्थानीय आदिवासी, जनजातिको लोपोन्मुख संस्कृति झल्कने परम्परागत गीत, नृत्य र झाँकीले महोत्सवमा बेग्लै रौनक थपेको छ। महोत्सवमा मायादेवीको मन्दिर, बुद्ध वनवाटिका, बाल उद्यान आदि दर्शकको आकर्षण बनेका छन्। राष्ट्रिय, अन्तर्राष्ट्रिय औद्योगिक उत्पादन, स्थानीय घरेलु उद्योग, हस्तकलाका, कृषि तथा पर्यटन आदिका २ सय ५० स्टल रहेको महोत्सव शनिबार समापन हुँदैछ।

# मिस फेरि र मिस नेवा:



पोखरा- पोखरामा टिनएजर किशोरीहरूलाई लक्षित गरी मिस फेरि पोखरा-२०११ प्रतियोगिता हुने भएको छ। जित हाम्रो प्रालिले १३ देखि १९ वर्ष उमेर समूहका किशोरीहरूलाई लक्षित गरी प्रतियोगिता गर्न लगेको संस्थाका अध्यक्ष राजेश जोशीले जानकारी दिए। लुकेर रहेको प्रतिभा उजागर गरी क्षमता अभिवृद्धि गर्ने उद्देश्यले प्रतियोगिता हुन लागेको हो।

प्रतियोगिताको तयारीका लागि आयोजकहरू जुटिसकेका छन्। माघको पहिलो साता हुने प्रतियोगिताका लागि सहभागी किशोरीहरूलाई करिब एक महिनाको प्रशिक्षण दिइने कोरियोग्राफर सुशील केसीले बताए।

**मिस नेवा: पनि**

यसबीच नेवारी संस्कृति र भाषाको उत्थानका लागी पोखरामा मिस नेवा: सुन्दरी प्रतियोगिता हुने भएको छ। माघको तेस्रो साता हुने प्रतियोगितामा १६ देखि २५ वर्ष उमेर समूहका ३० जना नेवार युवतीको सहभागिता रहने आयोजक नेवा: खल: पोखराले सोमबार पत्रकार सम्मेलन गरी जानकारी दिएको छ। पहिलो पटक हुन लागेको प्रतियोगिताबाट हुने आम्दानी पोखराको भीमसेन टोलस्थित नेवारी समुदायको नमूना घर निर्माणका लागि खर्चिने आयोजक समितिका अध्यक्ष प्रकाशमान पालिखेले बताए।

**शिव शर्मा**

# फुटवेयर एक्स्पो

**साप्ताहिक समाचार**

छालाजन्य स्वदेशी उत्पादनको प्रवर्द्धन गर्न गत सोमवारदेखि राजधानीको भृकुटीमण्डपमा फुटवेयर एक्स्पो सञ्चालन भैरहेको छ। 'नेपाली ब्रान्डको प्रयोग नै स्वदेशी उद्योगको सम्मान' नारा दिइएको उक्त प्रदर्शनीमा विभिन्न छाला जुत्ता उत्पादक तथा छालाजन्य सामग्री उत्पादकहरूले आफ्नो सामग्री प्रदर्शनीमा राखेका छन्। प्रदर्शनी छाला जुत्ता तथा वस्तु उत्पादक संघ नेपालको अयोजनामा गएको सोमबार प्रारम्भ भएको हो। 'छाला जुत्ता, चप्पल, तथा छालाजन्य वस्तुहरूको औद्योगिक प्रदर्शनी' शीर्षकमा सातौ पटक आयोजित मेला पर्सि आइतवारसम्म चल्नेछ।

मेलामा गुणस्तरिय तथा उत्कृष्ट डिजाइनका जुत्ता चप्पलहरू प्रतिस्पर्धात्मक मूल्यमा उपलब्ध हुने आयोजकहरूले बताएका छन्। ५० भन्दा बढी स्टल रहेको मेलामा शिखर सु, वेस फुटवेयर, किरन सु, सुरभी पोलिमर आदि उत्पादनहरू छन्। स्वदेशमा उत्पादित छाला वस्तु तथा जुत्ता चप्पलप्रति उपभोक्ताको माग बढ्दो छ। नेपालमा करिब ३ करोड जोर जुत्ता, छाला, रेक्जिन, कपडा, इभा, रवर र चप्पलको माग छ। स्वदेशी उत्पादनवाट मागको ४० प्रतिशत मात्र आपूर्ति हुन सकेको संघका उपाध्यक्ष तथा कार्यक्रम संयोजक होमनाथ उपाध्ययले वताए। श्रममा आधारित उद्योग भएकाले रोजगारीमा समेत यो उद्योगले भूमिका खेल्दै आएको उनले बताए। 'आन्तरिक वजारको प्रवर्द्धन, विस्तार र थप आधारहरूको खोजी गर्न मेला आयोजना गरिएको हो' संयोजक उपाध्ययले भने। मेलाको अवसरमा विभिन्न आकर्षक अफर समेत ल्याइएको छ।



# सानो परी-सानो बाबु पहिलोपटक

बुटवल- बालबालिकाको बौद्धिक क्षमतासँगै व्यक्तित्व र नेतृत्व विकास वृद्धि गर्ने उद्देश्यले बुटवलमा पहिलोपटक सानो परी-सानो बाबु ट्यालेन्ट शो प्रतियोगिता प्रारम्भ भएको छ। प्रतियोगितामा बुटवलका विभिन्न १२ विद्यालयका १२ वर्ष उमेरसम्मका ४६ जना बालबालिकाले भाग लिएका छन्। जित हाम्रो प्रालिको आयोजना गर्ने प्रतियोगितामा सहभागीलाई एक महिनाको तालिमपछि पुस ३० गते फाइनल प्रतिस्पर्धामा उतारिने कार्यक्रम संयोजक सुरज थापा मगरले बताए। प्रतियोगीले गीत, नृत्य, अभिनय तथा बौद्धिक क्षमता, वक्तृत्वकला प्रस्तुत गर्नेछन्।

फाइनलमा सानो परी र सानो बाबुसँगै बेस्ट फोटोजेनिक, बेस्ट चार्मिङ, बेस्ट पर्फमेन्स, दर्शक रोजाइ आदि शीर्षकमा पुरस्कृत गरिने छ। जित हाम्रो प्रा.लि.ले यसअघि पोखरा, धरान, काठमाडौं, नारायणगढ, हैटौंडा, वालिङ आदि विभिन्न सहरमा छनोट गरेका बीच काठमाडौंमा अन्तिम फाइनल गराइनेछ।

# सांस्कृतिक सेरोफेरोमा मिस नेवाः



नेवार समुदायको सांस्कृतिक सेरोफेरोमा नेप्लिज फेसन होमले गत पाँच वर्षदेखि सञ्चालन गर्दै आएको मिस नेवाः २०१० का प्रतियोगीहरू यतिखेर मञ्च प्रस्तुतीकरण, क्याटवाक, प्रश्नोत्तरको तयारीजस्ता प्रतियोगिताको आधारभूत प्रशिक्षणसँगै नेपाल भाषा, लिपि, कला-संस्कृति तथा परम्परासम्बन्धी जानकारी लिन व्यस्त छन् ।

मिस नेवाः को मञ्चमा आफ्नो प्रतिभा र आत्मविश्वासको मूल्यांकनका लागि उत्रेकी ललितपुर हरिसिद्धिकी पूर्णिमा महर्जन यस प्रतियोगितामार्फत आफ्नो समुदायको कला संस्कृति, भाषा, लिपिबारे जानकारी हासिल गर्न सफल भएको बताउँछिन् । उनको कुरासित सहमत सोनी मानन्धर नेवार समुदायका युवतीहरू बढी लजालु हुन्छन् भन्ने मान्यता तोडेर आफ्नो छुट्टै पहिचान बनाउन मिस नेवाः प्रतियोगितामा सहभागी भएको बताउँछिन् । अनलाइन मिडियाबाट मिस नेवाः प्रतियोगितामा सहभागी भएकी दिल्लीनिवासी पूजा श्रेष्ठलाई यो प्रतियोगिताले थोरै थोरै नेपाल भाषा बुझ्न र बोल्न सक्षम बनाएको छ । उनीलगायत अन्य कतिपय प्रतियोगीलाई पनि यो प्रतियोगिताले आफ्नो समुदायको कला-संस्कृति, भाषा आदिसित नजिकिन सहयोग गरेको छ । प्रशिक्षणकै क्रममा मिस नेवाःका ३६ सहभागीले खोकनास्थित कार्यविनायकमा नेवारी परम्पराअनुसार पुजाआजा गरी आफैंले बनाएर समयबजी खाएका थिए । यसबाहेक डाइनिङ एटिकेट्स, हेयर कटिङ, फोटोसेसनदेखि ट्यालेन्ट राउन्डसम्म उनीहरू प्रस्तुत भैसकेका छन् । पुस १५ गते प्रज्ञा-भवनमा सम्पन्न हुने अन्तिम प्रतिस्पर्धामा यी नेवार सुन्दरीहरूले निर्णायकसामु उपाधिका लागि आफ्नो दाबेदारी प्रस्तुत गर्नेछन् ।

यसबीच गत मंगलबार बिहान कुपण्डोलस्थित हिमालयन होटलमा मिस नेवाःका प्रतियोगिहरु 'ट्यालेन्ट शो' मा सहभागी भए । कार्यक्रममा सबै प्रतियोगीले आफ्ना प्रतिभा प्रदर्शन गरे । अधिकांश सुन्दरीहरूले नृत्यमार्फत आफ्नो प्रतिभा प्रदर्शन गरेका थिए भने केहीले गायन, खेल तथा वक्तृत्व कला समेत प्रदर्शन गरे । उनीहरूमध्ये एक जनालाई निर्णायक प्रतियोगिताको दिन मिस ट्यालेन्ट उपाधि प्रदान गरिनेछ ।

# कृति भइन् मिस टिन नेपाल



साप्ताहिक समाचार

अधिकांश व्यक्ति १३ नम्बरलाई अभागी मान्छन्, तर गत बिहीबार १३ नम्बर ट्याग भिरेकी कृति तामाङ लामा अन्य १७ जना प्रतिस्पर्धीको तुलनामा भाग्यमानी ठहरिन् र उनको शिरमा सजियो मिस टिन नेपाल-२०१० को मुकुट । उनलाई गत वर्षकी विजेता श्रेया पौडेलले विजेताको मुकुट पहिऱ्याएकी हुन् । काठमाडौं जेसिसको आयोजनामा गत बिहीबार कमलादीस्थित प्रज्ञाभवनमा सञ्चालन भएको मिस टिन नेपाल-२०१० मा सहभागी १८ जना टिनएजरले आ-आफ्नो परिचय दिएसँगै मिस टिन नेपालको उपाधि दौड प्रारम्भ भएको थियो ।

विभिन्न चरणपछि छानिएका उत्कृष्ट दस प्रतियोगीले उपस्थित निर्णायक मण्डलको प्रश्नहरूको सामना गरेका थिए । अन्ततः फाइनल राउन्डमा पुगेका उत्कृष्ट पाँच जनाले अन्तिम र निर्णायक प्रश्नको सामना गरे । टिनएज जीवनको बारेमा सोधिएको अन्तिम प्रश्नमा प्रतियोगी नम्बर १३ कृति तामाङ लामाले दिएको जवाफ सर्वोत्कृष्ट ठहरियो र उनी बनिन् मिस टिन नेपाल २०१० । कृतिले मिस पर्सनालिटी र मिस ट्यालेन्ट राउन्डको उपाधि पनि जितिन् । ट्यालेन्ट राउन्डमा कृतिले 'गैह्री खेतको' गीतमा आकर्षक नृत्य प्रस्तुत गरेकी थिइन् ।
प्रतियोगिताको फस्ट रनर्सअप अन्जली प्रधानाङ्ग र मिस पपुलर उपाधिसहित सेकेन्ड रनर्सअप एलिशा कुवर घोषित भइन् ।

मिस नेपाल २००९ की विजेता जेनिशा मोक्तान र सोही वर्षकी सेकेन्ड रनर्सअप कुन्छाङ मोक्तानको संयुक्त कोरियोग्राफी रहेको मिस टिन नेपाल २०१० का अन्य उपाधितर्फ प्रतिभा घिमिरे मिस फोटोजेनिक, रइसा श्रेष्ठ मिस बेष्ट कल्चुरल ड्रेस तथा मिस फ्रेन्डसिप एवं दृष्टि दाहाल मिस पञ्चुयालिटी घोषित भएका थिए ।



# कलेज सुन्दरीको चयन भोलि

काठमाडौं, सानेपास्थित इन्टरनेसनल क्लबमा राजधानी र मोफसलका विभिन्न पाँच क्षेत्रबाट छनौट भएका कलेज अध्ययनरत ३२ जना छात्राबीच हुने मिस कलेज-२०१० को उपाधि दौडको तयारीले भोलि अन्तिम रुप लिंदैछ ।

भोलि प्रज्ञाभवनको डबलीमा सम्पन्न हुने मिस कलेज-२०१० को आयोजना द फेसनप्लसले गर्न लागेको हो । प्रतियोगिताका लागि आवश्यक विभिन्न प्रशिक्षणसँगै सामाजिक क्रियाकलापमा पनि संलग्न भएका मिस कलेज प्रतिस्पर्धीहरूले गएको सोमबार मिस ट्यालेन्ट एवार्डका लागि आ-आफ्नो ट्यालेन्ट प्रदर्शन गरेका थिए ।

डिसेम्बर पहिलो साता प्रारम्भ भएको प्रतियोगिताको तयारीबाट निखारिएको व्यक्तित्व, उच्च बनेको आत्मविश्वास र तिखारिएको क्षमतालाई मूल्यांकन गर्न जुटेका कलेज सुन्दरीहरूमध्येकी विजेताले ३० हजार रुपैयाँ नगद पुरस्कार सहित १ लाख रुपैयाँ बराबरको पुरस्कार प्राप्त गर्नेछिन् । फस्ट रनर्सअप तथा सेकेन्ड रनर्सअप विजेताले भने क्रमशः रु. २० हजार रुपैयाँ र १० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन् ।

# सुन्दरीहरूबीच क्विन नेपाल



राजधानी र मोफसलका विभिन्न क्षेत्रमा अडिसन राउन्ड सम्पन्न गरी छानिएका १७ जना प्रतिस्पधीबीच हुने बराह ज्वेलरी क्विन नेपाल-२०१० शीर्षकको सौन्दर्य प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको छ । रिदम नेपाल एवं क्रोमा एड्भरटाइजिङले संयुक्त रूपमा पहिलो पटक आयोजना गर्न लागेको यो प्रतियोगितामा अविवाहित तथा विवाहित प्रतिस्पर्धीले एकसाथ एउटै मञ्चमा आफूलाई उभ्याउने भएका छन् । सहभागी १७ सुन्दरीमध्ये एक मात्र विवाहित प्रतिस्पर्धी हुन्- नुवाकोट त्रिशूली घर भै हाल बालाजु बस्दै आएकी इन्द्रावती श्रेष्ठ ।

डेढ वर्षअघि विवाह-बन्धनमा बाँधिएकी २२ वर्षीया इन्द्रावती आफूलाई अन्य प्रतिस्पर्धीभन्दा कम मान्दिनन् । यसअघि मिस मंगोल प्रतियोगिताको अनुभव सँगालिसकेकी मोरङ, उर्लाबारीकी दीपिका लिम्बू यस पटक आफ्नो अनुभवको सदुपयोग गर्ने दाउमा देखिन्छिन् । ५ फिट ८ इन्च अग्ली पोखरा, सिमलचौरकी प्रतीक्षा त्रिपाठी अग्लो शरीरका कारण आफू अरू प्रतिस्पर्धीभन्दा चाँडै नोटिस हुने बताउँछिन् ।

प्रतियोगिताका लागि हेटौंडाकी रुबिना श्रेष्ठ अन्य सहभागीको तुलनामा सबैभन्दा कम उचाइकी छिन्, तर उनी उचाइ कम भए पनि आत्मविश्वास उच्च रहेका कारण प्रतिस्पर्धामा उत्रेको बताउँछिन् । पोखरा, रत्नचोककी रेखा पुरीले पोखरामा मोडलकै रूपमा परिचय बनाइसकेकी भए पनि आफ्नो मोडलिङ करियरलाई अझ फराकिलो बनाउने उद्देश्यका साथ प्रतिस्पर्धामा छिन् । उनीहरूमध्ये एक जनाले आउँदो पुस १६ गते राष्ट्रिय नाचघारमा सम्पन्न हुने अन्तिम प्रतिस्पर्धाबाट क्विन नेपाल-२०१० को मुकुट पहिरिनेछिन् ।

# नयाँ कलेज राजदूत जोडी



साप्ताहिक समाचार

**गएको शनिबार जमलस्थित राष्ट्रिय नाचघरको डबलीमा ११ जना पुरुष र १७ जना महिला स्पर्धीबीच कलेज एम्बेसडर-२०१० प्रतियोगिता सम्पन्न भएको छ । राष्ट्रिय गीतमा समूहिक गायनलगत्तै रोमान्टिक गीत ...लुकी-छिपी चुपचाप किन माया□ मा नृत्य प्रस्तुत गरिसकेपछि कलेज एम्बेसडर उपाधिका लागि सहभागीहरू गम्भीरता देखिएको थियो । कालो रंगको औपचारिक पहिरनमा ११ जना सहभागीले परिचय दिएपछि नीलो, सुन्तला, पर्पल, पँहेलो, हरियो आदि रंगका स्लिभलेस गाउनमा प्रतिस्पर्धीहरू रंगीन र सुन्दर देखिएका थिए ।**

**परिचयात्मक चरण, वेस्ट ड्रेस राउन्ड, प्रश्नोत्तरका दुई चरण पार गरेपछि उपाधि विजेता चयन गरिएको सो प्रतियोगिताको कोरियोग्राफी अनिला श्रेष्ठले गरेकी थिइन । ग्रीन आर्टस मिडियाले आयोजना गरेको उक्त प्रतियोगितात्मक कार्यक्रमलाई सांगीतिक उडान दिने क्रममा गायकहरू धर्मेन्द्र सेवान, अविनाश घिसिङ, युवराज चौलगाई सुनिलसिंह ठकुरी, गायिकाद्वय प्रशंसा श्रेष्ठ र लसता जोशी तथा इथोज सांगीतिक समूहले आ-आफ्नो प्रस्तुति दिएका थिए । प्रतियोगिताको विजेताका रूपमा प्रतुल जंगबहादुर राणा र सर्मिन राउत घोषित भए । उनीहरूलाई गत वर्षका विजेता जोडी सुरज गिरी र मजिता सिंहले उपाधि हस्तान्तरण गरेका थिए । अन्य उपाधितर्फ रिकेश डंगोल र शोभी जोशीले मिस्टर एन्ड मिस्टर फोटोजेनिक एवार्ड पाए भने दिपेश लिम्बू मस्ट डिसिप्लिन, अक्षेन्द्र झा मस्ट ट्यालेन्टेड, नमिता भण्डारी मस्ट फ्रेन्ड्लीका रूपमा छानिए । बेस्ट स्मइलतर्फ सन्ध्या शाक्य, चार्मिङ पर्सनालिटीतर्फ सुरक्षा सिंह, बेस्ट परफरमेन्सतर्फ रोजिन पाण्डे उत्कृष्ट भए । सर्वाधिक अनलाइन भोट प्राप्त गरी सौगात केसी मस्ट पपुलर भए भने राष्ट्रिय फूल लालीगुराँसलाई पहिरनको स्वरूप दिइ परफर्मेन्स दिएकी रुसु थापाले बेस्ट ड्रेसको एवार्ड जितिन् ।**

# मिस ट्यालेन्ट भक्तपुर बन्ने दौड

सजना कार्की, मनीषा थापा, सृष्टि शर्मा, अजिता भुजेल, मनु तामाङ, मीरा राना मगर, प्रतिमा कार्की, विधा के.सी., प्रतिक्षा के.सी., सजना ग्वाछ, रजनी प्रजापति, जेनिशा श्रेष्ठ, रजनी भडेल तथा अनिता बस्नेत गरी १४ जना युवतीको व्यस्तता तीन सातायता निकै बढेको छ । उनीहरू पहिलो मिस ट्यालेन्ट भक्तपुर-२०१० बन्ने कसरतमा जुटेका छन् । आफ्नो पक्षमा बढीभन्दा बढी मत जुटाउन एसएमएस भोटिङ र अनलाइन भोटिङका लागि पनि उनीहरू आफ्ना साथीसंगिनी र चिनेजानेकासित सहयोग माग्न व्यस्त छन् । उनीहरूलाई व्यक्तित्व, आत्मविश्वास र प्रतिभा




मूल्यांकनको यो प्लेटफर्म अनामिका फेसन हाउसले जुराएको हो ।

भक्तपुरको सिपाडोलस्थित क्लब बाग्मतीमा उनीहरूको प्रशिक्षण कार्यले गति लिइरहेको छ । पुस १३ गते कमलादीस्थित प्रज्ञा-भवनमा मिस ट्यालेन्ट भक्तपुर-२०१० की विजेता चयन हुनेछ ।

# हृयाप्पी बर्थ डे कविता

साप्ताहिक समाचार

काठमाडौं- तीतो सत्यका 'गैंडा' अर्थात् निर्मल शर्माद्वारा सञ्चालित ब्याङ्टे क्लबको पार्टी हलमा गीत गुन्जियो- 'मुन्नी बदनाम हुई डार्लिङ तेरे लिए'। हट नायिका रेखा थापा, भर्खरै अमेरिकाबाट फर्किएकी पूजा चन्द, नायिका सुस्मिता केसी, शर्मिला मल्ल, दीपाश्री निरौला, उषा खड्गी तथा आमा-छोरी करिश्मा मानन्धर र कवितामध्ये कसले मुन्नीजस्तो नाच्ने ? भन्ने होड नै चल्यो। अनि राजेश हमाल, शम्भुजित बासकोटा, राजेन्द्र खड्गी, हिमाल केसी, आकाश अधिकारीहरू भने सलमान खानको 'चुलबुल पाण्डे' रूप दर्शाउँदै नाच्न थाले।

नाच्न खप्पिस नायकहरू श्रीकृष्ण श्रेष्ठ र दिलीप रायमाझी भने उनीहरूको नाच हेर्दै बसिरहेका थिए। डिजे लवेस



'दबंग'को उक्त आइटम गीतलाई अझै मिक्स गर्दै बजाइरहेका थिए। एकैछिनमा साकिराको 'वेलकम टु अफ्रिका'देखि चर्चित दोहोरी 'ससुरालीमा' सम्म बजिरहयो। राजेश हमाल र करिश्मा त एकघण्टा मज्जाले नाचे।

पेज थ्री पार्टीको झलक दिने उक्त समारोहका आयोजक थिए, करिश्मा र विनोद मानन्धर। मानन्धर दम्पतीकी छोरी कविताले सोह्रौं वसन्त टेकेको अवसरमा चलचित्र क्षेत्रका चर्चित मुहार तथा परिचित साथीभाइहरूलाई उनीहरूले बर्थ डे पार्टीमा बोलाएका थिए। मदिरा र सौन्दर्यको मादकता छरिएको पार्टी धेरै पछि चलचित्रकर्मीहरूलाई एउटै स्थानमा रमाइलो गर्ने बहाना बनेको थियो, जसको श्रेय कविताको बर्थडेलाई जान्छ।

# नम्रताको मल्हम कान्छालाई

साप्ताहिक समाचार

काठमाडौं- गत शनिबार साँझ पाटन म्युजियम नजाने कलाकारमा संवेदनशीलता नै छैन कि जस्तो भान हुन्थ्यो। दुई दिनअघि पत्रकार सम्मेलनमा नम्रता श्रेष्ठले कलाकारहरूको भावुकता र सहयोगी मनोभावको प्रतिनिधित्व गर्दै पक्षाघातबाट पीडित भै उपचार खर्चको अभावमा मुम्बईमा थलिएका गायक कुमार कान्छाको सहयोगमा जुट्नु र जुटाउनु परेको बताएकी थिइन्। उक्त सहयोग कार्यक्रमका लागि नम्रताले गायन क्षेत्रमा कहलिएका आधा दर्जनभन्दा बढी अनुहारलाई आग्रह गरेकी थिइन्, नम्रताको आग्रह तिनीहरूले मानेछन्। त्यसैले त शनिबारको सहयोग साँझ सफलतापूर्वक सम्पन्न भयो।



भर्खरै आफ्नो पछिल्लो एल्बम 'शैली' सार्वजनिक गरेका गायक रामकृष्ण ढकालको सुमधुर स्वरले केही बेर वातावरणलाई सांगीतिक बनाइरहँदा उनलाई साथ दिइन् गायिका मल्लिका कार्कीले। अनि क्रमैसँग सुरेशकुमार, धर्मेन्द्र सेवान, हेमन्त राना, श्रेया सोताङ, द युनिटी, अघोष ब्याण्ड सबैले गाउँदै, बजाउँदै कार्यक्रममा कुमार कान्छाको शीघ्र स्वास्थ्य लाभको कामना गरिरहे। कान्तिपुर एफएमबाट प्रत्यक्ष प्रसारण गरिएको कार्यक्रमको सञ्चालक पनि उक्त एफएमका आरजे प्रसन स्याङदेन थिए। चलचित्रका कलाकार, संगीतकर्मी, उद्योगपति, सभासद आदिलाई श्रोता बनाइएको उक्त कार्यक्रमकी आयोजक नायिका नम्रता श्रेष्ठले भनिन्- कलाकारबीचको एकता प्रकट गर्दै कलाकारको पीडामा मल्हम लगाउने प्रयास गरेकी हुँ।' भोलिपल्ट नायिका श्रेष्ठलाई सोधियो- 'कति उठ्यो त ?' उनको जवाफ थियो- '३ लाख त उठ्यो होला, तर हिसाब गरिरहेका छौं र संकलन पनि भैरहेकाले यति नै भन्ने अनुमान पनि गर्न सकिरहेकी छैन।'

# स्वेच्छा ब्वाइस अफ भैरहवा

बुटवल-लुम्बिनी पर्यटन महोत्सव तथा राष्ट्रिय औद्योगिक व्यापार मेलामा पहिलोपटक आयोजित क्षेत्रीय स्तरको गायन प्रतियोगिता 'ब्वाइस अफ भैरहवा' को उपाधि स्वेच्छा ठकुरीले जितेकी छिन्। भैरहवाको सिद्धार्थ रंगशालामा हजारौं दर्शकमाझ आइतबार साँझ अबेर सम्पन्न फाइनल प्रतिस्पर्धामा स्वेच्छाले बुटवलकी सुषमा विक एवं सन्ध्या पुनलाई पछि पार्दै उपाधि चुमेकी हुन्। भीमसेन मेमोरियल हाइस्कुल भैरहवामा कक्षा ९ मा अध्ययनरत १५ वर्षीया स्वेच्छाले आनी छोइङ डोल्माको 'फूलको आँखामा फूलै संसार' गीतमार्फत दर्शक-श्रोताको मन जित्दै सबैभन्दा बढी मत पाएकी थिइन्। आधुनिक, पप, फिल्मी र भोजपुरी गीतमा गराइएको प्रतिस्पर्धामा सुषमा विक फस्ट रनर्सअप र सन्ध्या पुन सेकेन्ड रनर्सअप ३४ जनाले भाग लिएका कार्यक्रममा गायक वीरेन्द्र



अग्रहरि, वसन्त श्रेष्ठ र गोपाल अधिकारीले गीत, गजल तथा तेस्रो लिंगी विनीता शाहीले नृत्य प्रस्तुत गरेर प्रतियोगितालाई रोमाञ्चक बनाएका थिए। 'सिद्धार्थनगर लुम्बिनीको प्रवेशद्वार, पर्यटन, उद्योग र व्यापार हाम्रो आधार' भन्ने मूल नाराका साथ सिद्धार्थनगर उद्योग वाणिज्य संघको आयोजनामा मंसिर २३ गते प्रारम्भ भै ११ दिनसम्म चलेको मेलामा औद्योगिक उत्पादन, पर्यटन, हस्तकला, कृषि, अटोमोबाइल्स, सूचना प्रविधिका गरी २ सय ८५ स्टल थिए। राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुति रहेको मेला स्वदेशी तथा विदेशी गरी ३ लाख दर्शकले अवलोकन गरेको र १५ करोडको कारोबार भएको आयोजक संस्थाका अध्यक्ष महेन्द्रकुमार श्रेष्ठले साप्ताहिकलाई बताए।

टोपराज शर्मा

# बाबुले तताए शरणार्थी शिविर



झापा- बाहिरको चिसो भाटाले बारेको कटेराबाट सीधै भित्र छिरिरहेको थियो। मंसिरको अन्तिम साता चिसो स्याठले सबै कठाँग्रिएका थिए। झापाको उत्तरवर्ती खुदुनाबारीमा भुटानी शरणार्थी शिविरको त्यो माहोलमा गायक बाबु बोगटी छिरे, धेरैले बाहिरको कटेराको चिसो आधा हटेको महसुस गरे, तर आधा महसुस गरिएको चिसो पनि त्यस बेला पूरै हट्यो जब बाबुले चलचित्र बाटो मुनिको फूलको लोकप्रिय गीत तुलसी आँगनमा ...गाउन सुरु गरे।

शरणार्थी शिविरमा त्यो सांगीतिक माहोलको चाँजोपाँजो मिलाएको थियो– दमकस्थित गन्तव्य थिएटरले। थिएटरले सञ्चान गरेको नाट्य प्रशिक्षणको उदघाटनको दिन विशेष आकर्षण बनेका थिए, गायक तथा नायक बाबु बोगटी। बाबुभन्दा अघि विल्सन विक्रम राईको हास्यव्यंग्यले माहोल तताए पछि गलाको मफलर निकाल्न सुरु गरेका दर्शकले बाबुको गीत सुनिसक्दा आइका स्विटर खोलेर वाह-वाह गर्न थालिसकेका थिए।

भुटानी शरणार्थीहरूको शैक्षिक सहायता संस्था कारितास नेपालको सहयोगमा युवामैत्री केन्द्रले मंसिर २६ सुरु गरेको ५ दिने नाटक प्रशिक्षणमा सहभागी झापा र मोरङका ७ शरणार्थी शिविरका कलाकारहरूलाई मनोरञ्जन दिन गायक बाबु त्यहाँ पुगेका थिए।

गोपाल झापाली

# मानवअधिकार गीत प्रतियोगिता

खोटाङ-राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय खोटाङले यस पल्ट पृथक् ढंगले विश्व मानवअधिकार दिवस मनायो। अघिल्ला वर्षहरूमा सभा, भाषण गरेर दिवस मनाउँदै आएको कार्यालयले यस पल्ट जिल्लाका नवप्रतिभाहरूको स्वरको साथ लिएर दिवस मनायो। आयोगले मानव अधिकारसम्बन्धी जिल्लाव्यापी गायन प्रतियोगिता गर्दै विश्व मानवअधिकार दिवस मनाएको हो। गत मंसिर २४ गते कार्यालयले जिल्ला विकास समिति, मानवअधिकार सञ्जाल तथा रुपाकोट सामुदायिक रेडियोको सह-आयोजनामा गीत गायन प्रतियोगिता गरेको हो।

दिक्तेलको हेलीप्याडमा भएको प्रतियोगितामा जीवन राईको समूहले प्रथम, भल राईको समूहले द्वितीय तथा दिल बराको समूहले तृतीय स्थान प्राप्त गरे। यस्तै, तेजकुमार राई र वेदना राईको समूहले सान्त्वना स्थान प्राप्त गरे। प्रतियोगितामा प्रथम स्थान प्राप्त गर्ने समूहलाई नगद ९ हजार रुपैयाँ, दोस्रोलाई ६ हजार रुपैयाँ, तेस्रोलाई ३ हजार रुपैयाँ तथा सान्त्वना हुनेलाई ५ सय रुपैयाँका साथ प्रमाणपत्र वितरण गरिएको थियो। प्रतियोगितामा उत्कृष्ट भएका गीतलाई रेकर्ड गरी रुपाकोट सामुदायिक रेडियोबाट प्रशारण समेत गरिने कार्यालयका प्रमुख नितु गड्तौलाले बताए। यसै अवसरमा कार्यालयले जिल्लाका ३० जना दृष्टिविहीन तथा अपाङगलाई पोसाक वितरण गरेको थियो।

दमन राई

# जिरे खुर्सानीको बेग्लै प्रस्तुति



धरान- 'देशअनुसारको भेष' भनेझैं सरलमार्ग समितिले धरानको पुरानो अस्पतालमा लगाएको महायज्ञमा प्रस्तुत गरिएको हास्यव्यंग्यमा पनि सोहीअनुसारको हास्यव्यंग्य प्रस्तुत गरिँदा भक्तजन, दर्शक सबैले पर्याप्त मनोरञ्जन लिए। 'जिरे खुर्सानी,' टिमले देशको समसामयिक परिस्थितिलाई व्यंग्य गर्दै कथा वाचन गर्दा त्यहाँ उपस्थित दर्शकहरू पेट मिची-मिची हाँसेका थिए।

जिरे खुर्सानीका जितु नेपाल (मुन्द्रे) ले सुरु गरेको कथावाचनले उपस्थित सबैलाई मन्त्रमुग्ध तुल्याएको थियो। उनले लयबद्ध तरिकाले कथा गाएका थिए- 'संविधानको वास्तै छैन, कुरा मात्र गर्ने, जनताचाहिँ भोकै बस्ने, तिम्लाई पाल्नुपर्ने ?'

त्यतिमात्र होइन, जिरे खुर्सानीमा समानुपातिकबाट सभासद बनेका शिवहरि बैरागी नेपाललाई संविधानसभाको निर्वाचनबाट निर्वाचित भए पनि संविधान नबनाएकोमा व्यंग्यस्वरूप सम्मान गरिएको थियो। सोही अवसरमा बैरागी नेपाल र जिरे खुर्सानीका देवीराम पराजुलीले देशको विषम परिस्थितिका विषयमा व्यंग्य गरेका थिए। त्यस्तै कलाकार गोपाल नेपालले पनि प्यारोडी गीतमार्फत नेता तथा सभासदहरूप्रति व्यंग्य गरे।

सन्तोष काफ्ले



# पूर्ण भए मिस्टर युनिक

धरान- सोमबार धरानमा सम्पन्न प्रथम नगरस्तरीय खुला शारीरिक सुगठन प्रतियोगितामा मेजेस्टी जिम हल धरानका पूर्ण तामाङले प्रथम मिस्टर युनिकको उपाधि जितेका छन्। तामाङले मिस्टर युनिकको उपाधिसँगै नगद ८ हजार रुपैयाँ र ट्रफी हात पारेका छन्। प्रतियोगितामा दोस्रो भएका युनिक हेल्थ क्लबका सुरज श्रेष्ठले नगद ५ हजार रुपैयाँ र ट्रफी एवं तेस्रो भएका भिजन जिम हलका विकास योन्जनले नगद ३ हजार रुपैयाँसहित ट्रफी प्राप्त गरे।

युनिक हेल्थ क्लबद्वारा आयोजित प्रतियोगिताका प्रमुख निर्णायक एसियन निर्णायक शिव मुखिया थिए भने सह निर्णायकहरूमा हर्क राज लिम्बू, कृष्ण पौडेल र टीका लिम्बू थिए।

सन्जु राई

# यौन आनन्दका लागि पाक्क्रीडा



१६ औं शताब्दीमा लेखिएको अकबरको आत्मकथामा पनि फोरप्लेका बारेमा उल्लेख छ। उक्त आत्मकथाअनुसार अकबर जब आफ्नी रानी जोधाबाईका साथमा शयनकक्षमा हुन्थे त्यतिबेला कक्षबाहिर सितार, सन्तुर र अन्य वाद्ययन्त्र बिस्तारै बजाइन्थ्यो जुन अकबर र जोधाको रतिक्रियाभन्दा पहिलेको पाक्क्रीडामा धेरै हदसम्म सहायक हुन्थ्यो। यस्तै शिक्षाका लागि हरेक राजघरानामा धाई आमाहरू राखिएको पनि उल्लेख छ। चिकित्सकहरूका अनुसार शरीरमा श्राव हुन फोरप्ले आवश्यक छ। स्त्री अंगहरू, युरेथ्रा, भेजाइना, युरोजेनिटल सिस्टममा यसबाट उत्तेजना सञ्चार हुन्छ। यो सहवासको दृष्टिकोणले पनि आवश्यक छ। पुरुष अंगमा पनि खिचाव र श्रावका साथै ग्लेन्डबाट फोएटिस शुक्राणुको यात्रा पनि पाक्क्रीडाका समयमा प्रारम्भ हुन्छ। यो शिशुको प्रजननमा सहायक हुन्छ।

● **रोजिन शाक्य**

वात्सायनद्वारा लिखित पुस्तक कामशास्त्र आज पनि आधुनिक औषधी विज्ञानका लागि प्रेरणाको स्रोत मानिन्छ। आधुनिक यौनविशेषज्ञहरू पनि कामसूत्रलाई यौन विज्ञानको जननी मान्छन्। वात्स्यायनले कामशास्त्रमा स्पष्ट शब्दमा लेखेका छन्- 'सम्भोग जीवनको आवश्यकता मात्र होइन अनिवार्यता पनि हो। सम्भोगको अर्थ स्त्री र पुरुषको शारीरिक सम्बन्धबाट परम आनन्द प्राप्ति हो। सम्भोग प्रजननको स्रोत हो। यसले तन-मनका कैयन् विकारलाई समाप्त गर्छ।' यही परम आनन्दलाई आज स्वास्थ्य विज्ञानमा चरम सुख भनिन्छ। चरम सुखसम्म पुग्न पाक्क्रीडाको आवश्यकता हुन्छ। पाक्क्रीडा अर्थात् सम्भोगपूर्व गरिने प्रक्रिया जस्तैः प्रेमपूर्ण रोमान्टिक संवाद, आपसी छेडछाड, स्पर्श, चुम्बन, आलिंगन एवं शरीरका हरेक अंगको प्रेमपूर्ण स्पर्श। पाक्क्रीडाले सम्भोगको आनन्दलाई कैयन् गुणा बढाउँछ। यौनविशेषज्ञहरूका अनुसार यो शारीरिक आवश्यकता पनि हो। सम्भोग र पाक्क्रीडाका बीचको सम्बन्ध तथा त्यसको आवश्यकता महत्त्वपूर्ण भएको विज्ञहरूले बताउँदै आएका छन्।

स्त्री रोग विशेषज्ञहरूका अनुसार युवापुस्तामा यौनप्रति बढ्दो अरुचिले विश्वभरका समाजशास्त्रीलाई समस्यामा पारेको छ। विशेषगरी विकसित देशका युवाहरूमा विकसित हुँदै गएको महत्त्वाकांक्षा, बढी सम्पत्ति आर्जन गर्ने चाहना एवं महिलाहरू कामकाजी हुनु आदि यौनप्रति अरुचिका प्रमुख कारण हुन्। दिनचर्याको व्यस्तताले उनीहरूलाई शारीरिक एवं मानसिक रूपले यति थकित तुल्याउँछ कि जब दम्पती सम्भोगका लागि ओछ्यानमा पुग्छन्, तब उनीहरू या त सुतिहाल्छन् वा हतारमा प्रक्रिया पूरा गर्नतर्फ लाग्छन्। यसले गर्दा पति-पत्नीका बीचको मनोवैज्ञानिक एवं शारीरिक सामिप्यता जन्मन पाउँदैन र उनीहरू भावनात्मक बन्धनमा पनि बाँधिन सक्दैनन्। पाक्क्रीडा अर्थात् शारीरिक स्पर्श, आलिंगन, चुम्बन र गुप्ताङको स्पर्शबाट शरीरमा एक प्रकारको श्राव हुन्छ, जसले गुप्ताङलाई रसिलो बनाउँछ र सम्भोग क्रिया पीडारहित एवं आनन्ददायक बन्न पुग्छ। पाक्क्रीडाले पुरुष अंगलाई सशक्त बनाउनुका साथै नारी अंगलाई पनि सम्भोगका लागि तयार बनाउँछ। यसले सम्भोगपछि उत्पन्न हुने शुक्रकीटलाई सुरक्षित रूपमा गर्भाशयमा पुऱ्याउन र गर्भधारण गर्न मद्दत गर्छ। पुरुष जब कुनै महिलासँग प्रेमाशक्त भएर कुराकानी गर्छ तब उसको रागरसमा उथलपुथल देखापर्छ र उत्तेजनात्मक द्रव्य प्रवाहित हुन थाल्छ। यसले मस्तिष्कमा गएर यौनप्रतिको इच्छा जागृत गर्छ। यो एउटा स्वभाविक प्रक्रिया हो।

क्यालिफोर्निया विश्वविद्यालयको बायोलोजी विभागाध्यक्ष डा. विलियम ओबोनाको चर्चित पुस्तक फोरप्लेः द वार्मिङ प्रोसेस' मा पाक्क्रीडाका सम्बन्धमा विस्तारपूर्वक उल्लेख गरिएको छ। उक्त पुस्तकमा उल्लेख भएअनुसार यौन प्रक्रियालाई तीन प्रमुख भागमा बाँडिएको छ। पहिलो पाक्क्रीडा अर्थात् पूर्व क्रिया, दोस्रो सम्भोग अर्थात् चरमबिन्दु र तेस्रो हो स्खलन अर्थात् चरमसुख। डा. ओबनाका अनुसार जति धेरै विस्तृत पाक्क्रीडा हुन्छ, चरमसुख प्राप्तिको सम्भावना त्यति नै बढी हुन्छ। २८ वर्षीय नन्दा भन्छिन्- हामीलाई 'पाक्क्रीडाको महत्त्व थाहा थिएन। विवाह भएको बेला म १७ वर्षकी थिएँ, मेरा श्रीमान् २० वर्षका थिए। हामीलाई सेक्सको ज्ञान सम्भोगसम्म मात्र थियो। नेटमा सर्फ गर्ने क्रममा हामीले पाक्क्रीडाका बारेमा जान्यौं। कैयन् ज्ञानबर्द्धक कुरा र भिडियो क्लिपका माध्यमबाट हामीले पाक्क्रीडाका सम्बन्धमा ज्ञान हासिल गऱ्यौं र त्यसलाई प्रयोग पनि गऱ्यौं। जसमा हामी सफल भयौं।'

तीस वर्षीया समिता गृहिणी हुन् र एक व्यवसायीकी श्रीमती। उनीहरूको विवाह भएको ६ वर्ष भैसकेको छ। समिताका अनुसार 'उनीहरूका बीच नियमित सम्बन्ध छैन तर सफल सम्बन्ध भने छ। उनीहरूको दुई वर्षीय छोरा पनि छ। केही समय यता मेरा केही साथीले जब चरमसुखका बारेमा बताए र त्यसको सुखद अनुभवका सम्बन्धमा जानकारी दिए तब मलाई लाग्यो कि मलाई त्यो सुखद् अनुभव पछिल्लो छ वर्षमा छ-सात पटकभन्दा बढी भएको छैन। उक्त कुरा मैले आफ्ना श्रीमान्लाई बताएँ। यसले उनलाई धेरै हदसम्म चिन्तित तुल्यायो। हामीबीचको सम्बन्ध बिग्रन पुग्यो। मेरो सुख र सन्तुष्टिको प्रश्नमा उनी बढी तनावग्रस्त हुन थाले र सम्बन्ध नै तनावग्रस्त भयो। चरमसुखको कुराले आफ्नो सम्बन्ध बिग्रिएकामा म अहिले पश्चात्ताप गरिरहेकी छु।'

१६ औं शताब्दीमा लेखिएको अकबरको आत्मकथामा पनि यौनका बारेमा उल्लेख छ। उक्त आत्मकथाअनुसार अकबर जब आफ्नी रानी जोधाबाईका साथमा शयनकक्षमा हुन्थे त्यतिबेला कक्षबाहिर सितार, सन्तुर र अन्य वाद्ययन्त्र बिस्तारै बजाइन्थ्यो जुन अकबर र जोधाको रतिक्रियाभन्दा पहिलेको पाक्क्रीडामा धेरै हदसम्म सहायक हुन्थ्यो। यस्तै शिक्षाका लागि हरेक राजघरानामा धाई आमाहरू राखिएको पनि उल्लेख छ। चिकित्सकहरूका अनुसार शरीरमा श्राव हुन पाक्क्रीडा आवश्यक छ। स्त्री अंगहरूमा पाक्क्रीडाबाट उत्तेजना सञ्चार हुन्छ। यो सहवासको दृष्टिकोणले पनि आवश्यक छ। पुरुष अंगमा पनि खिचाव र श्रावका साथै अण्डकोषबाट निस्कने वीर्यमा शुक्राणुको यात्रा पनि पाक्क्रीडाका समयमा प्रारम्भ हुन्छ। यो शिशुको प्रजननमा सहायक हुन्छ। यौन विज्ञानका दृष्टिकोणमा पाक्क्रीडा त आवश्यक छ नै, भावनात्मक दृष्टिकोणबाट पनि पति-पत्नीलाई एक सूत्रमा बाँध्न त्यत्तिकै आवश्यक छ।

## महिलाका दस कामोत्तेजक अंग



तिघ्राको भित्री भाग अत्यन्त संवेदनशील हुन्छ। उक्त भागको छाला धेरै पातलो हुन्छ र त्यहाँ कैयन् उत्तेजक तत्व हुन्छ। त्यसैले यो भागलाई कामोत्तेजक मानिन्छ। यो भागमा स्नेहपूर्व भए, सुमसुम्याए वा चुम्बन गरे महिलाहरूमा कामोत्तेजना वृद्धि हुन्छ र उनीहरू यौनसम्पर्कका लागि बढी उत्प्रेरित हुन्छन् र त्यसबाट आनन्द पनि प्राप्त गर्छन्।

अधिकांश पुरुष यौन सक्रियताका बेला माहिलाहरूलाई उत्तेजित गर्न तिनका एक वा दुई शारीरिक अंगमै बढी केन्द्रित हुन्छन् तर महिलाका शरीरमा कैयन् त्यस्ता अंग छन् जहाँ स्पर्श मात्र गर्दा पनि उनीहरूमा कामेच्छा जागृत हुन्छ।

**तिघ्राको भित्री भाग** : तिघ्राको भित्री भाग अत्यन्त संवेदनशील हुन्छ। उक्त भागको छाला धेरै पातलो हुन्छ र त्यहाँ कैयन् उत्तेजक तत्त्व हुन्छ। त्यसैले यो भागलाई कामोत्तेजक मानिन्छ। यो भागमा स्नेहपूर्व भए, सुमसुम्याए वा चुम्बन गरे महिलाहरूमा कामोत्तेजना वृद्धि हुन्छ र उनीहरू यौनसम्पर्कका लागि बढी उत्प्रेरित हुन्छन् र त्यसबाट आनन्द पनि प्राप्त गर्छन्।

**हातका भित्री भाग** : हातको भित्री भागको छाला अत्यन्त पातलो हुन्छ र त्यहाँ कैयन् उत्तेजक तत्त्व हुन्छन्। यो भागमा प्रेमपूर्ण क्रियाकलाप गर्नाले तुरुन्तै मस्तिष्कसम्म संकेत पुग्छ। यो भागमा यौनसाथीको स्पर्श मात्र पनि महिलाहरूलाई कामोत्तेजित गर्न पर्याप्त छ।

**कान** : कान पनि महिलाहरूको प्रमुख कामोत्तेजक अंगमध्ये एक हो। यो शारीरिक एवं मानसिक दुवै रूपमा कामोत्तेजित गर्न सहायक हुन्छ। महिलाहरूको कानमा प्रेमपूर्वक फुसफुसाए, चुम्बन गरे वा जिस्किए उनीहरूको कामोत्तेजना बढ्छ। यसबाहेक यौन सर्म्पकका बेला कामुक कुराकानी गर्दा पनि उनीहरू कामोत्तेजित हुन्छन्।

**गर्दनको पछाडिको भाग** : गर्दन पछाडिको भागमा केश रेखाको ठीक मुनिदेखि लिएर कानपछाडिको भागसम्म अत्यन्त संवेदनशील हुन्छ। यो हिस्सामा स्पर्श वा चुम्बन गर्नाले महिलाहरूमा कामोत्तेजना जागृत हुन्छ र उनीहरूले यौनसम्पर्कमा पर्याप्त आनन्द प्राप्त गर्छन्।

**आँखाको परेला** : आँखाको परेला पनि महिलाहरूलाई कामोत्तेजित गर्न सहयोगी हुन्छ। परेलामा प्रेमपूर्व चुम्बन उत्तेजित गर्नका लागि पर्याप्त हुन्छ। परेलाको छाला पातलो हुन्छ र कैयन् उत्तेजक तत्वको उपस्थितिले त्यसलाई संवेदनशील बनाउँछ।

**पाइताला** : प्रायः गरी मानिसहरू यो भागलाई बेवास्ता गर्छन्, तर आश्चर्यजनक रूपले यो कामोत्तेजक अंगमध्येको एक हो। यो स्थान नर्व एन्डिङबाट भरिपूर्ण हुन्छ। फलस्वरूप यो भाग अत्यन्तै संवेदनशील हुन्छ। पाइतालाको स्पर्श मात्रले पनि महिलाहरूमा कामोत्तेजना जागृत गर्छ।

**हात** : महिलाहरूको हात पनि उनीहरूलाई कामोत्तेजित गर्न सहायक हुन्छ। वास्तवमा हत्केलामा कैयन् दबाबबिन्दु हुन्छ। जसलाई दबाउनाले आनन्दमा वृद्धि हुन्छ।

**जिब्रो** : जिब्रो यौन सम्पर्कका सन्दर्भमा सबैभन्दा संवेदनशील अंग हो। जिब्रोमा चुम्बन गर्ने, चुस्ने वा चाट्ने कामले महिलाहरूमा कामवासना जागृत हुन्छ।

**घुँडाको पछाडि भाग** : यहाँको छाला पातलो भएका कारण घुँडा पछाडिको भाग पनि अत्यन्त कामोत्तेजक हुन्छ। यो भागमा मुहार वा हातले रगड्नाले कामोत्तेजना सिर्जना हुन्छ र महिलाहरू यौनसम्पर्कप्रति अग्रसर हुन्छन्।

**पेटको तल्लो भाग** : महिला शरीरको यो भाग पनि अत्यन्त संवेदनशील हुन्छ। यो भागमा हल्का हातले मसाज गर्दा वा थोरै काउकुती लगाउँदा महिलामा कामोत्तेजना बढ्छ र उनीहरू यौनसम्पर्कका लागि तत्पर हुन्छन्।

**पिठ्युँ** : पिठ्युँ पनि पर्याप्त संवेदनशील हुन्छ। यहाँ चुम्बन गर्नाले महिलाहरू उत्तेजित त हुन्छन् नै साथै उनीहरूको तनाव पनि कम हुन्छ। यौनमा सक्रिय बनाउन यो स्थानमा आफ्नो मुहार रगड्नुपर्छ।

# विन्टरमा पनि देखिऔं स्टाइलिस



● **रोजिन शाक्य**

जाडो मौसमलाई फेसन फ्रेन्ड्ली नभएको बताउनेहरूको कुनै कमी छैन, तर पनि जाडो मौसमलाई फेसन फ्रेन्ड्ली बनाउने फेसन डिजाइनहरूको कल्पनाशीलता प्रशंसायोग्य छ। यस पटकको जाडोयामका लागि क्रिएट गरिएका केही स्टाइलले फेसनको तापक्रम बढाउने विश्वास गरिएको छ।

**रकर स्टाइल** : सन् २०११ को विन्टर फेसन ट्रेन्डमा रकर स्टाइल निकै हट हुने अनुमान छ, जसअन्तर्गत क्रप्ड लेदर ज्याकेट, सेक्सी इम्बेलिस्ड एङ्कल लेन्थ बुट, ग्लिट्जी इम्बेलिस्ड ह्यान्ड ब्याग, बोल्ड मेटालिक कफ ब्रासलेट र सल्ट्री स्किनी जिन्स आदिले यो चिसो मौसममा हट फेसन ट्रेन्ड भित्र्याउने फेसनविद्हरूको कथन छ। यो स्टाइलमा स्किनी जिन्सको साथमा लङ ड्रेपिङ ट्याङ्क, फिटेड इम्बेलिस्ड ज्याकेट र जिपरसहितको एङ्कल बुटको जोडालाई अँगालेर सुपर हट लुक प्राप्त गर्न सकिन्छ। यो लुकमा स्लाउची इम्बेलिस्ड होबो ह्यान्डब्याग तथा केही बोल्ड भिन्टेज ज्वेलरीलाई प्रयोग गरी आफ्नो लुकलाई थप प्रभावकारी बनाउन सकिन्छ।

**मिनिमालिस्टिक स्टाइल** : यस पटकको चिसो मौसममा सिम्पल र मिनिमालिस्टिक स्टाइल ट्रेन्डभन्दा फेसनमा सायदै अरू केही हाउट काउचर अर्थात् सबैभन्दा विशेष होला। पेयर डाउन एक्सेसरिज, टेलर्ड फेसन पिसहरू तथा टाई अप शूज र बुटको फेसनले सबैभन्दा डिमान्ड पाउने फेसनविद्हरूको दाबी छ। यो लुकको विशेषतामा लेदर, सुड, लिनेन र सिल्कजस्ता फ्याब्रिक एवं क्रिमी कारामेल, बोल्ड ब्ल्याक, ग्रे र सफ्ट ह्वाइटजस्ता न्युट्रल शेडको प्रभाव रहनेछ।

**स्लिक र सफिस्टिकेटेड स्टाइल** : कस्मिरी स्वेटर, ओभर नि बुट तथा ओभर साइज ह्यान्ड ब्याग सोफिस्टिकेटेड लुकको परिचय हो। पेजब्वाय क्याप तथा केही जेमस्टोन ज्वेलरीले यो लुकलाई पूर्णता प्रदान गर्छ। फेसन डिजाइनरहरूका अनुसार यस पटकको स्लिक सोफिस्टिकेटेड फेसन लुकमा गोर्जियस फेमिनेन सिलहुट पाउन टेलर्ड बडी हगिङ लेयरमा लेयरिङले अलिक बढी नै प्राथमिकता पाउने देखिन्छ। यो स्टाइलमा बेल्टेड कार्डिगन, अफ द शोल्जर लुज निट स्वेटर, टेलर्ड ट्रेन्च कोट, स्लिक पिकोट, सिल्क स्कार्फ, अप टु द नि वा ओभर डी बुट, ठूलठूला ज्वेलरी पिसहरू र ओभर साइज ह्यान्ड ब्यागले फेसन स्टेट्मेन्ट सिर्जना गर्छ।

**फन एन्ड फ्लर्टी स्टाइल** : यो लुक अँगाल्न धेरै हदसम्म सहज छ। यसअन्तर्गत रफल्ड विन्टर कोट, इम्बेलिस्ड टप, ट्युनिक र ब्लाउज, एप्लिक ग्लोभ र स्कार्फ, सफ्ट निट स्वेटर, लेस स्कर्ट र ड्रेस तथा टेक्सचर्ड फ्याब्रिक आदिलाई राखिएको फेसनविद्हरू बताउँछन्। फ्लर्टी लुकको अर्थ अत्यन्त स्विट देखिनु होइन, सही फेसन अँगालेर फ्लर्टी र सेक्सी लुक प्राप्त गर्नु हो। यसका लागि ल्युक्स फ्याब्रिकजस्तै सिफन, सिल्क, साटन र कस्मिरी अपनाउनु राम्रो हुन्छ भने प्याटर्न र कलरसित खेल्न पछि पर्नु हुँदैन। फेमिनेन शैलीमा सेक्सी फन र फ्लर्टी लुक पाउन सुन्दर वेज स्टाइल एङ्कल बुट, फ्लर्टी साचल ह्यान्ड ब्याग र भिन्टेज ज्वलेरीमा लगानी गर्नु उपयुक्त हुन्छ।

## पारिवारिक स्वास्थ्य



# डेंगुको प्रकोप र नियन्त्रणका उपाय

मौसमको परिवर्तन, दूषित तथा फोहोर वातावरण ब्याक्टेरिया, भाइरस आदिका कारण डेंगु नेपालमा पनि ठूलो स्वास्थ समस्याका रूपमा देखा परेको छ। नेपालको सीमावर्ती भारतसँग जोडिएको उच्च तापक्रम भएका भैरहवा, बुटवल, भरतपुर, वीरगन्ज नेपालगन्जजस्ता सहरी क्षेत्रमा यो रोगको संक्रमणले तीव्रता पाउँदै गएको छ। प्रकोपका रूपमा देखा परेको डेंगुले चितवनमा केही सातामै २७ जनाको ज्यान लिएको धेरै भएको छ। नेपालको करिब एकतिहाइ जनसंख्या एडिस एजिप्टाई नामक लामखुट्टेबाट सर्ने डेंगु रोगको खतरामा छ। अव्यवस्थित सहरीकरण, फोहोर मैलाको उचित व्यवस्थापन हुन नसक्नु, महामारी रोगहरूको पहिचान र रोकथाम गर्ने प्रभावकारी संयन्त्रको अभाव आदिका कारण डेंगुको भय बढ्दै गएको छ।

विश्व स्वास्थ संगठनका अनुसार करिब २ अरब ५० करोड मानिस डेंगुको खतरामा छन्, जसमध्ये करिब १ अर्ब शिशु छन्। संगठनको अनुमानमा प्रत्ये वर्ष यो रोगले विश्वमा ५ करोड मानिस आक्रान्त हुन्छन्। बर्सेनि ५ करोडदेखि १० करोड मानिसलाई डेंगुले संक्रमित गर्छ भने तीमध्ये करिब ५ लाख केस डेंगु हेम्रोह्याजिक फिभरको हुन्छन्। यो रोग बाट बर्सेनि २५ हजार मानिसको मुत्यु हुन्छ। यो रोग महामारीका रूपमा देखा पर्दै आएको छ। डेंगुको महामारी फैलँदा यसले संक्रमण गर्ने सम्भावना ४० देखि ५० प्रतिशत रहन्छ, तर कहिलेकाहीं यो प्रतिशत बढेर ८० देखि ९० सम्म पुग्छ।

सहरी एवं विश्वका ऊष्णप्रदेशीय क्षेत्रहरूमा यो रोग बेलाबेलामा महामारीका रूपमा देखा पर्ने गरेको छ। पश्चिमी गोलार्द्धमा पनि यो रोग नाटकीय रूपमा प्रमुख स्वास्थ समस्याका रूपमा देखा पर्दै आएको छ। यसरी महामारीका रूपमा फैलिएको यो रोग विश्वव्यापी रूपका विकास हुनुको प्रमुख कारण यसलाई फैलाउने लामखुट्टे पनि विश्वभरि फैलिनु हो। सुरुमा ऊष्ण प्रदेशीय क्षेत्रहरूमा मात्र पाइने लामखुटे अहिलेको भूमण्डलीकरण भैरहेको विश्वमा यातायातको बढ्दो सुविधासँगै एक देशबाट अर्को देशमा फैलँदै गएको छ। यसरी फैलिएको डेंगुको भाइरसविरुद्ध खोप तथा औषधीको विकास गर्न नसकिरहेको स्थितिमा यसबाट बच्ने उत्तम उपाय यो रोग फैलाउने लामखुट्टेको विनाश नै हो।

### डेंगु कसरी सर्छ ?

डेंगुको भाइरस बोकेको लामखुट्टेले मानिसलाई टोक्दा यो रोग मानिसमा सर्छ। फलेवी विषाणु समूहको डेंगु तीव्र संक्रामक हुन्छ। यो भाइरस मानिसमा सार्ने कामचाहिँ एक लामखुट्टेको एउटा प्रजातिले गर्छ। यो लामखुट्टेले बेलुकी वा रातिभन्दा पनि दिउँसो टोक्छ।

### डेंगु रोगका लक्षण

यो रोग लामखुट्टे बाच्न सक्ने संसारका सबैजसो गर्मी क्षेत्रमा देखा पर्छ। यो रोगका रोगीलाई टोकेको लामखुट्टेले अर्को मानिसलाई टोक्दा डेंगु सर्छ। यो रोगले शिशु, युवा, वयस्क सबैलाई आक्रमण गर्छ। मानिसमा डेंगु भएपछि निम्न लक्षण देखा पर्न थाल्छ।

१. रोगले च्याप्दै गएको अवस्थामा चर्को रूपमा टाउको दुख्न थाल्छ। यस्तो पीडा आँखाको पछिल्लो भागमा बढी हुन्छ।
२. वाकवाक लाग्ने र वान्ता हुने।
३. नाक, मुख र गिजाबाट रगत बग्ने।
४. कलेजोको आकार बढ्ने।
५. छालामा राता-राता डाबरहरू देखा पर्ने।

अन्य लक्षणमा आँसु आउने, निद्रा नलाग्ने, भोक नलाग्ने, मुख नमीठो हुने, स्वाद हराउने, तीतो स्वाद आउने र शरीर कमजोर हुने आदि छन्।

### बच्ने उपाय

यो रोगबाट बच्न आवश्यक सावधानी अपनाउनुपर्छ। त्यसका लागि प्राथमिक उपाय भनेको शरीरलाई पूरै ढाक्ने उज्जाला रंगका पहिरन लगाउनु र लामखुट्टे भगाउने झुल वा धूप प्रयोग गर्नु नै हो। लामखुट्टेले जीबन चक्र चलाउने प्रमुख माध्यम भनेको जमेको पानी हो भन्ने हेक्का राख्दै घरवरपर पानी जम्न सक्ने खाल्डाखाल्डी पुर्ने, भाडाहरूमा लामो समयसम्म पानी जम्मा गरेर नराख्ने, घरको फूलदानीलगायत लामखुट्टेले अण्डा पर्न सक्ने सम्भावित सबै ठाउँमा बेलाबेलामा औषधी छर्कने र नियमित रूपमा पानी फेर्नेजस्ता उपाय अवलम्बन गर्ने।


### उपचार

अझसम्म यो रोगको प्रभावकारी खोप वा औषधी पत्ता लागिसकेको छैन। भाइरसका कारण हुने रोग भएकाले यसमा एन्टिबायोटिकको प्रयोग पनि बेकार छ। यो रोगको प्रारम्भिक एवं प्रभावकारी उपचार भनेको रोगीको शरीरको प्रतिरक्षा प्रणाली आफैंले रोगको प्रतिरोध गर्नु हो। यसका लागि एउटै उपाय भनेको रोगीले पूरै आराम गर्ने र सक्दो झोल पदार्थ तथा तागत दिने सुप र सजिलो पच्ने तागतिला खानेकुराहरू खानु नै हो। रोगले च्याप्दै गएको खण्डमा तुरुन्त चिकित्सकको मद्दत लिनुपर्छ। सहयोगात्मक र प्रतीकारात्मक उपचारको मदतले यो रोगका रोगीलाई बचाउन सकिन्छ।


डेंगु सार्ने लामखुट्टे सफा र स्थिर पानीमा अण्डा पार्न तथा मानिसहरूको वरिपरि बस्न मन पराउने चिकित्सकहरूले बताउँदै आएका छन्। स्वास्थक्षेत्रमा एउटा बहुचर्चित भनाइ छ- रोगको उपचार गर्नुभन्दा रोग लाग्न नदिनु नै जाति। यही मान्यतालाई आत्मसात गर्दै यो रोग लाग्न नदिन आवश्यक उपाय अपनाउने र जनचेतना फैलाउने, अस्पताल तथा स्वास्थ संस्थाहरूमा अभिमुखीकरण कार्यक्रम सञ्चालनका साथै परीक्षण र उपचारका सम्बन्धमा प्रशिक्षण सञ्चालन गर्नु आवश्यक छ।

**गोपाल मरासिनी**


# स्ट्रिप डान्स



स्ट्रिप डान्स (नग्न वा अर्धनग्न नृत्य) पश्चिमी मुलुकमा लोकप्रिय मानिन्छ। पश्चिमी मुलुकमा व्याचलर पार्टी स्ट्रिप क्लबमै दिने चलनसमेत छ।



अमेरिकाको सानफ्रान्सिस्कोमा सन् १९६४ जून १९ मा खुलेको कोन्डोर नाइट क्लब निर्वस्त्र नृत्य गराउने क्लबका रूपमा स्थापना भएको पहिलो क्लब थियो।



उक्त क्लबले सञ्चालनमा आएको पाँच वर्षपछि कम्मरभन्दा तलको भागसमेत निर्वस्त्र नृत्य प्रस्तुत गर्न थाल्यो।

स्टिलको डन्डी समाएर नाच्ने पोल डान्स सोही क्लबले सन् १९६८ देखि प्रारम्भ गर्‍यो।




अहिले अमेरिकामा ५ हजारभन्दा बढी स्ट्रिप क्लब छन्। अमेरिकीहरू नाटक, ओपेरा र शास्त्रीय संगीतमा भन्दा बढी समय स्ट्रिप क्लबमा बिताउँछन्।

# पत्याउनु हुन्छ ?



आफ्ना प्रेमी-प्रेमिकालाई बहुमूल्य उपहार दिने सोचमा रहेकाहरूका लागि अहिलेसम्मकै सर्वाधिक महँगो सेक्स टोय अन्तर्राष्ट्रिय बजारमा आएको छ। करिब ६० हजार डलर पर्ने यो टोयमा हीरा जडान गरिएको छ भने भित्र कामोत्तेजन सुगन्ध राखिएको छ।



अबुधाबीको इमिरेट्स प्यालेस होटलमा आगामी क्रिसमस मनाउन तयार पारिएको क्रिसमस रूखको लागत १ करोड १० लाख डलर छ। धूमधामसँग क्रिसमस मनाउन निर्माण गरिएको यो रूखमा हीरा, सुन र बहुमूल्य धातुहरू जडान गरिएको छ। अहिले खाडीक्षेत्रमा महँगो क्रिसमस रूख बनाउने होड चल्न थालेको छ।



अकल्यान्डको कार पार्क क्षेत्रमा क्रिसमसका लागि चोरिएका कुखुराको पकाएको मासु निःशुल्क वितरण गरिने भएको छ। यस्तो मासु खाने चलनलाई त्यहाँ निकै रुचाइन्छ। चोरहरू कार पार्कक्षेत्रमा आएर कुखुरा चोर्छन् भन्ने कुरालाई संझन पनि यो महोत्सवको आयोजना गरिन्छ।




फिलिपिन्सका युनिभर्सिटीहरूमा वार्षिक रूपमा छात्रहरूको निर्वस्त्र दौड क्याम्पस हाताभित्रै सम्पन्न हुन्छ। सन् १९७७ देखि प्रारम्भ भएको यो दौडको उद्देश्य तत्कालीन देशको आर्थिक स्थिति र राजनैतिक विचारप्रति समर्पण देखाउनु थियो।

## १० वटा फरक खोज्न सक्नुहुन्छ ?



## साप्ताहिक कोठेपद



**दायाँ**

१. दया गर्न योग्य (४)
२. चार वेदमध्ये एक (४)
३. दमन गर्न योग्य (४)
५. आकर्षित गर्ने साधन (३)
६. इच्छाविरुद्ध, जबर्जस्ती (४)
७. तन्किने स्वभाव भएको (३)
८. निवेदन, फिराद (४)
१२. नाटक देखाउने ठाउ (४)
१३. सानो कीरा विशेष (३)
१५. निष्पट्ट अँध्यारो (४)
१७. आरोप, अभियोग (३)
१८. तत्त्व ज्ञानले युक्त (३)
१९. शब्दले व्यक्त गरिएको (३)

**तल**

१. आगो निभाउने यन्त्र (४)
२. प्रथम किराती राजा (४)
३. आवश्यकता, खाचो (४)
४. गौतम बुद्धकी पत्नी (४)
५. जरामा फल्ने एक तरकारी (४)
६. दिशासूचक यन्त्र (३)
७. निरन्तर, अटुट (४)
८. दण्ड दिने योग्य (४)
९.एक जलविद्युत् आयोजना (४)
१०. जरामा फल्ने एक तरकारी (४)
११. नाम नभएकी (४)
१२. खेलकुद हुने ठाउ (४)
१३. उत्तरतर्फ बग्ने एक नदी (४)
१४. एउटै घोडाले तान्ने बग्गी (४)
१६. साहित्यको एक विधा (३)

## कुरा बुझ्नु भो त !

प्रस्तुती : योगेश खपाङ्गी
yogeshkhapangi@gmail.com



## ● तालुमा आलु ●



**प्रकाश ओझा**

टिल्केको बिहे भयो । भोलिपल्ट टिल्केको बाउले टिल्केसँग सोध्यो-

'ओई टिल्के रात कस्तो बित्यो ?'

'के भन्नु बाउ' टिल्केले चम्किँदै मस्किँदै भन्यो- 'मोरी रातभरि यस्तो यस्तो व्यवहार गर्दै थि की मैले चाहेको भए जे पनि गर्न सक्थें ।'

०००

डाक्टरलाई चेक गराउन बिरामीहरू कुर्सीमा बसेका थिए । एउटा डरलाग्दो अनुहार भएको व्यक्ति आयो र एउटा बसिराखेको बिरामीसँग भन्यो- 'कुर्सीबाट हट म बस्छु ।'

'किन हट्नु' बिरामीले भन्यो 'तपाईं बाघ हो र हट्नु ?'

'हो म बाघ हो, बाघको छोरा हो ।'

'ए भनेपछि एउटा कुरा बताउनुहोस् बाघ तपाईंको घरमा आ'को थियो कि आमा चिडियाखाना जानुभ'को थियो ?'

०००

'मेरी श्रीमती ले ?' एउटा व्यक्ति आफ्नो साथीसँग भन्दै थियो, 'हिजोआज हार्मोनियम बजाउन छाडेर मुरली बजाउन थाली, जो मेरा लागि खुसीको कुरा हो ।'

'ए हो.' साथी उत्सुक भावमा बोल्यो- 'तर यो खुसीको कुरा कसरी भयो ?'

'पहिले हार्मोनियम बजाउँदा ऊ गाउँथी पनि, अहिले मुरली बजाउँदा गाउन मिल्दैन ।'

०००

एउटी युवतीले आफ्नो हुनेवाला पतिलाई चिठी लेखी,

'डियर सुरेन्द्र, हामीले विवाहको मितिलाई केही समयका लागि पछि सार्नुपर्ला जस्तो छ । अहिले म वीरेन्द्रसँग भागें... ।'

**तिम्री चम्किली**

०००

मेरो भाइले दुई वर्षदेखि भ्वाइलिन बजाउने अभ्यास गर्दैछ ।

आहा.... केही सिक्यो ?

हजुर...भ्वाइलिन फुकेर बजाउने बाजा होइन भन्ने कुरा उसले एक महिनाअघि मात्र थाहा पायो ।

०००

एक महिला आफ्नो दुःख सुनाउन मनोचिकित्सक कहाँ गइन् ।

आफ्नो यौनजीवनका बारेमा बताउनुस्' डाक्टरले भने- तपाईंको श्रीमान्सँग कस्तो सम्बन्ध छ ?

दसैं जस्तो

भनेपछि खुसी नै खुसी ?

होइन-होइन, त्यस्तो होइन

अनि के त ? दसैं जस्तो चै किन भनेको ?

दसैं वर्षमा एक पटक आउछ नि त ।

०००

एउटी अर्धबैसे महिलाले एउटा युवकलाई फकाएर घरमा ल्याइ अनि ओछ्यानमा लगेर भनि मेरो कपडा खोल । युवकले आदेशको पालना गऱ्यो ।

महिला पलङमा सुतेर आँखा चिम्लिदै भनी- अब तँलाई जे मन लाग्छ त्यही गर ।

युवक कोठाबाट टेलिभिजन, घडी र क्यासेट प्लेयर लिएर हिंड्यो ।

## ● कविता ●



### यात्रा जिन्दगीको

जिन्दगीका दौरानमा कति क्षण आए गए
कति क्षण अझै याद छ कति भुली गए
जे भए नि जस्तो भए नि जिन्दगी त जिइरहें
हार खाइन कहिल्यै पनि साहस लिइ बढिरहें
भन्नेले त के के भने सम्झी साध्य छैन
ठोक्किएर कति लडें गनि साध्य छैन
साहस अनि आशा लिइ म अघि बढिरहें
जिन्दगीलाई आफ्नै पाराले जिइरहें
यो दुनियाँमा धेरै थरी धेरै खालका मान्छे भेटें
कोहीले माया गथे भने कोहीले आँखा तर्थे
दुनियाँलाई नजिकबाट मैले नियालिरहें
यस्तै रै'छ यो दुनियाँ भनी चित्त बुझाइरहें ।

**गणेश फुयाँल**

### मुख बोल्छ मन बोल्दैन

मुख बोले पनि मेरो मन कहिल्यै नबोल्ने भयो
तिमीले गर्दा जिन्दगीभर सधैं छाती पोल्ने भयो
शत्रुका सामु जालझेल नीति अपनाएपछि,
दुखी मन मेरो त्यसै पनि पिरोल्ने भयो
विशेष कुरा तिम्रो मेरो लिनु दिनु थियो होला
लिनुपर्ने ठाउँमा कुरा जसले पनि त खोतल्ने भयो
बाघचाल बुद्धिचालले केही सीप नलागेपछि
कूटनीतिक चाल जसले पनि त चल्ने भयो ।

**दुर्लभ खत्री**

### जीवनको फूलबारीमा

जीवनको फूलबारीमा फूल भरेजस्तो
लाग्छ कहिले आफैंले पो भूल गरेजस्तो
अनायासै सर्माइ नयनहरू झुकाएथ्यौ
यौवनका नसालु तिर यता परेजस्तो
सम्भावना जीवनका हिसाब गरौं भन्छु
कुटुकुटु मुटु यो खा'छ बोझ भरेजस्तो
साटे हुन्छ भन्थ्यौ क्यारे न र मुटु सारा
साह्रै पोल्छ भित्रभित्रै व्यथा पो सरेजस्तो
विश्वासमै चोला यो अडेको छ भन्छन् मान्छे
उता छ हाँसो, यता चोटे पापै गरेजस्तो ।

**जयप्रकाश**

### गाँसिएको सम्बन्ध

तिम्रो मेरो परिचय संयोग मात्र थियो कि ?
जोडी अतृप्त मिलनले तिमीलाई पोल्नेछ
आज अतृप्त मिलनले मलाई पोल्छ
गाँसिएको त्यो सम्बन्ध प्रयोग मात्र थियो कि ?
यता मुटु छिनिंदा उता मुटु छिनिएनछ
तिम्रो त्यो माया एकफेरको उपयोग मात्र थियो कि ?
त्यो मनभरि विकारको महल नै उडिदै छ
दिइएका ती उपदेशहरू अभियोग मात्र थियो कि ?
अख्तियारको साउन उर्लंदा उता खडेरी पो भइदिन्छ
अख्तियारको सक्रियता दुरुपयोग मात्र थियो कि ?
वारि आकास खस्दैछ पारिपट्टि जुन
ती समयका साथहरू सदुपयोग मात्र थियो कि ?

**वर्षा**

### बाँच्नु बेकार भो

मेरो जीवन तिम्रा लागि काँडे तार भो
तोड्न पनि नसकिने लाग्छ ठूलै वार भो
सम्झनामा बगिदिन्छन् बलिन्धारा आँसु त्यसै
लजालु यो नयन पनि लाग्छ गहिरै ताल भो
प्रतिस्पर्धा हुँदो रै'छ मायाको यो खेलमा पनि
पहिलोपल्ट तिम्रो सामु लाग्छ मेरै हार भो
पराजित भइसकें दुनियाँको सामु म त
स्वार्थी यो दुनियाँमा लाग्छ बाँच्नु बेकार भो ।

ऋचा दर्नाल

## ● लघुकथा ●



### सुकिला-मुकिला

आजभोलि सहरमा अलि राम्रो भएर हिंड्न हुँदैन, साथीभाइले व्यङ्ग्य गर्न थालेका छन्, 'कति सुकिलो-मुकिलो भएको, मैला-धैलासँग डर लाग्दैन ?' त्यसमाथि काठमाडौंमा घर बनाएपछि त खपिसक्नु नै भएन ।

आखिर जीवनको उद्देश्य के हो ? मैले बुझेअनुसार जीवनको उद्देश्य धेरै पढ्नु हो । पैसा कमाउनु हो । सन्तानलाई राम्रो शिक्षा-दीक्षा दिनु हो । सके दुई चार जनालाई रोजगारी दिनु, सरकारलाई कर तिर्नु हो । गरिब परिवारमा जन्मिएर पनि दुःख गरेर पढें । प्रतिस्पर्धा गरेर अघि बढें । अहिले मसँग जे जति छ, त्यो सबै मेहनतको कमाइ हो ।

अस्ति एउटा दलले आमहड्ताल गऱ्यो । मलाई हड्तालले घरमै कैद गरे जस्तो बनायो । म मेहनत गर्नुपर्ने मान्छे, यसरी घरभित्रै कतिदिन थुनिन सकिन्छ र ? फेरि यसरी थुनिएर बस्दा धेरैको मुखमा माड बन्द हुन्छ । मैले शान्तिसभामा गएर हड्ताल गर्न पाइँदैन भन्ने नारा लगाएँ ।

त्यसयता मेरो सुकिलो-मुकिलोको यति धेरै आलोचना भएको छ, मानौं मेहनत गर्नु, पैसा कमाउनु, अरूका लागि रोजगारीको व्यवस्था गर्नु महाअपराध हो ।

**विन्देश क्षेत्री**

# पूर्वमा उँधौलीको उत्सव

**हिमाल खरेल**

लिम्बू जातिको महान् चाड चासोक तङनामको उल्लास सुरु भएको छ । पूर्वी नेपालमा धूमधामसाथ विविध कार्यक्रम गरी मनाइने यो पर्व दुई सातासम्म चल्छ । प्रकृति पुजक आदिवासी लिम्बूजातिले कृषिमा आधारित जीवनशैली अपनाई आएको र ऋतु परिवर्तन सँगसँगै खेतबारीमा लगाएको अन्नबाली बटुल्ने समयलाई चासोक तङनाम भनिन्छ । यसलाई न्वागी उत्सव पनि भन्ने गरिएको भद्रपुरका वीरहाङ लिम्बूले बताए । लिम्बू संस्कृति अनुसार साम्वा र सिंहफेदाङबाले न्वागी पूजा अर्चना गरेपछि चासोक तङनाम सुरु भएको मानिन्छ । चासोक तङनामलाई लिम्बूजातिको पौराणिक मुन्धुममा आधारित मुख्य चाड मानिन्छ ।



नेपाल पर्यटन वर्ष-२०११ का अवसरमा यो पर्वको प्रवर्द्धन गर्ने उद्देश्यले झापाको भद्रपुरमा किरात महोत्सव पनि सुरु भएको छ । त्यस्तै जिल्लाका विभिन्न ठाउँमा चासोक तङनामको रमझममा लिम्बू युवायुवतीको पनि बाक्लो जमघट सुरु भएको छ । धरानमा किराँत याक्थुङ चुम्लुङले जातीय सांस्कृतिक पर्यटन र पहिचानमा टेवा पुऱ्याउने उद्देश्यले पहिलो पटक साताव्यापी चासोक तङनाम उत्सव मनाउन थालेको छ । उत्सवको प्रवर्द्धन नेपाल पर्यटन बोर्ड तथा धरान नगरपालिकाले गरिरहेका छन् । किराँत मुन्धुमअनुसार वर्षलाई दुई भागमा बाँडेर पर्व मनाइने गरिएको छ । वैशाख पूर्णिमादेखि मंसिर पूर्णिमासम्म उभौली पर्व र मंसिरे पूर्णिमादेखि वैशाख पूर्णिमासम्म उँधौली पर्व भनिन्छ । उभौली पर्वमा तराईतिर गर्मी बढेर माछा, चराचुरुङ्गीसमेतले उँभो लेकतिर बासस्थान सार्ने भएकाले पनि उभौली भनिएको हो । त्यस्तै उँधौलीका समय लेक वा पहाडतिरको वातावरण चिसो हुने हुँदा त्यहाँका चराचुरुङ्गी मधेसतिर झर्ने गर्छन् । मौसमअनुसार पर्व मनाउने लिम्बू समुदायले प्रकृतिको पूजा गरेर आफ्नो दिनचर्या सम्पन्न गर्छन् ।

युवा पुस्तालाई मौलिक चाड पर्व र सांस्कृतिक मूल्य मान्यताप्रति आकर्षित गराउन साताव्यापी रुपमा यो चाड मनाउन थालिएको आयोजकले जनाएका छन् । प्रकृति पुजक लिम्बू जातिको पौराणिक मुन्धुममा आधारित चासोक तङनामको अवसरमा सांस्कृतिक माहोल फेरि एक पटक तातेको छ । वीरहाङका अनुसार चासोक तङनाम भनेको सर्वशक्तिमान मानिएको तागेरानिङवाफुमाङ (प्रकृति)ले दिएको अन्न बाली आफूले सेवन गर्नुभन्दा पहिले प्रकृतिलाई नै अर्पण गर्दै आभार व्यक्त गरेपछि खाने उत्सव हो । १५-१६ वर्षअघिसम्म चासोक तङनाम लिम्बू जातिले येवा फेदाङवाको पर्याप्तताअनुसार निजी रुपमा मनाउँथे, तर आधुनिकतासँगै यो चाडलाई समूहमा मनाउन थालिएपछि महत्त्व झन् बढ्दै गएको छ । धार्मिक ग्रन्थ मुन्धुमका अनुसार कृषि युग सुरु हुनुअघि लिम्बूजातिका पूर्खा सावायेत्हाङले कन्दमुल काँचै खाएर जीवनयापन गर्थे । काँचो कन्दमुल सेवनका कारण उनी कुपोषण र अन्य रोगको सिकार भए । यस्तो जटिल परिस्थितिबाट मुक्ति पाउन उनले तागेरानिङवाफुमाङको पूजा आराधना गर्दै रोगव्याधिबाट मुक्ति पाउन अनेक उपायको खोजी गरे । निरन्तर खोजी गर्ने क्रममा उनले प्रकृतिको कृपाबाट पेना माङदक (कोदो), ताक्मारु (घैया धान), पारामा (कोदोसँगै फल्ने विरुवा), तुम्री (जुनेलो), साङघामा, लिङघामा र लङवामा लगायत अन्नका बीउबिजन प्राप्त गरेका थिए । बाली भित्र्याउने बेलामा मनाइने यो पर्वले लिम्बू जातिमा विशेष महत्त्व राख्छ ।

पर्वको अवसरमा लिम्बू युवा सांस्कृतिक पोसाकममा सजिएर धाननाच नाच्न व्यस्त भएका छन् । नाचमा च्याब्रुङको अनिवार्य आवश्यता पर्दछ । जहाँ लिम्बू जातिको बसोबास छ, त्यस क्षेत्रमा साता दिनसम्म नै लिम्बू वेशभूषामा सजिएका के युवा के वृद्ध सबै धान नाच्न हौसिएका हुन्छन् । आफ्नो भाषा, रीतिरिवाज, संस्कार-संस्कृति र धर्मकर्मलाई निरन्तरता दिने क्रममा उँधौली पर्वको महत्त्व र चर्चा बढ्दै गएको छ । पूर्वमा धान नाचको महत्त्व प्रत्येक वर्ष बढ्दै गएको पाइन्छ । धरान, कानेपोखरी, पाडाजुँगी, बुट्टाबारी, विर्तामोड, मेचीनगर, बाहुनडाँगी आदि स्थानमा किराँत याक्थुङ चुम्लुङको अगुवाईमा उँधौली पर्व सम्पन्न हुने गरेका छन् ।

# झापामा महोत्सवको लर्को

**युवराज विवश**

हिजोआज झापाका दमकवासीहरूको धपेडी बढेको छ । घरआँगन र सडकहरू सिँगारिन थालेका छन । स्वागतद्वारहरू बनाउने क्रम बढेको छ । दमक बेहुली झै सिगारिएको छ । पुस र माघ महिनामा आयोजना गरिन लागेको ३ वटा कार्यक्रमले दमकको मुहार फेरिएको हो ।

पुस ७ गते सुरु हुने पूर्वाञ्चलव्यापी फुटबल प्रतियोगिता, पुस ९ गते सुरु हुने जेसिजको राष्ट्रिय महाधिवेशन र माघ १६ मा सुरु हुने धिमाल महोत्सवले दमकको मुहार फेरेको हो । दमक चोक र आसपासमा ३० वटा स्वागतद्वार निर्माण गरिएको छ । दमक थाना रोडमा जेसिज स्तम्भको निर्माण सकिएको छ । जेसिजको राष्ट्रिय महाधिवेशनका निर्देशक लोकबहादुर अधिकारीले राष्ट्रपति डा. रामवरण यादवद्वारा उद्घाटन हुने उक्त अधिवेशनमा देश तथा विदेशबाट २ हजार ७ सय प्रतिनिधि सहभागी हुने जानकारी दिए । अधिकारीका अनुसार अधिवेशनका अवसरमा जिल्लाका प्रमुख पर्यटकीय स्थलहरूको समेत अवलोकन गराइनेछ ।

त्यस्तै पुस ७ गतेबाट पूर्वका मुख्य टिमहरू सहभागी हुने फुटबल प्रतियोगिता सुरु भैसकेको छ । प्रतियोगितामा एक दर्जन टिम सहभागी छन् । भुटानी शरणार्थीलाई सहयोग गरिरहेको संस्था कारितास नेपालको आयोजनामा उक्त प्रतियोगिता सञ्चालन भएको हो ।

यसैगरी पूर्वका आदिवासी धिमाल समुदायले संस्कृतिक पहिचानका लागि महोत्सवको आयोजना गर्ने भएका छन् । माघ १६ बाट सुरु हुने महोत्सवमा धिमाल जातिका संस्कृतिक रहन-सहन रीतिरिवाजका बारेमा जानकारी दिइने आयोजक समितिका अध्यक्ष रामबहादुर धिमालले बताए । महोत्सवमा धिमाल समुदायले लगाउने लुगा र बसाइका बारेमा समेत जानकारी गराइनेछ ।

## ● सन्देश ●

प्रिय दिदी भीमा तथा मनीषलाई जन्मदिनको लाखौंलाख शुभकामना । तिमीहरूले चालेका प्रत्येक पाइलाले सफलता चुमुन् ।

**ऋचा**

विनिता, बधाई छ, आखिर आफ्नो चोखो माया देखाएरै छोड्यौ होइन ? एकचोटि सम्झ, जुन बेला कसम खाएर तिमीले मसँग कहिल्यै नछुट्ने युगयुग फुल्ने माया लाएकी थियौ । अचानक किन यस्तो भयो ? फोन गर्दा पनि रिसिभ नगर्ने, आफूले पनि फोन नगर्ने । मलाई किन यस्तो मोडमा ल्याएर छोड्यौ ?

**पीडित**

छोरा सर्जिनलाई धेरै-धेरै माया अनि सम्झना, राम्रो पढ्नु, समयमा उठ्नु, सुत्नु अनि खानु है । तिम्रो याद सधैं आउँछ ।

**आमा-बुबा**

पत्र संसारका साथीहरू एस.बी. रोदन, मीनबहादुर, हेमकर्ण, मनोज, कृष्ण असफल यात्री तथा जगमान देवलका सम्पूर्ण साथीहरूलाई कार्य सफलताका साथै शैक्षिक सफलताको शुभकामना । निरन्तर सम्पर्कमा रहन अनुरोध छ ।

**झपाली मित्र**

कामको सिलसिलामा टाढा भए पनि मित्र मनोज राई र कृष्ण असफल यात्रीलाई कार्य सफलता एवं शैक्षिक क्षेत्रमा उत्तरोत्तर प्रगतिको कामना साथै मीठो सम्झना अनि माया ।

**क्षितिजपारिको मित्र**

मेरी प्यारी दिदी मायालाई जन्मदिनको लाखौंलाख शुभकामना । दिदीले चालेका हरेक पाइलाले सफलताको शिखर चुम्न सकोस् । दिदीका मनका इच्छा-आकांक्षा पूरा गरुन् भनी श्री सिद्धबाबासँग प्राथना गर्छु ।

**लक्ष्मी गुरुङ**

हाम्रो प्रेममय साथ कहिल्यै नछुटोस्, भोलिका दिनमा कसलाई के हुन्छ, कसले पो देखेको छ र ? त्यसैले हाम्रो यो सम्बन्ध सदैव प्रगाढ रहोस् भनी श्री सिद्धबाबासँग दुई हात जोडी प्रार्थना गर्छु ।

**माया गुरुङ**

नयाँ वर्ष २०११ सालको पावन अवसरमा अर्घाखाँची घर भै सात वर्ष पहिले दिल्ली महिणलपुरमा सँगै कम्प्युटर पढ्नुभएका वसन्त केसी र उहाँका बुवा तथा सपरिवारमा हार्दिक मंगलमय शुभकामना साथै उत्तरोत्तर प्रगतिको कामना ।

**भूपेन बम**



### सूचना

**ईस्वी सम्वत्को नयाँ वर्ष २०११ का अवसरमा आफन्तहरूलाई साप्ताहिकमार्फत् शुभकामना दिन चाहनेहरूले आफ्नो सन्देश साप्ताहिकको कार्यालयमा पुस १२ गतेसम्म आइपुग्ने गरी पठाउनुहुन अनुरोध छ ।**

**-सम्पादक**

## ● जीवनको गोरेटोमा ●

### खुसी हुनु तिमी



दुई आत्माको सम्बन्धलाई दोभानमा परिणत गराई किनारा लगाउने त्यो पत्थरको मनलाई मुरी-मुरी मायाले चुम्न चाहन्छु । हो, तिमीबाट एक दिन टाढा हुँदा पनि मेरो परेलीबाट भदौरे झरी बर्सिन थाल्छ । सारा शरीर थकाइले लखतरान हुन्छ । बास्तवमा भन्नुपर्दा म तिमी बिना नितान्त एक्लो हुन्छु । सायद तिमीलाई म नहुँदा त्यति फरक अनि नरमाइलो नलाग्न सक्छ । किनभने तिम्रो मुटु फलामको बनिसकेको छ । तिमीलाई मेरो मायाले प्रभाव पार्ला भनेर मैले मायाको रङ्गमन्च तय गरेको अवश्य होइन । म तिमीलाई प्रेम गर्छु कसरी भनौं ? त्यो त मेरो एकोहोरो हेराई मात्र रहेछ ।

म त एक गन्तव्यहिन यात्री हुँ जुनसुकै बेला जहाँ पनि लड्न सक्छु तर तिमीले धेरै सोच विचार गर्नु । हुनसक्छ तिमीले मलाई गरिब र निर्धो मानेर लत्याएकी हौली । मलाई केही गुनासो छैन । तिमीलाई थाहा होला- दुःखीहरू दुःखलाई नै आफ्नो सहारा मान्छन् । म पनि त्यही सोच्दैछु ।

जब तिमीसँग माया लाएँ म त्यो मायाको वर्णन नै गर्न सक्दिनथें । तिमीले दिएको खुसीलाई गजल, कविता, गीत अनि रगतको थोपासँगै समेटेर एकान्तमा गुनगुनाउने ओठ आज अचानक बन्द भएका छन् । सप्तरङ्गी फूलसँगै हर्षित हुने यी नजर चारै तिरको सन्नाटा नियाल्न व्यस्त छन् । लाखौं लाख शुभकामना छ तिमीलाई मेरो मनमा बास नलिए पनि । मेरो घायल पाटोलाई साथ नदिए पनि, उठ्न नसक्दा हात नदिए पनि ।

मेरो भन्नु यति मात्र हो- म बिना तिम्रो भविश्य उज्वल हुन्छ भने म एक पटक होइन हजार पटक मर्न तयार छु । तिमीलाई कुनै कुरा बाट अवरोध पुऱ्याउने छैन । तिमी लाई हेर्न हतारिने मेरा आँखाहरू एसीडले जलाउनेछु । तर तिमी कोही कसैको अंगालोमा बेरिएर मिठो निन्द्रा निदाएकी हेर्न सक्दिन किनभने यो संसारमा सबैले गर्ने मायाभन्दा मैले तिमीलाई दिन चाहेको माया धेरै भिन्न छ । अझै पनि केही बितेको छैन ।

मेरो दुःखमा रुने सुःखमा हास्ने म लड्डो हुँदा वैशाखी बन्ने तिमी मात्र हौं भन्ने लागेर माया गर्न पुगे तर आज मन थामिएको छैन । मायामा जित मात्र होइन हार पनि जित सरह हुन्छ भनेर मन् समाल्नेहरू मध्ये म पनि हुनु पर्ने हो तर असम्भव म तिमी बिना के हुन्छु कस्तो हुन्छ त्यो त समयले बताउला तिम्रो स्वच्छ नजरले पनि म भित्रको परिवेश नियाल्न सक्दैन् भने अब मेरो भन्नु केही छैन । तिमी जहाँ जसरी जोसँग रमाए पनि रमाउ मेरो सबैभन्दा नजिक पहिले पनि आँसु नै थियो अहिले पनि छ र भोलि पनि हुनेछ जबसम्म मेरो प्राण रहनेछ त्यही अवस्थासम्म मेरो प्रिय आँसुनै हो । मेरो प्राण पखेरु उडेर जाँदा पनि आँसुसँगै रहनेछ, अरू कोही हुने छैन ।

**राम**

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

नाम : ..............................................................................

उमेर : ...................................... उचाइ : ......................................

पेसा : ...................................... शिक्षा : ......................................

स्वभाव : ...................................... वैवाहिक स्थिति : ......................

अभिरुचि : ......................................वर्ण : ......................................

इमेल : ..............................................................................

ठेगाना : ..............................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..............................................................................

..............................................................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## ● साथी ●



दीपजंगका नामले पनि चिनिने तिर्थराज जोशी १८ वर्षको भए । व्यवस्थापन विषय लिएर प्लस टु अध्ययन गरिरहेका तीर्थ नम्र स्वभावका छन् । उनी ५ फिट ४ इन्च अग्ला छन् । गहुँगोरो वर्णका तीर्थराज नयाँ साथी बनाउने एवं नयाँ ठाउँमा घुम्ने इच्छा राख्छन् । मिलनसार एवं दुःख-सुखमा साथ दिने साथीको खोजीमा रहेका तिर्थलाई tirthjoshi@yahoo.com मा वा सेठिगाउँ उच्च माध्यमिक विद्यालय ककरपाखो, गोकुलेश्वर बैतडीमा पत्राचार गर्न सकिन्छ ।




काठमाडौं, बौद्धका स्थायी बासिन्दा मनीष राई २० वर्षका भए । प्लस टु सकेर नयाँ कलेज खोजिरहेका मनीष रमाइलो स्वभावका छन् । उनको उचाइ ५ फिट ३ इन्च छ । मनीष संगीत एवं चलचित्रमा रुचि राख्छन् । गहुँगोरो वर्णका मनीषलाई पत्रमित्रतालाई निरन्तरता दिने साथीहरूको साथ चाहिएको छ । उनलाई mnshrai86@gmail.com मा पत्राचार गर्न सकिन्छ ।



२४ वर्षीय प्रमोद महर्जन ५ फिट ६ इन्च अग्ला छन् । प्रमोद बीएड तेस्रो वर्षमा अध्ययनरत छन् । लजालु तर सहयोगी भावनाका प्रमोद एकान्तमा रमाउन सक्छन् । स्वीमिङ एवं पेन्टिङमा रुचि भएका प्रमोद मन मिल्ने, सहयोगी एवं मित्रताको अर्थलाई बुझ्ने क्षमता भएका साथीको खोजीमा छन् । प्रमोदलाई तीनथाना गाविस वार्ड नम्बर-१, तिकरेटोल काठमाडौं वा superstar_pramod@yahoo.com मा पत्राचार गर्न सकिन्छ ।



अंग्रेजी विषय लिएर बी.एड. अध्ययन गरिरहेका टेकबहादुर कठायत १८ वर्षका भए । शान्त प्रकृतिका टेकबहादुर अविवाहित हुन् । सेवामूलक जागिरमा रुचि भएका टेकबहादुर गहुँगोरो वर्णका छन् । गरिब भएँ भनेर चिन्ता गर्नुभन्दा पौरख गरेर गरिबी निवारण गर्नुपर्छ भन्ने टेकबहादुर सबैसँग मिल्ने एवं पत्राचारलाई निरन्तरता दिने साथीहरूको खोजीमा छन् । उनलाई श्री जनज्योति बहुमुखी क्याम्पस, कञ्चनपुर-२ मा पत्राचार गर्न सकिन्छ ।



रातो वर्णका निश्चल रोका २३ वर्षको भए । पेसाले सैनिक निश्चलको मन साह्रै कोमल छ । उनी मिलनसार स्वभावका छन् । धेरै जना मित्र बनाउने उद्देश्य लिएका निश्चल रोकाको शिक्षा प्रवेशिका उत्तीर्ण हो । हालसम्म अविवाहित निश्चललाई जात-धर्ममा विभेद नगर्ने साथी चाहिएको छ । उनलाई श्री गरुड दल गण तानसेन पाल्पा वा roka_nischal@yahoo.com मा पत्राचार गर्न सकिन्छ ।



बी.ए. प्रथम वर्षमा अध्ययनरत धरमप्रकाश गिरी २० वर्षका भए । शान्त एवं मिलनसार स्वभावका धरमप्रकाश अविवाहित हुन् । नयाँ साथीको खोजी गर्नु नै आफ्नो रुचि भएको बताउने धरमप्रकाश असल साथीको साथबाटै जीवन माथि पुग्ने विश्वास गर्छन् । गिरी घुमफिरमा रुचि भएका, अरूको जीवनलाई सकारात्मक प्रभाव पार्ने स्वभावका व्यक्तिहरूलाई पत्र पठाउन आग्रह गर्छन् । धरमप्रकाशलाई giri_dharama96@yahoo.com मा पत्राचार गर्न सकिन्छ ।

# तपाई एक्लै हुँदा के सोच्नुहुन्छ ?

### ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. राजनीति राम्रो कि समाजसेवा ? किन ?
२. तपाईंले पछिल्लो पटक कहिले झूटो बोल्नुभयो ?
३. साप्ताहिकको ब्लो-अप तपाईंलाई कस्तो लाग्छ ? किन ?
४. के तपाईंलाई नेपालमा राजतन्त्र फर्किन्छ जस्तो लाग्छ ?
५. नेपालबाट रूढिवाद र अन्धपरम्पराको अन्त्य किन नभएको होला ?
६. मानिस मरेपछि कहाँ जान्छ (पुग्छ) ?
७. नेपालीहरू विदेश जान किन मरिहत्ते गर्छन् ?
८. पेट भर्ने समस्या नभएको भए के हुन्थ्यो ?
९. परस्त्री सम्बन्ध किन हुन्छ ?
१०. परपुरुष सम्बन्ध किन हुन्छ ?

आहा ! यो बेला अँगालोमा राम्रा राम्रा तरुनी हुन्, स्वर्ग नै पुगिन्थ्यो तर सोचेर मात्र के गर्ने ? साथमा कोही छैन, कुमारै मरिन्छ जस्तो छ सम्पादकज्यू।

**वैद्यनाथ कोइराला**

अतीत, वर्तमान अनि भविष्यका बारेमा सोच्छु।

**कलाप्रेमी, मौलधन राई**

अँ सोचिन्छ केटीका बारेमा। धत ! म पनि कस्तो वेबकुफ ? एक्लै हुँदा सोच्ने कुरा पनि अरूसँग सेयर गर्नुहुन्छ त ?

**प्रकाश श्रेष्ठ** (२५), **सिन्धुली**

के सोच्नु ? साप्ताहिकको मध्यपृष्ठमा आगामी साता कुन मोरीको तस्बिर छापिने हो भनेर सोच्छु नि !

**काफ्ले केशव, धनकुटा**

म एकान्तमा बसेर सोच्छु, म जे सोच्छु, चाहन्छु, भन्छु त्यो पूरा होस् भनेर विचार गर्छु।

**भुवन थापा**

समयअनुसार सोच्ने हो, राम्रो साथी बनाउने, राम्रो भविष्य बनाउने इत्यादि कुरा सोचिन्छ।

**महेशप्रसाद अवस्थी** (१९)

म त कमिलाले टोक्छ कि, मुसाले कुल्चिन्छ कि भनेर सोच्छु अनि भगवान्को नाम जपेर बस्छु।

**जयप्रसाद धमला**

जे सोचे पनि तपाईंलाई किन सुनाउने ?

**टीकाराम अर्याल**

धोकेबाज निष्ठुरीसँग बिताएका पलहरू सम्झन्छु।

**नवोदित** (१९), **मकवानपुर**

कस्ती मोटीलाई मन पराएछु भन्ने कुरा सोच्छु।

**किसान रुचाल**

जीवन अनि मृत्यु तथा बाटोमा हिंड्ने बटुवाहरूका बारेमा सोच्छु। त्यसपछि साथीहरूसँग रमाइलो गरेको क्षण, त्यति मात्र कहाँ हो र ? सपनीमा आइरहने परीका बारेमा सोचिन्छ।

**सुवोध नितिन, गोलबजार**

मेरो देश अनि मेरी उनीलाई सम्झन्छु।

**केशव**

शान्ति क्षेत्र देश नेपाल किन युद्धभूमिमा परिणत भैरहेको छ ? मानिसहरू शान्तिलाई लात हानेर किन अशान्ति चाहिरहेका छन् ?

**वसन्त खत्री**

## ● यौन जिज्ञासा र समाधान ●



डा. राजेन्द्र भद्रा

**प्रश्न : म २२ वर्षीया विवाहित महिला हुँ। मेरो विवाह भएको छ महिना भयो। विवाहअघिदेखि नै सेतो पानी बग्ने समस्या थियो। बढी चिसो, भोकै बस्दा र गर्मी भएका बेला बढी सेतो पानी जान्छ। अरू समयमा अलि-अलि आउँछ। कहिलेकाहीं योनि चिलाउँदा दहीजस्तो सेतो पानी आउँछ, तर गनाउँदैन। मैले सेतो पानीको परीक्षण पनि गराएँ। योनिमा संक्रमण रहेछ र मलाई औषधी दिइयो। औषधी खाइन्जेल ठीक हुन्छ, पछि जस्ताको तस्तै हुन्छ। यौनसम्पर्कका बेला सेतो पदार्थ श्रीमान्को लिंगभरि लाग्छ। हिजोआज यौनसम्पर्क गर्दा श्रीमान्ले लिंग पोल्छ भन्नुहुन्छ। यौनसम्पर्कका बेला यौनरस आउनुको सट्टा सेतो पानी आउँछ। यो सेतो पानी किन आएको होला ? श्रीमान्को लिंग किन पोलेको होला ? यो कुनै यौन रोग हो कि पाठेघरको समस्या ? यसले गर्दा भविष्यमा सन्तान नहुने पो हो कि ? यसको उपचारको लागि के गर्नपर्ला र कुन औषधी सेवन गर्नुपर्ला ?**

**बी.**

**उत्तर : सेतो पानी किन बगेको होला ?**

योनिबाट सेतो पानीजस्तो पदार्थ बग्नुलाई योनिश्राव भनिन्छ। हाम्रो सामान्य शरीरक्रियासँग सम्बन्धित प्रक्रियाले हुने योनिश्राव स्वाभाविक हुन्। यस्तो स्वाभाविक योनिश्राव महिनावारी हुने बेलामा वा यौन उत्तेजना भएको बेलामा हुन्छ। पाठेघरको मुखबाट हुने श्राव यस्तै महिनावारी भएको एक सातापछि सुरु भएर डिम्ब निष्कासनको बेलासम्म रहन्छ। यस्ता स्वाभाविक किसिमको योनिश्रावका लागि कुनै किसिमको उपचारको आवश्यकता पर्दैन। यीबाहेक, प्रजनन अङ्गका संक्रमणहरू, जसमा यौनरोग पनि पर्छ, अस्वाभाविक योनिश्राव हुने प्रमुख कारण हुन्। सामान्य रूपमा योनिबाट आउने श्रावभन्दा धेरै बढी मात्रामा गन्हाउने किसिमको वा मैलो किसिमको योनिश्राव हुन थालेमा त्यसलाई अस्वाभाविक योनिश्राव भनेर बुझ्नुपर्छ। यौनरोग भन्नाले यौनसम्पर्कको माध्यमबाट सर्ने रोगहरूलाई बुझाउँछ। तपाईंले परिक्षण गराउँदा संक्रमण भएको कुरा गर्नुभएकाले के-कस्ता संक्रमणमा अस्वाभाविक योनिश्राव हुन्छ भन्ने कुरामा चर्चा गरौं।

**प्रजनन अंगका संक्रमणहरू**

प्रायःजसो प्रजनन अङ्गका संक्रमणमा चिलाउने हुन सक्छ, तर तपाईंले त्यसबारे उल्लेख गर्नुभएको छैन।

**लिम्फोग्रालुनोमा भेनेरम** : यो क्लामाइडिया ट्राकोमाटिसले गराउने एक किसिमको यौनरोग हो र यसमा पीपजस्तो गन्हाउने योनिश्राव हुन्छ र भगक्षेत्रमा नदुख्ने किसिमको घाउ देखा पर्छ।

**ब्याक्टेरियल भ्याजिनोसिस** : स्वाभाविक रूपमा नै योनिमार्गमा हुने गार्डनेरेला भनिने जीवाणु अत्यधिक रुपमा बढ्न गई हुने यो माछाजस्तो गन्हाउने हुन्छ, जुन यौन सम्पर्कपछि वा महिनावारीपछि अझै स्पष्ट रूपमा हुन्छ।

**पाठेघरको मुखको इरोजन** : पाठेघरको मुखमा हुने स्क्वामस कोषभन्दा फरक किसिमको श्लेम बनाउने कोलुमनार कोष बढ्दा बढी योनि श्राव हुनसक्छ।

**भ्याजिनल एडेनोसिस** : योनिको भित्तामा हुने स्क्वामस कोषको सट्टामा श्लेम बनाउने कोलुमनार कोष बढ्दा श्लेष्म किसिमको योनिश्राव बढी मात्रमा हुनजान्छ।

**बाह्य वस्तु** : कुनै बाह्य वस्तु योनिमा रहन गएको स्थितिमा पनि वढी योनिश्राव हुनसक्छ।

**प्रजनन मार्गका टचुमर** : प्रजननमार्गको तल्लो भागमा कुनै टचुमर भएमा सेतो तथा क्रिमजस्तो योनि श्राव हुन सक्छ, तर त्यसको कुनै खास गन्ध भने हुँदैन, तर टचुमरको जीवाणुबाट संक्रमण भएको स्थितिमा भने गन्हाउने तथा पहेंलो वा हरियो किसिमको श्राव हुनसक्छ।

कटि प्रदेशका अङ्गमा कन्जेसन : लामो समयसम्म अस्वस्थ हुँदा, धेरै तनावयुक्त स्थितिमा, धेरै गर्मी मौसम अनि लामो समयसम्म शारीरिक रूपमा निक्रिय हुँदा पनि योनिश्राव बढी हुनसक्छ। यस्तो बेलामा विशेष गरेर बाक्लो, सेतो तथा च्यापच्यापे योनिश्राव हुन्छ।

**मध्यम संक्रमण** : प्रजनन मार्गको तल्लो भागमा कुनै घाउ, स-साना चोटपटक, पोलेको वा टचुमरको मध्यम संक्रमण भएमा पनि योनि श्राव बढी हुनसक्छ। यस्तो संक्रमण हुँदा चिलाउने हुनसक्छ।

विशेष गरेर सेतो पानी बग्नुका साथै चिलाउने प्रकारको संक्रमणको कुरा गर्दा ट्राइकोमोनास, क्यन्डिडियासिस तथा गोनोरियाजस्ता संक्रमणहरू प्रमुख हुन आउँछन्।

**ट्राइकोमोनियासिस** : ट्राइकोमोनास भ्याजिनालिसको संक्रमणबाट हुने यसमा चिलाउने नै प्रमुख लक्षण हुन्छ। बाक्लो योनिश्राव हुन्छ र हरियो, पहेंलो वा क्रिम किसिमको हुन सक्छ र फिंजजस्तो हुन्छ। योनि तथा भग क्षेत्रमा दुख्न सक्छ र पिसाब फेर्दा पनि श्राव हुनसक्छ। चिलाउने र योनिश्राव महिनावारी सकिनासाथ बढी हुन्छ।

**क्यान्डिडियासिस** : यो क्यान्डिडा एल्विकान्स भनिने एक प्रकारको ढुसीको संक्रमणले हुन्छ। थोरै मात्रामा यो योनिमा हुने भए पनि विशेष गरेर ग्लुकोजको मात्रा बढी भएको तथा योनिमार्ग बढी अम्लीय भएको बेलामा बढी हुन्छ। एकदमै चिलाउँछ। योनिश्राव बाक्लो, सेतो र चीजजस्तो हुन्छ र कतिपयले यसलाई दहीजस्तो पनि भन्छन्। माछाको जस्तो गन्ध आउन सक्छ। योनसम्पर्कमा पनि पीडा हुनसक्छ। महिनावारी भएको बेलामा यसका लक्षण कम हुन्छन्।

**लिंग किन पोलेको होला ?**

यौनसम्पर्कपछि लिङ्ग पोल्ने अन्य कारण पनि छन्, तर यहाँ तपाईंमा भएको संक्रमण नै उहाँलाई पनि भएजस्तो बुझिन्छ। त्यसैले उपाचार गर्दा तपाईंले मात्र औषधी नखाई दुवैले एकैसाथ खानुपर्छ। दुवैले एकैसाथ नखाएको स्थितिमा फेरि एक-अर्काबाट सर्ने भएकाले तपाईंमा यो समस्या औषधी सकिनासाथ बल्झिएको हुनसक्छ।

केही गम्भीर प्रकृतिका संक्रमणले विशेष गरेर पाठेघर तथा त्यस वरिपरिका अङ्गमा खराबी ल्याउने भएकाले प्रजनन क्षमतामै असर पार्न सक्छ। सीमित जानकारीका आधारमा क्यान्डिडियासिस हो भन्ने कुरालाई संकेत गरेको देखिन्छ र यसको ढुसी प्रतिरोधक औषधी योनिमा राखेर सजिलै उपचार गर्न सकिन्छ। यस्ता संक्रमण हुँदा अन्य संक्रमण पनि हुन सक्ने भएकाले प्रजनन क्षमतामा कुनै खराबी हुन नदिन राम्ररी परीक्षण गरेर उपचार गर्न चिकित्सकको सल्लाह लिनु बेस होला।




























# विश्वविजेता इन्टरमिलान

इटालियन क्लब इन्टरमिलानका लागि एक वर्षयताको समय विशेष रह्यो । १ सय २ वर्ष लामो इतिहासमा इन्टरमिलानले पहिलोपल्ट फिफा क्लब विश्वकप फुटबल शनिबार जित्यो । सन् २००० बाट सुरु भएको क्लब विश्वकप फुटबलमा पहिलोपल्ट सहभागी हुने अवसर पाएको इन्टरमिलानले इन्टरकन्टिनेन्टल कप भने १९६४ र १९६५ मा जितेको थियो ।

संयुक्त अरब इमिरेट्सको अबुधाबीमा भएको फाइनलमा कंगोको टीपी माजेम्बेको चुनौती शून्यका विरुद्ध ३ गोलले समाप्त पारेर इन्टरमिलान विश्वविजेता बनेको हो । इन्टरमिलानका लागि सामुएल एटो, गोरान पाण्डेव र जोनाथन बायवियनीले गोल गरे । यो इन्टरमिलानको वर्षको चौथो उपाधि हो । यस्तो उपलब्धि कमै टिमले मात्र प्राप्त गरेका छन् । इन्टरमिलानले यही वर्ष युरोपेली च्याम्पियन्स लिग, इटालीको लिग सिरि 'ए' र इटालियन कप जितेको थियो ।



अहिले रियल म्याड्रिड सम्हालिरहेका पोर्चुगाली प्रशिक्षक जोसे मोउरिन्होको नेतृत्वमा इन्टरमिलानले अघिल्लो तीन उपाधि चुमेको थियो । इन्टरमिलानलाई विश्वविजता भने स्पेनी प्रशिक्षक राफा बेनिटेजले बनाएका हुन् । चोटग्रस्त डच प्लेमेकर वेस्ले स्नोइडरको अनुपस्थितिमै इन्टरमिलान विश्वविजेता भएको हो ।

अन्तर्राष्ट्रिय अफिसियल प्रतियोगिता इन्टरमिलानले जितेको यो नवौं अवसर हो । यसअघि इन्टरमिलानले युईएफए कप तीन, इन्टरकन्टिनेन्टल कप र युरोपियन कप दुई-दुई तथा युईएफए च्याम्पियन्स लिग र यईएफए सुपर कप एक-एकपल्ट जितेको थियो । अठारपल्टको सिरी 'ए विजेता इन्टरमिलानले ११ नकआउट उपाधि कब्जा गरेको छ । इटालियन लिगमा अहिले इन्टरमिलानले खराब नतिजा बेहोरिरहेको छ । लगातार सातपल्ट लिग जित्ने लक्ष्यमा इन्टरमिलानलाई क्लब विश्वकपको सफलताले उत्साह थप्ने अपेक्षा गरिएको छ ।

### अहिलेसम्मका विजेताहरू

| वर्ष | क्लब |
|---|---|
| सन् २००० | कोरिन्थियन्स, ब्राजिल |
| सन् २००५ | साओपाउलो, ब्राजिल |
| सन् २००६ | इन्टरनेशनल, ब्राजिल |
| सन् २००७ | एसी मिलान, इटाली |
| सन् २००८ | म्या.युनाइटेड, इङ्ल्यान्ड |
| सन् २००९ | बार्सिलोना, स्पेन |
| सन् २०१० | इन्टरमिलान, इटाली |

क्लब विश्वकपमा ६ महादेशका विजेता र एक आयोजकले खेल्ने मौका पाउँछ । यसपल्ट युरोपबाट इटालीको इन्टरमिलान, अफ्रिकाबाट कंगाको माजेम्बे, दक्षिण अमेरिकाबाट ब्राजिलको इन्टरनेसनल, एसियाबाट दक्षिण कोरियाली सियोङनम इहता, ओसियनाबाट न्यूजिल्यान्डको हेकरी युनाइटेड र उत्तर तथा मध्य अमेरिकाबाट मेक्सिकोका पाचुकाले मौका पाएका थिए भने युनाइटेड अरब इमिरेट्सको अल-वाहडा आयोजक थियो ।

सेमिफाइनलमा इन्टरमिलानले सियोङनमलाई शून्यका विरुद्ध ३ गोलले र माजेम्बेले इन्टरनेशनललाई २-० ले हराएका थियो । विगतमा सधैं दक्षिण अमेरिकी र युरोपेली च्याम्पियन फाइनलमा भिड्थे । त्यो क्रम यसपल्ट माजेम्बेले तोड्यो । सियोङनमलाई २ का विरुद्ध ४ गोलले पराजित गर्दै इन्टरनेसनल तेस्रो भयो । इन्टरमिलानका क्यामरुनी फरवार्ड एटोले गोल्डेन बल हात पारे ।

**राजु घिसिङ**



## बुद्धिचालको उपाधि उत्तमलाई

बुटवल– बुटवलमा आयोजित राष्ट्रिय स्तरको लर्ड बुद्ध कप बुद्धिचाल प्रतियोगिताको उपाधि क्यान्डिडेट मास्टर तनहुाका उत्तमराज थापाले जितेका छन् । रूपन्देही जिल्ला बुद्धिचाल संघको आयोजनामा बुटवल जितगढीमा सम्पन्न प्रतियोगितामा उत्तमले १० चरणमा ८ अंक बटुले । समान ८ अंक जोडेका फिडेमास्टर मनिष हमाल टस हार्दै दोस्रो भए । प्रोगेसिभ, कटप्रोगेसिभलगायत सबै टाइब्रेकिङ रुलमा मनीष र उत्तमको बराबरी भएपछि अन्त्यमा टस गरिएको हो । ब्वाइज युनियन क्लबका राजन पुरी ७ दशमलव ५ अंक हासिल गरी तेस्रो स्थान हासिल गर्न सफल भए । १५ वर्षमुनिका नेपाल च्याम्पियन रुपेश जैसवाल ७ अंकका साथ चौथो स्थानमा रहे । झापाका प्रकाश नेपाल, राजु सुवेदी तथा ध्रुवतारा स्पोर्टिङ क्लबका नीरज निरौला ६ दशमलव ५ अंक जोड्दै क्रमशः पाँचौं, छैटौं र सातौं स्थानमा रहे ।

बाग्लुङका केशवप्रसाद गौतम, कैलालीका दीर्घराज जोशी तथा कान्तिपुर क्लबका दीपक महर्जन ६ अंक हासिल गर्दै क्रमशः आठौं, नवौं तथा दसौं स्थानमा रहे । अनरेटेडतर्फ बुटवलका विसनमान थैव पहिलो र नवलपरासीका पिटर राना दोस्रो स्थानमा रहे । १२०० देखि १७९९ सम्म रेटिङ समूहमा रुपन्देहीका विजय गुरुङ तथा १८०० देखि १९९९ सम्म ललितपुरका हेराकाजी महर्जन उत्कृष्ट रहे ।

उत्तमले नवौं चरणमा राजु सुवेदी तथा दशौंमा दिर्घराजलाई पराजित गरे भने मनीषले दिपक र केशव गौतमलाई हराए । त्यस्तै राजन पुरीले नवौं चरणमा नीरज निरौलालाई पराजित गरेर दसौं चरणमा प्रकाशसँग बराबरीमा रोकिए । रुपेशले दसौं चरणमा दीपक महर्जनलाई पराजित गरे ।

फिडेको स्विस लिगअनुसार १० चरणसम्म सञ्चालित प्रतियोगिताबाट रूपन्देही जिल्लामा ९ जना नयाँ रेटेड खेलाडी उत्पादन भएका छन् । काठमाडौं उपत्यकाबाहिर चौथो पटक भएको रेटिङ प्रतियोगितालाई आगामी वर्ष पनि आयोजना गरिने रुपन्देही जिल्ला बुद्धिचाल संघका अध्यक्ष महेन्द्रकुमार राजभण्डारीले बताए ।

**टोपराज शर्मा**

**मैदान बाहिर**



## हिगिन्सले विवाह गरिन्

स्वीजरल्यान्डकी पूर्वटेनिस खेलाडी मार्टिना हिगिन्सले फ्रान्सका शो जम्पर थिबोल्ट हुटिनसँग पेरिसमा विवाह गरेकी छिन् । ३० वर्षीया हिगिन्स र २४ वर्षीय हुटिनले परिवारको उपस्थितिमा विवाह गरेका हुन् ।

स्वीजरल्यान्डबाट प्रकाशित हुने सेलिब्रेटी म्यागजिनलाई अन्तर्वार्ता दिँदै हिगिन्सले भनिन्- हामीले विवाहको योजना बनाएको लामो समय भैसकेको थियो । हाम्रो योजनाअनुसार आगामी वर्ष विवाह गर्ने कार्यक्रम थियो, तर हामीले यही वर्ष विवाह गर्‍यौं । हाम्रो विवाहको कुरा सार्वजनिक नगरेका कारण धेरैलाई रोमाञ्चक लाग्नेछ । उक्त पत्रिकाले हिगिन्सको विवाहको तस्बिरसहित समाचार प्रकाशित गरेको थियो ।

पाँचवटा ग्रान्डस्ल्याम प्रतियोगिता जितेकी हिगिन्सले सन् २००७ देखि टेनिस खेलबाट संन्यास लिएकी थिइन् । विम्बल्डन प्रतियोगिता खेल्ने क्रममा उनले कोकिन सेवन गरेको प्रमाणित भएपछि उनलाई दुई वर्ष खेल्नमा प्रतिवन्ध लगाइएको थियो । उनीमाथिको प्रतिबन्ध गत महिना सकिएको छ ।

## उडकी श्रीमतीले प्रेमी पाइन

टाइगर उडले नयाँ प्रेमिका पाएको समाचार सार्वजनिक भएलगत्तै उडकी पूर्वश्रीमती एलिन नोड्रोग्रेनले पनि प्रेमी पाएको समाचार सार्वजनिक भएको छ । उडसँग कानुनी रूपमा पारपाचुके गरेकी एलिनले आफ्ना शिशुहरूको स्याहारमा समय खर्चिने बताउँदै आएकी थिईन् । स्वीडेनको मोडल ३० वर्षीय एलिनले फ्लोरिडामा बसोबास गर्दा भेट भएका दक्षिण अफ्रिकाका एक विद्यार्थीसँग आफ्नो सामीप्यता बढाउदै गएकी छिन् । उनीहरूले विभिन्न स्थान र समयमा आफ्नो प्रेम दर्शाउन चुम्बन पनि गर्ने गरेको निकटहरूले बताएका छन् ।



## वार्न र लिजबीच प्रेम

अस्ट्रेलियाका पूर्वक्रिकेटर शेन वार्नसँग सामीप्यता बढ्दै गएपछि ब्रिटिस मोडेल लिज हर्ली करोडपति श्रीमान् अरुण नायरसँग अलग बस्न थालेकी छिन् । लिजले यो वर्षको क्रिसमस वार्नसँग अष्ट्रेलियामा मनाउने योजना बनाएकी छिन् । हालका टेलिभिजनका प्रस्तोता वार्नलाई बेलायतीबीच ग्ल्यामरस छवि भएकी र क्रिकेटको विषयमा जानकार महिला प्रस्तोता चाहिएको थियो, जसमा लिज उपयुक्त हुने देखिन्छिन् । लिजले वार्नसँग टेलिभिजन कार्यक्रम समेत प्रस्तुत गर्ने छिन् ।



लिज हाल म्याकग्राथ फाउन्डेसनसँग आबद्ध छिन् । ग्लेन म्याकग्राथकी श्रीमती जेनीको स्तन क्यान्सरवाट मृत्यु भएपछि यो फाउन्डेसनले स्तन क्यान्सरको विषयमा जनचेतना जगाउनुका साथै अनुसन्धानलाई आर्थिक सहयोगसमेत गर्दै आएको छ । यो फाउन्डेसनलाई सहयोग गर्न लिजले पिंक टेस्ट अभियानको प्रचार प्रसार गर्दै आएकी छिन् । यसबीच वार्नले पनि आफू श्रीमतीसँग अलग भएको कुरा आफ्नो वेबसाइटमार्फत् सार्वजनिक गरेका छन्- 'हामी सँगै बस्न नसकेका कारण अलग भएका हौं तर हामी साथीका रूपमा भने रहिरहनेछौं ।'



## अध्यक्षले माफी मागे

फिफाका अध्यक्ष सेप ब्लाटरले आफ्नो भनाइले समलिंगीहरूलाई ठेस पुगेको भए त्यसका लागि माफी चाहन्छु भनेका छन् । अध्यक्ष ब्लाटरले सन् २०२२ मा कतारले आयोजना गर्ने विश्वकपमा समलिंगीहरूले यौन क्रियाकलाप गर्न नपाउने हुनाले उनीहरूले विश्वकप रंगशालामा गएर हेर्न नमिल्ने बताएका थिए । ब्लाटरको यो भनाइ सार्वजनिक भएपछि समलिंगीहरूले विरोध गरेपछि हालै आबुधावीले आयोजना गरेको क्लब वर्ल्डकपमा आउने क्रममा ब्लाटरले सञ्चारमाध्यममार्फत् आफ्नो कुरालाई स्पष्ट पारेका छन् । ब्लाटरले कतार मुस्लिम राष्ट्र भएका कारण त्यहाँ समलिंगी गतिविधिलाई कानुनले अपराध मान्ने हुनाले समलिंगीहरूलाई कतारमा आयोजना हुने विश्वकप यौनको दृष्टिकोणले सुखद नहुने कुरा आफुले भन्न चाहेको बताए । आफ्नो कुरालाई कसैले गलत ढंगले बुझेर चित्त दुखाएका छन् भने आफू त्यो कुराका लागि माफी माग्न तयार रहेको ब्लाटरले बताए ।

ब्लाटरको भनाइलाई समलिंगी अधिकार संस्थाको युरोप शाखाले बढी विरोध गरेको थियो । युरोप शाखाका प्रवक्ता जुरिस लाभ्रिकोभ्सका अनुसार समलिंगी यौन व्यवहार मानवअधिकारको सामान्य अधिकारभित्र रहेको छ । विश्वकै ठूलो प्रतियोगिता आयोजना गर्न लागेको कतारलगायत ७० देशले समलिंगी यौन व्यवहारलाई अझै पनि अपराधका रूपमा हेर्ने र कतिपय राष्ट्रले मृत्युदण्डसमेत दिने गरेका छन् ।



# नेपाली क्रिकेटको घरेलु ढाँचा फराकिलो

● शरदप्रकाश धिताल

काठमाडौं- नेपाली क्रिकेटको घरेलु ढाँचा अझ फराकिलो भएको छ। ढाँचासँगै फेरिएका छन्, लामो समय देखिका प्रशिक्षक रोयलुक डायस पनि। क्षेत्रीय अवधारणामा गएको करिब १० वर्षपछि नेपाली क्रिकेटले आफूलाई संरचनागत ढंगले थप परिवर्तन गरेको हो। अघिल्लो साता बसेको नेपाल क्रिकेट संघ(क्यान)को बोर्ड बैठकले क्षेत्रीय क्रिकेट विकास समितिको संख्या छ बाट आठ पुऱ्याएको छ। त्यस्तै, करिब १० वर्ष नेपाली टिम सम्हालेका श्रीलंकाली प्रशिक्षक रोय डायसलाई पनि बिदा दिने निर्णय गरेको छ।

पहिलो पल्ट वि.सं. २०५८ मा नेपाली क्रिकेट जिल्लाबाट क्षेत्रिय अवधारणामा जाँदै पाँच क्षेत्रीय टिम तयार गरिएको थियो। तीन वर्षपछि २०६१ सालमा क्षेत्र नम्बर ५ लाई टुक्रयाएर बैतडी थपेपछि क्षेत्रीय टिम ६ पुगेका थिए। क्यानले अब जनकपुर र पोखरालाई नयाँ क्षेत्रका रूपमा मान्यता दिएपछि क्षेत्रको संख्या आठ भएको हो। त्यस्तै, लामो समयको अन्यौलपछि सशस्त्र प्रहरीको एपीएफ तथा नेपाल प्रहरीले पनि क्षेत्रसरह मान्यता पाएका छन्। दुई विभागीय टोली थपी लगत्तै अब राष्ट्रिय प्रतियोगितामा १० टिमको सहभागिता रहनेछ।

छुट्टै क्षेत्रको मान्यता पाउनुअघि जनकपुर वीरगन्ज तथा पोखरा भैरहवाअन्तर्गत थिए। क्षेत्र नम्बर-२, वीरगन्जलाई टुक्र्याउँदै क्षेत्र नम्बर-७, जनकपुर र क्षेत्र नम्बर-४, भैरहवालाई विभाजन गर्दै क्षेत्र नम्बर-८ पोखरा बनाइएको हो। नयाँ क्षेत्र गठनसँगै नेपालका पूर्वकप्तान उत्तम कर्माचार्यले क्षेत्र नम्बर-७ र वीरेन्द्रसिंह गुरुङले क्षेत्र नम्बर-८ को प्रमुखको जिम्मेवारी पाएका छन्। राष्ट्रिय टिमका पूर्वकप्तान पवनकुमार अग्रवाल क्षेत्र नम्बर-२ बारा प्रमुखमा नियुक्त भएका छन्। पुलिसले पूर्वकप्तान विनोद दास र मञ्जित श्रेष्ठलाई अनुबन्ध गरिसकेको छ भने एपीएफले राष्ट्रिय टिमका अधिकांश खेलाडीलाई लिने निर्णय गरेको छ।

'नयाँ टिम थपिएपछि अब नयाँ खेलाडीले अवसर पाउने छन्' क्रिकेटसंघका अध्यक्ष विनयराज पाण्डेले भने। उनले विभागीय टोलीको आगमनले नेपाली क्रिकेट थप व्यावसायिक बन्ने र क्लब क्रिकेटको अवधारणालाई अघि बढाउन सजिलो हुने बताए।

### क्षेत्रगत विभाजन

**क्षेन नम्बर र त्यसअन्तर्गतका जिल्ला**

क्षेत्रनं १ विराटनगर- मोरङ, सुनसरी, सप्तरी, झापा तथा उदयपुर
क्षेत्र नं २, बीरगञ्ज- बारा, पर्सा, रौतहट तथा मकवानपुर
क्षेत्र नं ३ काठमाडौं- ललितपुर, काठमाडौं, नुवाकोट, भक्तपुर तथा त्रिवि टिम
क्षेत्र नं ४ भैरहवा- रूपन्देही, कपिलवस्तु, नवलपरासी तथा पाल्पा
क्षेत्र नं ५ नेपालगञ्ज- बाँके, बर्दिया, दाङ तथा सुर्खेत
क्षेत्र नं ६ बैतडी- बैतडी, कैलाली, कञ्चनपुर, डोटी, डडेल्धुरा तथा दार्चुला
क्षेत्र न. ७ जनकपुर- सिराहा, धनुषा, महोत्तरी तथा सर्लाही
क्षेत्र न. ८ पोखरा- कास्की, तनहुँ, स्याङ्जा तथा चितवन

### क्यालेन्डरमा के छ ?

नेपालले अवको एक वर्ष भित्रमा आफुले सञ्चालन गर्ने तथा नेपाली टिमले सहभागिता जनाउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताको क्यालेन्डर सार्वजनिक गरेको छ। क्यानको २०६७/६८ सालको क्यालेन्डरअनुसार पुसमा वाईवाई यू-१९ महिला राष्ट्रिय प्रतियोगिता तथा धनगढीमा हुने राष्ट्रिय खेलकुदको अवसरमा चैतमा महिला तथा पुरुषको राष्ट्रिय प्रतियोगिता हुनेछ।

त्यस्तै, माघमा काठमाडौंमा राष्ट्रिय २०-ट्वान्टी क्रिकेट हुनेछ। राष्ट्रिय प्रतियोगितामा थप दुईसहित ८ क्षेत्रीय र २ विभागीय टिमले भाग लिनेछन्। अन्तरविद्यालय छात्र तथा छात्रा प्रतियोगिताको मिति तय गरिएको छैन। यो वर्ष नेपालले पाँच अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्नेछ।

#### डायसको बिदाइ

लामो समयदेखि नेपाली टिमलाई प्रशिक्षण दिइरहेका श्रीलकाली प्रशिक्षक रोय लुक डायसले अब बिदा पाउने छन्। उनी डिसेम्वर सम्म मात्र नेपाली प्रशिक्षकका रूपमा रहने छन्। क्यान बोर्ड बैठकले डायसको अवधि नथप्ने निर्णयसँगै नेपाली टोलिको प्रशिक्षकका रुपमा एसियाड डायसका अन्तिम खेल हुनेछ। क्यानले आफ्नो निर्णय डायसलाई जानकारी दिइसकेको छ।

सन् २००१ मा नेपाली टिम सम्हालेका डायसको प्रशिक्षणमा नेपाली क्रिकेटले धेरै सफलता हात पारेको छ। घरेलु भूमिमा सम्पन्न आईसीसी विश्व क्रिकेट लिग डिभिजन-५ को जित नेपाली टिमको सर्वाधिक ठूलो उपलब्धी हो। यद्यपि इटालीमा सम्पन्न डिभिजन-४ मा नेपाली टिमको असफलतासँगै उनको पद धरापमा परेको थियो। उनकै प्रशिक्षणमा नेपाली टिम दुई पल्ट एसीसी एलाइटकपको फाइनल पुगेको छ। एसीसी यू-१९ क्रिकेटमा नेपालले सन् २००१, २००३, २००५ र २००७ मा सफलता हात पाऱ्यो भने एकपल्ट आईसीसी यू -१९ प्लेट च्याम्पियन बन्यो। डायसकै नेतृत्वमा नेपाली क्रिकेटले एसीसीको उमेर समूहका सबै प्रतियोगितामा सफलता चाख्यो।

क्यान अध्यक्ष पाण्डेका अनुसार डायस नेपाल फर्कन इच्छुक नभए जगत टमटाले एसियाडमा खेल्ने नेपाली टोली सम्हाल्ने छन्। टमटा फेब्रुअरीमा थाइल्यान्डमा हुने एसीसी यू-१९ एलाइटकपको प्रशिक्षक रहने छन्। एसीसी २०-२० मा भने नेपालले विदेशी प्रशिक्षक ल्याउनसक्छ। 'हामी अन्तर्राष्ट्रिय प्रतियोगिताको केही अघि विदेशी प्रशिक्षक ल्याउने तयारीमा छौं, अव पूर्णकालीन विदेशी प्रशिक्षक रहँदैनन्,' पाण्डेले भने। उनले एसीसी २०-ट्वान्टी प्रतियोगिता नेपालमानै हुने संभावना भएको र त्यसका लागि क्यान भारतीय प्रशिक्षकमा केन्द्रित रहेको बताए।

# बाई-बाई डायस



**हिमेशरत्न बज्राचार्य**

अल-ब्ल्याक्स। अन्तर्राष्ट्रिय क्रिकेटमा न्युजिल्यान्ड टिमलाई बोलाइने यो नाम डायसलाई पनि सुहाउँछ। रोय लुक डायस, श्रीलंकाली क्रिकेटले पाएका केही राम्रा ब्याट्सम्यान मध्ये एक। नेपाली क्रिकेटका लागि भने उनको परिचय राष्ट्रिय क्रिकेट टिमको प्रशिक्षकका रूपमा छ। डायस नेपाली टिम सम्हाल्न काठमाडौं छिरेको हिजो जस्तो लाग्छ।

नौ वर्ष बिते, अन्तर्राष्ट्रिय क्रिकेटमा नेपालले एकपछि अर्को कोशेढुंगा सफलता हात पाऱ्यो। प्रत्येक राम्रोको अन्त्य पनि हुन्छ। डायस लगभग एक दशक नेपाली क्रिकेट सम्हालेर यसै साता श्रीलंका फर्केका छन्। यसअघि पनि उनी आफ्नो घर नफर्किएका होइनन, तर अब उनी नेपाली टिम सम्हाल्न फर्कने छैनन्। नेपाल बसुन्जेल उनलाई टाउको देखि खुट्टासम्म सबैले कालो रंगको पहिरनमै देखे।

अर्थात् अल-ब्ल्याक्स। कालो, उनलाई सर्वाधिक मन पर्ने रंग हो। बिदाइका बेला पनि त्रिभुवन विमालस्थलमा उनी पूरै कालो पहिरनमा देखिए। अझ कालो चश्मा पनि थियो। काठमाडौं छोड्नु अगाडि उनी साह्रै भावुक देखिएका थिए, उनले आँसु पनि लुकाउन सकेनन्।

त्यो आँसुलाई लुकाउने काम त्यही कालो चश्माले गरेको थियो। केही दिन अघि नेपाली पत्रकारले आयोजना गरेको बिदाइ समारोहमा उनी भन्दै थिए, 'निश्चित रूपमा मैले नेपाली क्रिकेटलाई गुमाउने छु यो पीडादायी छ। म नेपाल र नेपाली क्रिकेटलाई असाध्यै माया गर्छु र यो कहिले पनि टुट्ने छैन्।'

उनले नेपाली क्रिकेट गुमाउने अर्थमा भनेका थिए, 'आई विल मिस अल डोज।' तर वास्तविकता के हो भने नेपाली क्रिकेटले उनलाई बढी 'मिस' गर्नेछ। अन्तर्राष्ट्रिय क्रिकेटमा चाख राख्नेका लागि श्रीलंकाले वन डे विश्वकप जितेको राम्रै सम्झना छ। चार वर्षपछि श्रीलंकाले इंग्ल्यान्डमा भएको विश्वकपमा उपाधि रक्षा गर्न जाँदा टिम सम्हाल्ने अरू कोही थिएनन्, यिनै रोय लुक डायस थिए।

केही समय अघि लाइभ प्रशारणमा केही खेल पण्डितहरू श्रीलंकाली क्रिकेटका सम्बन्धमा बहस गरिरहेका थिए। एकले भन्दै थियो, 'श्रीलंकाली क्रिकेटमा देखिएका अहिलेसम्मका सर्वाधिक राम्रा ब्याट्सम्यान महेला जयवर्द्धने हुन्।' उनले यसो के भनेका थिए, बीचमा सुनिल गावस्करले कुरा काटे र भने, 'मलाई माफ गर साथी, सर्वाधिक राम्रा ब्याट्सम्यान रोय लुक डायस हुन्। यसमा विवाद नगरे हुन्छ।'

सन् २००१ मा डायस नेपाल आए। उनको यात्रा सुरु भएको दिन थियो, सेप्टेम्बर ७। उनको पहिलो चुनौती थियो, एसीसी यू-१९। त्यसमा नेपाल विजयी रह्यो र युवा विश्वकपका लागि पनि छनोट भयो। त्यहीबाट सुरु भयो, नेपाली क्रिकेटका सफलताका दिन। न्युजिल्यान्डमा भएको युवा विश्वकपमा नेपालले गजब खेल्यो, टेस्ट खेल्ने देशहरू पाकिस्तान र बंगलादेशलाई हरायो।

त्यसयता डायस, खेलाडी र नेपाली क्रिकेटले पछाडि फर्केर हेरेनन्। अन्तर्राष्ट्रिय क्रिकेटको नक्सामा नेपाल पनि कोरियो। 'श्रीलंका जस्तो टेस्ट खेल्ने टिम सम्हालिरहेको मानिस, नेपाल जाँदा धेरैलाई आश्चर्य लागेको हुन सक्छ, तर मलाई यसमा गुनासो छैन मैले जति पनि समय नेपालमा बिताए, त्यसमा मलाई गर्व छ।' डायस नेपाललाई दोस्रो घर पनि मान्छन्।

आफ्नो नौ वर्षे कार्यकालको विश्लेषण गर्दै डायस भन्छन्, 'विशेषत: उमेर समूहको क्रिकेटमा हामीले राम्रो खेल्यौं। राष्ट्रिय टिमको प्रदर्शन पनि खराब थिएन्, तर हामीले सर्वाधिक महत्त्वपूर्ण केही निश्चित खेल भने गुमायौं, यो अर्थमा हामी भाग्यमानी रहेनौं।' वास्तवमै नेपाल केही सर्वाधिक महत्त्वपूर्ण खेलमा चुकेको थियो, त्यसको ठूलो मूल्य पनि तिर्न बाध्य भयो।

अन्यथा, नेपाल अन्तर्राष्ट्रिय क्रिकेट खेलिरहेको हुन सक्थ्यो। सम्भवत: उनको कार्यकालको विश्लेषणलाई लिएर पछिल्लो समय खुसीको समाचार आयो, एसियाली क्रिकेट काउन्सिलले नेपाललाई टेस्ट नखेल्ने देशबीच शीर्ष वरीयता प्रदान गऱ्यो। यसअघि नेपाल शीर्ष तीन भित्र थियो, तर नम्बर १ मा थिएन्। 'शायद यो नै मेरो उपलब्धिको कसि हो', डायस पनि मान्छन्।

पछिल्लो पल्ट नेपाल क्रिकेट संघले डायससँगको अनुबन्ध नवीकरण नगर्ने निर्णय गऱ्यो। शायद उनी जत्तिको योग्य प्रशिक्षक नेपालले कहिल्यै पनि पाउने छैन तर यसमा पनि उनी सहमत छैनन्। डायस भन्छन्, 'होइन, नेपालमा क्रिकेटको सम्भावना धेरै छ। खेलाडीहरू प्राकृतिक रूपमै प्रतिभाशाली छन्। नेपाली क्रिकेटको भविष्य उज्ज्जल छ। भविष्यमा राम्रो गरोस, मेरो यही शुभकामना छ।'

सन् २०१० डिसेम्बर २०, साँझको समय उनले नेपाल छोडे। विमानस्थलमा पनि उनले नेपाली क्रिकेटका लागि केही राम्रो बोल्न छोडेनन्। 'नेपाल र नेपाली क्रिकेट प्रतिको माया आउने दिन अझ प्रगाढ हुनेछ। नेपालको माया साँचेर म श्रीलंका फर्कदै छुं, नेपाली क्रिकेटलाई मेरो सहयोग कम हुने छैन', उनी भन्दै थिए। डायस वास्तवमै भलाद्मी थिए। बाई डायस। बाई रोय लुक डायस।

